नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

» सोमबार, वैशाख १०, २०७५ » Monday, April 23, 2018 » www.newsofnepal.com » नेसं ११३८ बछलाथ्व ८ » वर्ष २४, अंक १०३ » पृष्ठ १२ » मूल्य रु १०/–

एकतामा आशंका

# एमाले-माओवादी कार्यक्रमस्थलमै लफडा

मधुसूदन रायमाझी, काठमाडौं

नेपालमा कम्युनिस्ट पार्टी स्थापना दिवसकै दिन एकताको प्रक्रियामा रहेका नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच ब्यानरको विषयलाई लिएर विवाद भएको छ।

एमाले र माओवादी केन्द्रद्वारा संयुक्तरूपमा आयोजना गरेको कार्यक्रममा सभागृहमा कार्यकर्ताबीच हात हालाहालको स्थिति पुग्यो। ६९औं कम्युनिस्ट पार्टी स्थापना दिवसको अवसरमा एकता संयोजक समितिले आइतबार १२ बजेका लागि कार्यक्रम आयोजना गरेको थियो। तोकिएकै समयमा हल भरिए पनि एमाले र माओवादीका शीर्ष नेता आइपुगिसकेका थिएनन्। एमालेका केन्द्रीय कार्यालयका सचिव कृष्णगोपाल श्रेष्ठले दुई अध्यक्षबीच वार्ता चालिरहेकाले एक बजेबाट मात्र कार्यक्रम शुरू हुने जानकारी गराए।

सभागृहको मञ्चमा प्रधानमन्त्रीसमेत रहनुभएका एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को ठूलो फोटोसहितको ब्यानर टाँगिएको थियो। ब्यानरको बायाँपट्टि क्रमशः पुष्पलाल, मदन भण्डारी र मनमोहन अधिकारीको सानो फोटो पनि ब्यानरमा समावेश गरिएको थियो। कार्यक्रम निर्धारित समयमा शुरू हुन नसकेपछि माओवादी केन्द्रका कार्यकर्ताले विस्तारै ब्यानरप्रति आपत्ति जनाउने क्रम शुरू भयो। खासखुसरूपमा शुरू भएको ब्यानरको विवाद कार्यक्रम लम्बिँदै जाँदा सतहमा नै आयो। सभाहलभित्र नाराबाजी र होहल्ला हुन लागेपछि मञ्चमा रहेका एमालेका नेताहरू बाहिर निस्किए।

- कम्युनिस्ट पार्टी स्थापनाकै दिन एमाले-माओवादी झगडा
- ब्यानर विवादले चार घण्टापछि कार्यक्रम
- ब्यानर विवादले हलभित्र नाराबाजी
- टाँगिएको ब्यानर हटाएर पुनः सोही ब्यानर

होहल्ला गर्ने क्रम निकै बढेपछि आक्रोशित माओवादीका कार्यकर्तालाई मत्थर पार्न ऊर्जामन्त्रीसमेत रहनुभएका माओवादी केन्द्रका नेता वर्षमान पुनले कोसिस गरे पनि समाधान भएन। कमजोरीका बारेमा आफूहरूको ध्यानकर्षण भएको बताउँदै बस्न आग्रह गर्दा पनि ब्यानर नै परिवर्तन गर्नुपर्ने माग चर्किएपछि पुन पनि बाहिरिएका थिए। माओवादीका आक्रोशित एक कार्यकर्ताले मञ्चमा टाँगिएको ब्यानर झार्ने कोसिस गरे पनि सुरक्षाकर्मीले रोकेका थिए। एमाले र माओवादीका नेताबीच भएको छलफलपछि प्रचण्ड र ओलीसहितको ब्यानर झिकेर सोही मञ्चमा उल्टो पारेर राखिएको थियो।

त्यसपछि सभा हल केही शान्त भयो। लगत्तै एमालेका तर्फबाट ब्यानरविना कार्यक्रम हुन नसक्ने चेतावनी आएपछि ब्यानरको विवाद शीर्ष नेतासम्म पुगेको थियो। एक बजे कार्यक्रमस्थलमा आइपुगेका एमालेका शीर्ष नेताहरू ब्यानरमा विवाद भएपछि दुईवटा ब्यानर राख्ने टुंगोमा पुगेका थिए।

माओवादी केन्द्रले कम्युनिस्ट नेता लेनिनको फोटो ब्यानरमा नराखिएको भन्दै आपत्ति जनाएपछि ब्यानर झिकेर माओवादी केन्द्रले छुट्टै ब्यानर बनाएर ल्याएको थियो। लेलिनको फोटो नभएको भन्दै ब्यानर झिकिएको तीन घण्टापछि मात्र अर्को ब्यानर राखिएको थियो। माओवादीले छुट्टै ब्यानर ल्याएपछि एमाले नेता कृष्णगोपाल श्रेष्ठले मार्क्स र लेनिनको तस्वीर कार्यक्रमस्थलमा ल्याएर राख्नुभएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

# अस्तव्यस्त बन्दै स्थानीय निकाय

सुनील महर्जन, काठमाडौं

नयाँ गठन भएका स्थानीय तह दक्ष कर्मचारी नभएपछि अस्तव्यस्त बन्दै गएका छन्।

निर्वाचन भएको एक वर्ष हुन लाग्दा पनि स्थानीय तहमा कर्मचारीहरू नगएको प्रभाव सबैभन्दा बढी नयाँ गठन भएका स्थानीय तहहरूमा परेको छ।

स्थानीय तह पुनर्संरचना आयोग र सरकारले पछि थपेको गरी हाल ७ सय ५३ स्थानीय तह रहेका छन्। साविकका स्थानीय निकायको तुलनामा पछि बनाइएका स्थानीय तहहरूमा भौतिक पूर्वाधार, कर्मचारी संरचना शून्यदेखि शुरुआत गर्नुपर्ने अवस्था रहेको छ। कर्मचारीहरू स्थानीय तहमा जान नमानेकाले ती स्थानीय निकायलाई बढी मार परेको गुनासो संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा आइरहेको छ।

'स्थानीय तहमा कर्मचारी गएका छैनन्। बजेट चलाउने अख्तियार प्राप्त कर्मचारी सिंहदरबार छाडेर स्थानीय तहमा अर्थात् गाउँमा जान मानिरहेका छैनन्।' -संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव रुद्रसिंह तामाङले भन्नुभयो। गएका कर्मचारी पनि कामभन्दा हाजिरका लागि मात्र पुगेको विवरण मन्त्रालयमा आउन थालेको छ।

स्थानीय तहमा कर्मचारीको अभावले गर्दा स्वीकृत वार्षिक योजना, कानुन बनाउने, वित्तीय व्यवस्थापन, न्यायिक कार्यजस्ता स्थानीय तहको क्षेत्राधिकारमा रहेका अधिकारहरू राम्ररी कार्यान्वयन हुन सकिरहेको छैन।

आर्थिक वर्षको अन्त्यतिर छुट्याइएको रकम पनि खर्च हुन नसकेर फ्रिज हुने चिन्ता जनप्रतिनिधिहरूमा रहेको कोञ्ज्योसोम गाउँपालिकाका प्रमुख देवबहादुर लोप्चनले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। 'यो मेरो मात्र चिन्ता नभई शून्यदेखि शुरू गरेका सबै नगरपालिका, गाउँपालिकाका जनप्रतिनिधिमा रहेको पाएँ।' -उहाँले भन्नुभयो। दुई दशकसम्म तदर्थवादको भरमा चलेको स्थानीय निकायमा अनेक सपना बाँडेर निर्वाचित भएका जनप्रतिनिधिहरू केन्द्रले स्थानीय तहप्रति गर्ने व्यवहारलाई लिएर निकै असन्तुष्ट भएका छन्।

(क्रमशः पृष्ठ ९ मा)

# पूर्वडीआईजी निरौला पक्राउ

## पूर्वआईजीपी अर्यालमाथि समेत आशंका

काठमाडौं, (नेस)

दुबईबाट अवैधरूपमा भित्रिएको ३३ किलो सुनको भरियाका रूपमा रहेका सनम शाक्यको हत्यापछि प्रहरीले उक्त काण्डमा संलग्न रहेको अभियोगमा पूर्वडीआईजी गोविन्द निरौलालाई पक्राउ गरेको छ।

उक्त सुन काण्डको अनुसन्धान गरिरहेका गृह मन्त्रालयका सहसचिव ईश्वर पौडेलको टोलीले पूर्वडीआईजी निरौलालाई नियन्त्रणमा लिन प्रहरीलाई निर्देशन दिएपछि उनी पक्राउ परेका हुन्।



### ३३ केजी सुन प्रकरण

अनुसन्धान टोलीले छानविनका क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत पूर्वडीआईजी निरौला सुन तस्करबीच पटकपटक सम्पर्कमा रहेको र विमानस्थलबाट सुन पास गराउन भूमिका खेलेको निष्कर्ष निकालेको थियो।

गत माघको अन्तिम साता नेपाल भित्रिएको उक्त सुनका मालिक हुन् चूडामणि उप्रेती। उप्रेतीले नेपालका सबै सुरक्षा निकायलाई सेटिङ गरेपछि उक्त सुन नेपाल भित्रिएको थियो। उक्त सुनको भरियाका रूपमा रहेका शाक्यलाई सुन गायब बनाएको अभियोगमा उप्रेतीका मान्छेले चरम यातना दिएर हत्या गरेका थिए।

उनको हत्यापछि प्रहरीले छानविन गर्ने क्रममा पूर्वप्रहरी महानिरीक्षक प्रकाश अर्यालको समेत संलग्नता रहेको आशंका गरेको छ। छानविन समितिले उक्त सुन काण्डमा संलग्न रहेका भनिएका पूर्वआईजीपीका बारेमा समेत अनुसन्धान शुरू गरेको छ।

प्रहरीले उक्त काण्डमा संलग्न रहेको अभियोगमा महानगरीय अपराध महाशाखाका तत्कालीन प्रमुख एसएसपी दिवेश लोहनी, डीएसपी प्रजित केसी र सई बालकृष्ण पन्थीलाई प्रधान कार्यालय तानेर छानविन शुरू गरेको छ।

उक्त काण्डमा संलग्न रहेको अभियोगमा प्रहरीले आरके ज्वलर्सका सञ्चालक राजेन्द्र शाक्यलगायतलाई पक्राउ गरी कारबाही अगाडि बढाएको छ। प्रहरीले उक्त सुन प्रकरणमा अहिलेसम्म ४० जनालाई पक्राउ गरेको छ। उक्त सुन काण्डमा संलग्न रहेको आशंकामा प्रहरीले ३८ जनाको सम्पत्ति रोक्का गरेको छ भने २२ जनालाई फरारको सूचीमा राखेर खोजी गरिरहेको छ।

# अझै बन्न सकेन ५ हजार विद्यालय

ईश्वरराज ढकाल, काठमाडौं

भूकम्पले ध्वस्त भएका ४ हजार ९ सय विद्यालय तीन वर्षसम्म पनि बन्न सकेका छैनन्। तीन वर्षभित्र सबै विद्यालय निर्माण गरिसक्ने लक्ष्य राखिएको भए पनि अहिलेसम्म करिब ३ हजार ६ सय १३ वटा मात्रै विद्यालय पुनर्निर्माण भएको जनाइएको छ।

विद्यालय पुनर्निर्माण गर्न सरकारद्वारा गठित केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा)का प्रमुख इमनारायण श्रेष्ठले सबै विद्यालय बन्न अझै दुई वर्ष लाग्ने बताउनुभयो।

भूकम्पबाट प्रभावित ३२ वटा जिल्लाका विद्यालयको मात्र पुनर्निर्माण भइरहेको जानकारी दिँदै उहाँले भन्नुभयो- 'देशभर बढी प्रभावित भएका ९ हजार विद्यालयमध्ये तीन वर्षमा ३२ जिल्लाका ७ हजार ९ सय २३ वटा विद्यालय लक्षित कार्यक्रम अघि बढाएका थियौं।'

भारत र चीनले प्रतिबद्धता जनाएअनुसार विद्यालय भवन बन्न नसकेको एकाइले जनाएको छ। भारतीय सरकारको अनुदान सहयोगमा ७ जिल्लामा १०-१० खवटाका दरले ७० वटा विद्यालय बनाउने योजना रहेको थियो। तीमध्ये अहिलेसम्म १० वटा पनि बन्न सकेको छैन।



चीन सरकारले दरबार हाइस्कुलसहित रसुवा र सिन्धुपाल्चोकका ४ वटासहित ७ विद्यालय बनाउने घोषणा गरेको भए पनि अहिलेसम्म कुनै विद्यालय पुनर्निर्माण भएको छैन।

दाताले घोषणा गरेअनुरूपको काम हुन नसक्दा लक्ष्य पूरा गर्न नसकेको दाबी गर्दै शिक्षा मन्त्रालयका प्रवक्ता वैकुष्ठ अर्यालले भन्नुभयो- 'रकम अभाव भएकै कारण विद्यालय पुन:निर्माण हुन नसकेको हो। विद्यालय कहिले बन्ला भनेर सबै सोध्छन् तर जवाफ दिन सकेका छैनौं।' एकाइका अनुसार भूकम्पले क्षतिग्रस्त भएका सबै विद्यालय पुनर्निर्माण हुन अझै ३० अर्ब रुपियाँ लाग्ने देखिन्छ।

एकाइका अनुसार भूकम्पबाट ध्वस्त र क्षतिग्रस्तमध्ये सरकारले ७ हजार ५ सय ५३ वटा मात्रै विद्यालय पुनर्निर्माण गर्नुपर्ने भएको छ। एकाइले हालसम्म २ हजार ८ सय ९१ वटा विद्यालयको पुनर्निर्माण सम्पन्न गरिसकेको छ। १ हजार ४ सय ५८ वटा निर्माणाधीन छन् भने ८ सय ४३ वटा सर्भे भइरहेका छन्। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रवक्ता एवम् सहसचिव यमलाल भुसालले पनि दाताको रकम उपलब्ध नभएकाले पुनर्निर्माणमा समस्या भएको बताउनुभयो। उहाँले पनि अब दुई वर्षभित्र सबै विद्यालय पुनः बनिसक्ने जानकारी दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)



शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पोखरेलको कार्यकालमा गरिएको यो महत्त्वपूर्ण काम हो। त्यस्तै यसै वर्ष जनकपुरमा राजर्षिजनक विश्वविद्यालय ऐन पारित भइसकेको छ। प्राविधिक शिक्षा तथा तालिम परिषद् सीटीईभीटीको सम्बन्धनको विवाद चर्चामा पुगेको छ। विद्यालय क्षेत्र सुधार योजना एसएसडीपी कार्यान्वयनमा आएको छ।

# शिक्षामा प्रगति

## जिल्ला शिक्षा कार्यालय खारेज

ईश्वरराज ढकाल
ishwor32@gmail.com

स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि माध्यमिक तहको शिक्षा स्थानीय तहमा गएको छ। विद्यालय क्षेत्रको सम्पूर्ण काम स्थानीय तहले गरिरहेका छन्। स्थानीय निकाय सञ्चालन ऐनमा उल्लेख भएअनुसार शिक्षाका २३ वटा काम स्थानीय तहले गर्ने जिम्मेवारी लिएपछि जिल्ला शिक्षा कार्यालय धाउनुपर्ने बाध्यकारी व्यवस्था खारेज भएको छ।

प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ, विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा कार्यान्व्यन मूल्यांकन र नियमन, सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन, प्रविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन अनुमति, अनुगमन, मूल्यांकन र नियमन, मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन, गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन, गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापनलगायतका काम स्थानीय तहले गर्नुपर्ने व्यवस्था गरेको छ।

त्यस्तै विद्यालयको नामकरण, सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन, विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण, सामुदायिक विद्यालयको शिक्षक तथा दरबन्दी मिलान, विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन, सामुदायिक विद्यालयको पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन, आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन गर्ने काम स्थानीय तहलाई दिइएको छ।

त्यस्तै विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन, नि:शुल्क सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन, ट्युसन, कोचिङजस्ता विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन, स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रबर्द्धन तथा स्तरीकरण, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन, सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय-व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन, शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास र अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने काम स्थानीय तहलाई दिइएको छ।




७ सय ५३ वटै स्थानीय तहले शिक्षाको कार्यविधि बनाएर अघि बढिसकेका छन्। स्थानीय तहलाई माध्यमिक शिक्षासम्मको सम्पूर्ण अधिकार हस्तान्तरण भएपछि स्थानीय निकाय थप शक्तिशाली भएका छन्। यसैअनुरूप पहिलो पटक कक्षा ८ को वार्षिक परीक्षा स्थानीय तहले सम्पन्न गरेको छ। संघीय शिक्षाअन्तर्गत प्रदेशमा प्रदेश विद्यालय सञ्चालन गर्ने तयारी छ। राष्ट्रिय परीक्षा बोर्डले ७ वटै प्रदेशमा प्रदेश कार्यालय सञ्चालनमा ल्याएको छ। विश्वविद्यालय अनुदान आयोगले संघीय संरचनाअनुसार विश्वविद्यालयको भूमिका प्रष्ट गर्न नयाँ योजना अघि सारेको छ।

शिक्षा मन्त्रालय र विभागले करिब ४ सय कर्मचारीलाई स्थानीय तहमा खटाएको छ। शिक्षा क्षेत्रको सम्पूर्ण काम गर्ने जिम्मेवारीसहित कार्यक्षेत्रमा पुगेका शिक्षाका उपसचिव र अधिकृतले काम गर्न थालिसकेका छन्। अझै ३ सय हाराहारीमा रहेका स्थानीय तहमा कर्मचारी खटाउने गृहकार्य सरकारले गरिरहेको छ। वरिष्ठ र कनिष्ठबीचको विवादका कारण केही स्थानीय तहमा खटिएका कर्मचारी पुरानै कार्यक्षेत्रमा फर्केपछि शिक्षामा केही समस्या देखिएको छ।

विगत एक वर्षमा सरकारले गरेका महत्त्वपूर्ण काममध्ये राष्ट्रिय शिक्षा आयोग गठन भएको छ। पूर्वसचिव, शिक्षाविद्, विभिन्न विश्वविद्यालयका उपकुलपति, पूर्वउपकुलपति, शिक्षाविद्, शिक्षा मन्त्रालयका वरिष्ठ अधिकारी, शिक्षक महासंघ, अभिभावक संघ, राष्ट्रिय अभिभावक संघ, शिक्षक संघसंगठन, प्याब्सन र एनप्याब्सनसहितको टिमले शिक्षाको आमूल परिवर्तन गर्न काम गरिरहेका छन्। शिक्षामन्त्रीको अध्यक्षतामा रहेको समितिले पहिलो प्रतिवेदन बुझाइसकेको छ। प्रतिवेदन अध्ययनको क्रममा रहेको मन्त्रालयले थप अध्ययन गरी नयाँ स्वरूप दिने तयारी गरेको छ।

आयोगका विज्ञ समूहका संयोजक प्राडा विद्यानाथ कोइरालासहितको टोलीले बुझाएको मस्यौदाले नयाँ कामको थालनी गरेको छ। विगत एक वर्षमा तीन मन्त्रीले काम गरेका छन्। डीआर पौडेल, गोपालमान श्रेष्ठ र अहिले गिरिराजमणि पोखरेलले शिक्षामन्त्रीको बागडोर सम्हाल्दा खासै परिवर्तन भएको देखिँदैन। शिक्षा ऐनको आठौं संशोधन भएपछि चर्चामा आएका अहिलेका मन्त्री गिरिराजमणि पोखरेलले काम देखाउन कोसिस गरिरहनुभएको छ। अघिल्ला शिक्षामन्त्री गोपालमान श्रेष्ठले शिक्षा ऐनको नवौं संशोधन गर्नुभएको थियो।

अस्थायी शिक्षकको कामको अवधि थपेर अस्थायी शिक्षकको परीक्षाको विषयमा ऐनमा संशोधन गरिएको छ। तत्कालीन मन्त्री श्रेष्ठले गरेको नवौं संशोधन खारेज गर्नुपर्ने माग गर्दै विद्यार्थी संगठनले आन्दोलन गर्ने तयारी गरिरहेका छन्। अब नयाँ शिक्षा ऐन ल्याउने गृहकार्यमा जुटेको सरकारले दशौं संशोधन गरेपछि संघीयताअनुसार नाय ऐन ल्याउने गृहकार्य गरिरहेको छ।

सबैभन्दा ठूलो विषय मन्त्रालयको नाम दुई पठक परिवर्तन भयो। पहिलो पटक शिक्षा, विज्ञान तथा प्रविधि अनि युवा तथा खेलकुद मन्त्रालय राखियो। त्यसपछि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय कायम गरियो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय भएपछि मन्त्रीले विज्ञान तथा प्रविधि क्षेत्रमा कुनै काम गर्न सक्नुभएको छैन। मन्त्री आफैं संक्रमणकालीन अवस्थामा रहेका बेला तत्काल सबै व्यवस्थापन गर्न नसकिने देखिएको छ। तथापि काम गर्न गृहकार्य भइरहेको छ। एक वर्षको अवधिमा चिकित्सा शिक्षा विधेयक पारित भएको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पोखरेलको कार्यकालमा गरिएको यो महत्त्वपूर्ण काम हो। त्यस्तै यसै वर्ष जनकपुरमा राजर्षिजनक विश्वविद्यालय ऐन पारित भइसकेको छ। प्राविधिक शिक्षा तथा तालिम परिषद् सीटीईभीटीको सम्बन्धनको विवाद चर्चामा पुगेको छ। विद्यालय क्षेत्र सुधार योजना एसएसडीपी कार्यान्वयनमा आएको छ।

यो परियोजनाको भौतिक निर्माणको काम थालनी भएको छ। गएको वर्ष सरकारले करिब साढे २ सय नमुना विद्यालय छनोट गरेको थियो। ती विद्यालयले सरकारले तोकेको सुविधा लिएर शिक्षामा सुधार गर्न पाउनेछन्। शिक्षा मन्त्रालयको संगठन संरचना तयार भएको छ। जिल्ला शिक्षा कार्यालयको अधिकारमा कटौती गरिएको छ। अस्थायी शिक्षकलाई स्थायी गर्न सञ्चालन गरिएको परीक्षा तेस्रो पटक स्थगित भएको छ। परीक्षा स्थगित भएपछि परीक्षाको तयारीमा रहेका शिक्षकलाई समस्या परेको छ। अस्थायी शिक्षकको परीक्षा दिन पाउनुपर्ने र नपाउनेबीच आन्दोलन चर्किएपछि परीक्षा स्थगित गरिएको हो।

सरकारसम्बद्ध विद्यार्थी संगठन अनेरास्ववियु, अनेरास्ववियु क्रान्तिकारी र नेविसंघले परीक्षा स्थगित गराउन आन्दोलन घोषणा गरेपछि शिक्षक सेवा आयोगले अन्ततः परीक्षा स्थगित गरेको छ। विद्यार्थी भर्ना अभियान सञ्चालन भएको छ। पहिलो पटक कक्षा ११ को परीक्षाफल ग्रेडिङ प्रणालीमा प्रकाशित भएको छ। मुलुक संघीय संरचनामा गएपछि १-१२ को पाठ्यक्रम एउटै निर्धारण गरिएको छ। राष्ट्रिय परीक्षा बोर्डमा प्राडा चन्द्रमणि पौडेललाई अध्यक्षमा नियुक्ति गरियो। शिक्षाको समग्र सुधारका लागि नमुना कार्यविधि निर्माण गरियो। अन्य निकायको तुलनामा शिक्षा क्षेत्रमा व्यापक सुधार भएको छ।

भूकम्पले ध्वस्त भएका विद्यालयमध्ये गतवर्ष १ हजार सामुदायिक विद्यालय पुनर्निर्माण भए। विश्वविद्यालय अनुदान आयोगले पीएचडी र एमफिल अध्ययन गर्न न्यूनतम मापदण्ड ल्यायो, अनुसन्धानको स्ट्यान्डर्ड निर्माण गरेको छ। प्राडा त्रिरत्न मानन्धरको अध्यक्षतामा गठित समितिले विश्वविद्यालय शिक्षाको विषयमा अध्ययन प्रतिवेदन सार्वजनिक गर्‍यो। उच्च शिक्षाको योग्यता प्रारूप तयारी गरेको छ, योग्यता प्रणालीलाई व्यवस्थित बनाउन प्रतिवेदन सार्वजनिक गरेको छ। आधारभूत योग्याता परीक्षा लागू गरेको छ।

त्रिभुवन विश्वविद्यालयले देशैभर स्नातकोत्तर तहमा सेमेस्टर प्रणाली लागू गर्‍यो। पास्ट ग्राजुएट अध्ययन गर्ने विद्यार्थीको शुल्क निर्धारण गरेको छ। त्रिविका सबै निकायको सम्पत्ति खोजी गर्ने काम सम्पन्न गरेको छ। सबै क्याम्पसको जग्गा एकीकृत गरेको छ। २८ वर्ष उमेर कायम गरी स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन सम्पन्न गरेको छ। ८ वर्षदेखि स्थगित भीसी कप खेलकुद प्रतियोगिता सम्पन्न गरेको छ। एमबीबीएसको भर्ना केन्द्रिकृत गरी सबै क्याम्पसमा एउटै शुल्क कायम गरेको छ। पहिलो पटक क्रेडिट ट्रान्फरको व्यवस्था गरेको छ।

## 'डग बुक' विमोचित



काठमाडौंमा कक्षा ३ मा अध्ययनरत ९ वर्षीय बालक नयन घिमिरेद्वारा लिखित 'डग बुक' सार्वजनिक भएको छ।

वरिष्ठ बालसाहित्य लेखक गोपाल पराजुली, बृहस्पति विद्यासदन स्कुलका प्रमुख सल्लाहकार मुरारीनिधि तिवारी, सोही विद्यालयका प्रिन्सिपल सुमन थिङ लामा र एकेडेमिक कोअर्डिनेटर कुमार थापाद्वारा संयुक्तरूपमा विमोचित उक्त कृतिमा विभिन्न ३४ किसिमका कुकुरको तस्वीरसहित संक्षिप्त परिचय समावेश छ। यो किताब पूर्ण रंगीन साजसज्जामा प्रकाशित गरिएको छ। किताबमा पाठकले विभिन्न जातका कुकुरसम्बन्धी रोचक जानकारी पढ्न पाउनेछन्।

जानकारी लिन उत्सुक रहने बालक नयनले यो कृति तयार गर्दा आफूलाई निकै रमाइलो लागेको बताए। उनले आफ्नो मामा डा. सरोज गौतमको हौसलाले यो किताब लेख्न सफल भएको कुरा पनि बताए।

कार्यक्रममा बोल्दै प्रिन्सिपल सुमन थिङ लामाले सानो बालकको किताब प्रकाशन हुनु आफू र आफ्नो विद्यालय परिवारका लागि गौरव भएको विचार व्यक्त गरे। एकेडेमिक कोअर्डिनेटर कुमार थापाले बाल प्रतिभा नयनमा राम्रो वक्ता बन्न सक्ने सम्भावना पनि आफूले देखेको धारणा राख्दै बृहस्पति स्कुल सधैं आफ्नो पहिचानका राम्रा कुरालाई आत्मसात् गर्दै २१औं शताब्दीका बालबालिकाका लागि उपयुक्त शिक्षा दिनमा कटिबद्ध रहेको विचार व्यक्त गरे। घिमिरेकी आमा एवम् एनटीभीकी पत्रकार सुभद्रा गौतमले आफ्नो बालकको सानो किताब निस्किएकोमा अरू आमाजस्तै आफू पनि खुसी भएको धारणा राखेकी थिइन्।

प्रमुख अतिथि वरिष्ठ बालसाहित्यकार गोपाल पराजुलीले निजी विद्यालयले अंग्रेजी र नेपाली दुवै भाषालाई प्राथमिकता दिनुपर्ने धारणा राखे। उनले आजका बालक अर्थात् विद्यार्थी जान्ने मात्र भएर हुँदैन उनीहरू असल पनि हुनुपर्छ भन्ने विचार व्यक्त गरे। महेश पौड्याल सम्पादित यस कृति बालसाहित्य प्रतिष्ठान नेपालले प्रकाशन गरेको हो। यस कार्यक्रमको संयोजन बृहस्पति स्कुलकी मिडिया कोअर्डिनेटर डोल्मा लामा शाहले गरेकी थिइन्।

सानैदेखि कथा सुन्न र पढ्न असाध्यै रुचि राख्ने घिमिरेले नेपाली र विदेशी लेखकका गरी १ हजारभन्दा बढी बालसाहित्य कृतिको अध्ययन गरिसकेका छन्। उनी हरेक दिन नयाँ किताब पढ्न पाए हुन्थ्यो भनेर कुरिरहेका हुन्छन्। उनका मनपर्ने लेखकमा रोल डाल, एनिड ब्लाइटन, हान्स क्रिस्चियन एन्डरसन र कनकमणि दीक्षित आदि हुन्। उनका मन पर्ने चित्रकार अविन श्रेष्ठ हुन्।

## ईक्यानको अध्यक्षमा पाण्डे



नेपाल शैक्षिक परामर्श संघ (ईक्यान)को अध्यक्षमा विष्णुहरि पाण्डे विजयी भएका छन्। शनिबार सम्पन्न निर्वाचनमा पाण्डेले सरोजकुमार बस्नेतलाई पराजित गरी विजयी भएका हुन्। ईक्यानको प्रथम, द्वितीय र तृतीय उपाध्यक्ष्यमा महेशबाबु तिमल्सिना, राजेन्द्र रिजाल र देवीदास भट्टराई विजयी भएका छन्। त्यस्तै महासचिव पदमा शेषराज भट्टराई विजयी भएका छन्। सचिवमा दीपकराज भुसाल र विक्रम केसी विजयी भएका छन्। कोषाध्यक्ष र सहकोषाध्यक्षमा गोविन्द अधिकारी र निरुपमा महर्जन विजयी भएका छन्।

सदस्यमा वासुदेव दाहाल, कर्णबहादुर गुरुङ, सुस्मा आचार्य, सुदन चौहान, बालकृष्ण (बिके) श्रेष्ठ, प्रकाश श्रेष्ठ, सुनिताथा श्रेष्ठ, यज्ञविलास पौडेल र प्रशान्त शाह रहेका छन्।



**ऋेज**
अभिनेता राजेश हमाल दर्शकका माझ।

PAGE3

**प्रमाण**
निर्देशक मिलन च्याम्स अभिनेत्री निरुता सिंहबाट *एनएफडीसी राष्ट्रिय चलचित्र पुरस्कार*को *निर्देशक* विधाका लागि मनोनयनमा परेको प्रमाणपत्र ग्रहण गर्दै।





# एनएफडीसी अवार्ड १३ गते

एनएफडीसी *राष्ट्रिय चलचित्र पुरस्कार*को छैठौं संस्करण *एनएफडीसी राष्ट्रिय चलचित्र पुरस्कार २०७४* आगामी वैशाख १३ गते बिहीबार राजधानीमा हुने भएको छ। २३ विधामा प्रदान गरिने यो अवार्ड समारोह यस वर्ष राजधानीको बौद्धस्थित होटल हायतमा हुने आयोजक नेपाल चलचित्र विकास कम्पनी (एनएफडीसी)ले जनाएको छ।

अवार्डको तयारीलाई अगाडि बढाउने क्रममा अवार्डअन्तर्गतको मनोनयन सूची शनिबार राजधानीमा आयोजित एक समारोहबीच सार्वजनिक गरिएको छ। २०७४ वैशाख १ गतेदेखि २०७४ चैत मसान्तसम्म नेपालका कम्तीमा ५ हलमा व्यावसायिकरूपमा प्रदर्शनमा आएका ८३ फिल्म तथा तिनमा संलग्न कलाकार र प्राविधिकलाई *एनएफडीसी राष्ट्रिय चलचित्र पुरस्कार*का लागि छनोट प्रक्रियामा स्वत: सामेल गरिएको छ।

१६ विधाबाट शुरू भएको *एनएफडीसी राष्ट्रिय चलचित्र पुरस्कार* यो वर्षदेखि कुल २३ विधामा प्रदान गरिनेछ। अवार्डमा २०७१ सालमा ४, गतवर्ष एक र यस वर्ष २ विधा थप गरिएको हो। प्रत्येक विधाको अवार्ड नेपाली फिल्म क्षेत्रमा योगदान पुऱ्याउने स्वर्गीय र जीवित फिल्मी हस्तीका नाममा नामकारण गरिएको अवार्डमा यस वर्ष थप गरिएका विधाहरू पनि कलाकर्मीकै नाममा नामकरण गरिएका छन्। जसअनुसार निर्देशक तथा लेखक लक्ष्मीनाथ शर्माको सम्मानमा *लक्ष्मीनाथ सर्वोत्कृष्ट कथा र संवाद* तथा गीतकार किरण खरेलको सम्मानमा *किरण गीतकार* राष्ट्रिय चलचित्र पुरस्कार नामकरण गरिएको कम्पनीले जनाएको छ।

२३ विधामा प्रदान गरिने अवार्डमा २० विधाका लागि संयोजकसहित ३ सदस्य रहेको निर्णायक समितिबाट मूल्यांकन गरी वर्षभरि प्रदर्शित



फिल्मबाट मनोनयन सूची सार्वजनिक गरिएको छ। संगीतकर्मी शुभबहादुर सुनाम संयोजक रहेको निर्णायक मण्डलमा छायाकार मञ्जुकुमार श्रेष्ठ, साउन्ड इन्जिनियर प्रदीप उपाध्याय र चैत्यदेवी सिंह सदस्य रहेका छन्।

यो अवार्डमा यस वर्ष फिल्म विधामा छक्का *पञ्जा टु, भुइँमान्छे, प्रेमगीत टु, शत्रु गते* र *लिली बिली* मनोनयमा परेका छन्। निर्देशक तथा नायकनायिकाबीच पनि यिनै फिल्मबाट टक्कर हुने भएको छ। *छक्का पञ्जा टु*बाट दीपाश्री निरौला, *भुइँमान्छे*बाट नवराज बुढाथोकी, *प्रेमगीत टु*बाट रामशरण पाठक, *शत्रु गते*बाट प्रदीप भट्टराई र *लिली बिली*बाट मिलन चाम्स निर्देशक विधाको मनोनयनमा छन्।

त्यसै गरी नायकतर्फ *लिली बिली*बाट प्रदीप खड्का, *त्यान्द्रो*बाट दयाहाङ राई, *कृ*बाट अनमोल केसी, *म यस्तो गीत गाउँछु*बाट पल शाह र *मंगलम*बाट पुष्पल खड्का प्रतिस्पर्धामा छन् भने नायिकातर्फ *ए मेरो हजुर टु*बाट साम्राज्ञी राज्यलक्ष्मी शाह, *पञ्चायत*बाट नीता ढुंगाना, *मंगलम*बाट शिल्पा पोखरेल *घामपानी*बाट केकी अधिकारी र *ब्लाइन्ड रक्स*बाट बेनिषा हमाल स्पर्धामा छन्। *सहअभिनेता*तर्फ *कृ*बाट अनुपविक्रम शाही, *ऐश्वर्या*बाट प्रशान्त ताम्रकार, *ए मेरो हजुर टु*बाट सलोन बस्नेत, *घामपानी*बाट अंकित खड्का र *तिमीसँग*बाट नाजिर हुसैनबीच टक्कर देखिएको छ भने *सहअभिनेत्री*तर्फ *ऐश्वर्या*बाट केकी अधिकारी, *ब्लाइन्ड रक्स*बाट गौरी मल्ल, मंगलमबाट मिथिला शर्मा, *छक्का पञ्जा टु*बाट प्रियंका कार्की र *पर्व*बाट माला लिम्बुबीच स्पर्धा हुने भएको छ।

त्यस्तै नवनायकतर्फ *ग्याङस्टार ब्लुज*बाट आशिषरमण जोशी र अनुपम शर्मा, *ए मेरो हजुर टु*बाट सलिनमान बानियाँ, *छक्का पञ्जा टु*बाट स्वरूपपुरुष ढकाल र *रानी*बाट शाहरूख ताम्रकार मनोनयमा छन् भने *नवनायिकातर्फ लिली बिली*बाट जसिता गुरुङ, *कृ*बाट अदिती बुढाथोकी *भुइँमान्छे*बाट सिपोरा गुरुङ, *ऐश्वर्या*बाट दीपिका प्रसाईं र रुद्रबाट सारा सिरपाली मनोनयनमा छन्।

२० विधामा प्रतिस्पर्धा हुने अवार्डमा ३ विधामा भने अप्रतिस्पर्धीरूपमा अवार्ड प्रदान गर्ने गरिन्छ। जसअनुसार अवार्डमा सहभागी फिल्म, निर्माता, निर्देशक, कलाकार, लेखक तथा प्राविधिज्ञमध्ये एकजनालाई ख्यातिप्राप्त हास्य जोडी मदनकृष्ण श्रेष्ठ र हरिवंश अचार्यको नाममा नामकरण गरिएको *मह जुरी अवार्ड* प्रदान गरिनेछ। त्यसै गरी एकजना चलचित्र पत्रकारलाई *नेपाल समाचारपत्र*का प्रधान सम्पादक पुष्करलाल श्रेष्ठका नाममा नामकरण गरिएको *पुष्कर पत्रकारिता पुरस्कार* र वर्षभरिमा सर्वाधिक कमाइ गर्ने फिल्मलाई *कुसुमेरुमाल व्यावसायिक चलचित्र पुरस्कार* दिइनेछ।

# बक्स अफिस लागू नभए जेठबाट फिल्म रिलिज रोकिने

नेपाली फिल्म प्रदर्शनमा देखिएका व्यापारिक समस्या तथा निर्माताले भोग्दै आएका सेयर बाँडफाँडलगायतका विषयमा शनिबार निर्माताहरू भेला भई विभिन्न निर्णय गरेका छन्।

नेपाल चलचित्र निर्माता संघद्वारा आयोजित भेलाले सेयर बाँडफाँडका विषयमा विगतका वर्षहरूमा निर्माता संघले व्यावसायिक समान हकहित स्थापित गर्न विभिन्न मितिमा नेपाल चलचित्र संघसँग सहमतिको संघका सदस्य रहेका ठूला हलले उल्लङ्घन गरेको र त्यसको देखासिखी गर्दै अरू केही हलले पनि सम्झौतालाई उल्लङ्घन गरी आफूखुसी गर्ने गरेकोले २०६० साल साउन २३ गते चलचित्र संघसँग भएको सम्झौता पुनरावलोकनका लागि जोड दिएको छ।



'उसबेला ४२ दिनको अनवरत आन्दोलनपश्चात् निर्माता संघ र चलचित्र संघबीच भएको सम्झौताअनुसार काठमाडौं उपत्यकामा फिल्म प्रदर्शनबाट उठेको कुल रकममा भ्याट कट्टा गरी बाँकी रकममा चलचित्र भवनको भौतिक सुविधा, व्यापार, ठाउँ तथा क्षेत्रको आधारमा निर्माता/वितरकले ५५ देखि ६० प्रतिशतसम्म र प्रदर्शकले ४० देखि ४५ प्रतिशतसम्मका दरले सेयर रकम लिने दिने सहमति भएको थियो', संघमा महासचिव रोज राणाद्वारा हस्ताक्षरित संघको विज्ञप्तिमा भनिएका छ- 'शनिबारको भेलाले सो सम्झौतामा उल्लिखित काठमाडौं उपत्यका भन्ने शब्दको सट्टामा नेपालभरि भन्ने शब्द समावेश गरी अक्षरश: कार्यान्वयन हुनुपर्ने निर्णय गरेको छ। यसका अलवा चलचित्र घरमा बजाइने ट्रेलर, पोस्टर, स्थानीय पब्लिसिटी खर्चलगायत अन्य मागहरू चलचित्र संघसँगको छलफलमा निर्णय गर्ने पनि संघको भेलाले निर्णय गरेको छ।'

विज्ञप्तिमा बक्स अफिस कार्यान्वयन सम्बन्धमा नेपाल सरकारले तोकेको समयसीमा भित्रमा पारदर्शी बक्स अफिस कार्यान्वयनका लागि राज्यलाई जोडदार माग गर्दै संस्थागत सहयोग गर्ने उल्लेख छ।

त्यसै गरी भेलाले २ संघबीचको संस्थागत सहमतिको निरन्तरतासहित आफ्ना मागका बारेमा नेपाल चलचित्र संघसँगको वार्ताको सबै ढोका खुला राख्दै वार्ता र संवादबाटै समस्याको समाधान गरिने जनाइएको छ। 'यदि जेठ १ गतेको समयावधिभित्र सिनेमा भवनको संगठित संस्था नेपाल चलचित्र संघबाट हाम्रा मागहरू पूरा नभएको खण्डमा नेपालमा सार्वजनिक प्रदर्शनमा आउने कुनै पनि भाषाका स्वदेशी तथा विदेशी चलचित्रको सार्वजनिक प्रदर्शनमा रोक लगाई संघर्षका थप कार्यक्रम सार्वजनिक गरी आन्दोलनमा उत्रन बाध्य हुनेछौं।' - विज्ञप्तिमा भनिएको छ।

# गायिका राईलाई टेम्के तुवाचुङ पुरस्कार

खोटाङ, (नेस)। *खोपी राखौंला नि लै लै* बोलको गीतबाट चर्चामा आएकी गायिका राधा राईलाई *टेम्के तुवाचुङ पुरस्कार* २०७४ बाट पुरस्कृत गरिएको छ। २०६३ सालमा रेकर्ड गरिएको उक्त गीतबाट सांगीतिक बजारमा चर्चा कमाउन सफल गायिका राईलाई टेम्के तुवाचुङ प्रतिष्ठान नेपालले ११ हजार १ सय ११ रुपियाँ राशीको नगद तथा ताम्रापत्रले पुरस्कृत गरको हो।

प्रतिष्ठानका अध्यक्ष भोगेन एक्लेले बताए। ३ वर्षअघि स्थापना भएको प्रतिष्ठनाले यसअघि साहित्यकार चन्द्र रानोहाछा र कराते खेलाडी सञ्जय राईलाई पुरस्कृत गरिसकेको छ।

त्रि-धार्मिकस्थल हलेसीस्थित होटल हलेसी भिलेजमा आयोजित वार्षिकोत्सव तथा पुरस्कार वितरण कार्यक्रममा बाँसुरी वादक नगेन्द्र राईको विशेष प्रस्तुति, अलग अभियान तथा साइनो कला



गायिका राईलाई प्रसिद्धस्थल हलेसीमा शनिबार आयोजित प्रतिष्ठानको तेस्रो वार्षिकोत्सवको अवसरमा हलेसी तुवाचुङ नगरपालिकाका उपप्रमुख विमला राईले नगद तथा ताम्रपत्र प्रदान गरेकी थिइन्। लामो समयदेखि संगीतको औपचारिक शिक्षा लिँदै व्यावसायिकरूपमा स्थापित गायिका राई साकेला गाउँपालिका-१ बाँझेच्यान डाँडाकी हुन्। विभिन्न विधा तथा क्षेत्रबाट जिल्लाको गौरव बढाउने जिल्लाकै एक व्यक्तित्वलाई अझ सक्रिय बन्न हौसला प्रदान गर्ने उद्देश्यले पुरस्कार प्रदान गर्ने गरिएको केन्द्रका कलाकारको सांगीतिक प्रस्तुतिसमेत रहेको थियो।

पुरस्कृत गायिका राधा राई, गायक रेवत राई, गायिका बबिना किराँती, साहित्यकार एमसी सुमित, कवि वेदीकुमार राई, युवा कवि विकास रोकामगरलगायतको प्रस्तुति रहेको थियो। यसअघि सदरमुकाम दिक्तेलमा मात्र सांगीतिक तथा साहित्यिक कार्यक्रम गर्दै आएको प्रतिष्ठानले यस वर्ष धार्मिक तथा पर्यटकीयस्थल हलेसीमा तेस्रो वार्षिकोत्सव, पुरस्कार वितरण साहित्यिक तथा सांगीतिक प्रस्तुति कार्यक्रम गरेको हो।




# विचार

क्षीण शरीरले
मस्तिष्कलाई पनि
क्षीण बनाउँछ।
- रुसो

पुस्तकालय को संग्रह नै
आजको युगमा सबैभन्दा
उत्तम विश्वविद्यालय हो।
- कार्लाइल

## सम्पादकीय

नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA

# खोई दुई पार्टीबीच एकता ?

नेपालको कम्युनिस्ट पार्टी स्थापना भएको पनि ६९औं वर्ष पार गरिसकेको छ । हरेक वर्ष २२ अप्रिललाई नेपालका कम्युनिस्ट पार्टीहरूले स्थापना दिवसको रूपमा मनाउने गरेका छन्। २००६ साल वैशाख १० गते अर्थात् २२ अप्रिलका दिन भारतको कोलकातामा रहेको श्यामबजारमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो । पार्टी स्थापनाको १३ वर्षपछि सो पार्टी छिन्नभिन्न मात्र भएन, एकले अर्काको अस्तित्व स्वीकार गर्न नसक्दा जनमत कम्युनिस्ट पार्टीको पक्षमा भए पनि सत्तामा भने लामो समय गैर कम्युनिस्टहरूले हालिमुहाली गर्न सफल भएका थिए । गैर कम्युनिस्टसँग मिलेर सरकार बनाउन उद्यत हुने नेपालका कम्युनिस्टहरू भने एक-आपसमा मिल्न भने सकेका थिएनन् । एक-अर्कालाई यथास्थितिवादी, संशोधनवादी आदिको आरोप लगाउँदै झन्डै ७ दशकसम्म छिन्नभिन्न रहेका नेपालका ठूला कम्युनिस्ट पार्टी पछिल्लोपटक एक-आपसमा गाभिन तयार भएपछि गतवर्ष सम्पन्न प्रदेशसभाको र संसदीय निर्वाचनमा झन्डै दुई तिहाइको हाराहारीमा जित हासिल गरेका छन् ।

वैशाख ९ गते एकता गर्ने घोषणा गरेका ती ठूला दलका नेताका घमण्डका कारण एकता सम्भव नभएपछि वैशाख १९ लाई एकताको मिति तय गरेका छन् । जनमतले छिटोभन्दा छिटो एकता गर्न दबाब दिए पनि ती दलका नेतामा देखिएको अहम् र घमण्डले भने जनमतलाई बिस्तारै अस्वीकार गरेको हो कि भन्ने आशंकासमेत पैदा गराइदिएको छ । हिजो फरक राजनीतिक पृष्टभूमिबाट आएका एमाले र माओवादीमा पछिल्लोपटक देखिएको घमण्डले भने कतै पार्टी एकता नहुने हो कि भन्ने शंकाले बास गरेको छ । पार्टी एकता हुन नदिन देशी-विदेशी तत्व सक्रिय रहेको आरोप दुवै दलका नेताहरूहरूले लगाइरहनु र तोकिएकै समयमा दुई दलबीच एकता नहुनुले एकता नहुने त होइन भन्ने आशंका पैदा भएको छ ।

एमाले, माओवादी दुवै दलका अध्यक्ष केही दिनदेखि एक्लाएक्लै वार्तामा बस्नुले केही अशा पलाए पनि तोकिएकै दिन एकता नभएपछि अब फेरि तोकिएको मितिमा एकता हुन्छ भन्ने कुनै ग्यारेन्टी छैन । पछिल्लोपटक माओवादी केन्द्रका नेताहरूको ५०-५० भए मात्रै पार्टी एकता गर्ने, नभए नगर्ने भन्ने सार्वजनिक अभिव्यक्ति पार्टी एकता भाँड्ने अभिव्यक्तिको रूपमा दुवै दलका अध्यक्षले स्वीकार गरेका छन् । दुवै दलका नेताले पार्टी एकतामा आँच आउने अभिव्यक्ति नदिन पटक-पटक आग्रह गरेका छन् । तर पार्टी पंक्तिबाट त्यस्ता अभिव्यक्ति आइरहनुले दुवै पार्टीभित्र एकता नचाहने तत्वहरू सक्रिय रहेको हो कि भन्ने आशंका गर्न थालिएको छ । जे होस्, पहिलो मितिमा एकता नभए पनि फेरि तोकिएको मितिमा दुई पार्टी एक हुन्, यही शुभकामना !

# दुई ध्रुवको मारमा मिडिया



कपिल काफ्ले

प्रधानमन्त्री केपी शर्मा ओलीले छिमेकी भारतमा गएर नेपाल-भारत सम्बन्धको इतिहासमै पहिलोपटक 'बोल्ड' र 'क्लियर' धारणा राखेको भन्दै एकातिरबाट प्रसन्नता व्यक्त गरिएका बेला प्रमुख पतिपक्षी दल नेपाली कांग्रेसका नेता शेरबहादुर देउवाले 'ओली नरेन्द्र मोदीका अगाडि लम्पसार परेर फर्के' भनिदिए। शक्तिशाली भारतका अगाडि ओली यति कडारूपमा प्रस्तुत हुँदा उसले ईख राखेर पछि असजिलो पो पार्ने हो कि भनी कतिले डर मानिरहेका बेला देउवाको टिप्पणीले 'उसले आग्रह राख्नुपर्ने कारण रहेनछ' भनेर ढाडस पाएका पनि हुनसक्छन्। तर, यस्ता विपरीत ध्रुवका अवधारणा बाहिर आएपछि मिडिया भने मारमा पर्छन्। 'वस्तुवादी बनेर समाचार दिने' सिद्धान्त कार्यान्वयन गर्न चुनौती खडा हुन्छ। दुवैले बोलेको सत्य हो, योभन्दा बढी सत्य खोज्न ओली-मोदीबीच भएको वार्तामा सञ्चारकर्मी साक्षी हुनुपर्थ्यो, त्यो अवस्था थिएन।

शक्तिशाली भारतका अगाडि ओली यति कडारूपमा प्रस्तुत हुँदा उसले ईख राखेर पछि असजिलो पो पार्ने हो कि भनी कतिले डर मानिरहेका बेला देउवाको टिप्पणीले 'उसले आग्रह राख्नुपर्ने कारण रहेनछ' भनेर ढाडस पाएका पनि हुनसक्छन्। तर, यस्ता विपरीत ध्रुवका अवधारणा बाहिर आएपछि मिडिया भने मारमा पर्छन्। 'वस्तुवादी बनेर समाचार दिने' सिद्धान्त कार्यान्वयन गर्न चुनौती खडा हुन्छ।

भनिन्छ, स्वयं अपराध नगरे पनि अपराध गर्नेलाई साथ दिनु पनि दोषमुक्त हुनसक्तैन। दुईमध्ये एक धार अवश्य असत्य छ, त्यसलाई प्रचार-प्रसार गर्न नेताहरूले मिडियालाई बाध्य पारेका छन्। किनभने मिडियाको सिद्धान्तले भन्छ- जनताले ठूलो परिमाणमा मतदान गरेर प्रतिनिधिसभाका लागि विजयी बनाएका ओली र देउवाजस्ता व्यक्तिको भनाइ नबिगारी समाचारमा समावेश गर्नुपर्छ। गग्यो, जनतामा भ्रम सिर्जना गर्ने अपराध गर्न पुगिन्छ। मिडिया परेन त मारमा !

यस दोष र मारबाट मुक्ति पाउन मिडियाकर्मीहरू एउटा मन्त्र भन्ने गर्छन्, 'समाचारमा वक्ताका भनाइ जस्ताको त्यस्तै राख्ने, अनि सम्पादकीय, आलेख, समाचार टिप्पणी आदिमा चाहिँ फलानो नेता ठीक फलानो गलत भन्ने प्रमाण दिने'। पत्रकारिताको कानुनले यसरी मुक्ति त दिन्छ तर समाचारले पहिला गलत सूचना सम्प्रेषण गरेर अपराधमा सहभागी बन्नुपरेकोमा पत्रकारलाई हीनताबोध भने अवश्य गराउँछ। यस प्रकारको हीनताबोध गराउने अरु कोही नभएर पाखण्डी वक्ता नै हुन्। तर, जानी-जानी रोग लाग्न दिएर उपचार गर्नुभन्दा रोगै नलागोस् भन्ने बाटोमा लाग्ने हो भने 'गरिष्ठ भोजनसँगै पाचक' खानु आवश्यक हुन्छ। साइडइफेक्ट हुन पाउँदैन। दलीय स्वार्थभन्दा माथि उठेका र तटस्थ व्यक्तित्व आर्जन गरेका विज्ञलाई सोही समाचारमा 'फ्रेमिङ' गर्नु उचित विकल्प हुनसक्छ।

'फ्रेमिङ' के हो त ?
सञ्चारमाध्यमले सम्प्रेष्य सामग्रीमा गर्ने प्राथमिकीकरणका साथ फ्रेमिङ वा समाचार संरचनाका बारेमा बुझ्नु आवश्यक हुन्छ। कुन तरिकाले समाचार वा आलेख प्रस्तुत गर्दा बढी पठनीय वा बिक्रीयोग्य र त्योभन्दा पनि पाठक-श्रोताप्रतिको जिम्मेवारी सर्वाधिक पूरा हुन्छ भन्ने प्रश्नको जबाफ खोज्दै जाँदा 'मिडिया फ्रेमिङ'को अर्थ खुलासा हुन्छ। मिडियाका क्षेत्रमा फ्रेमिङ अनिवार्य हुन आउँछ। कुन पक्ष वा व्यक्तिलाई कुन रूपमा उचाल्ने हो वा पछार्ने हो, प्रस्तुतिमै भर पर्दछ। यद्यपि पूर्वाग्रह राखेर उचाल्ने र पछार्ने काम मिडियाको होइन। समाचारलाई कुन स्वरूप दिने भन्ने कुरा समाजको मूल्य-मान्यता र अभ्यास कस्तो छ भन्ने विषयमा निर्भर गर्दछ। यहींनिर दोहोरो योगदानको कुरा आउँछ। किनभने समाजको मूल्य-मान्यता र अभ्यासको विकास वा निर्माणका लागि पनि मिडियाले योगदान गरेको हुन्छ। इटालिक अक्षरमा प्रकाशित सामग्रीले हल्काफुल्का र व्यंग्यात्मक अभिव्यक्तिको प्रतिनिधित्व गर्छ भन्ने सोच बसाल्न मिडियाले सिकाएको हो।

मिडियाको प्रभाव शक्ति हो। यसका दुई स्वरूप हुन्छन्- सकारात्मक र नकारात्मक। सकारात्मक र नकारात्मक प्रभाव दर्शक-श्रोताको मनस्थितिले फरक पर्दछ। एकथरी श्रोतालाई जुन मिडिया फ्रेमिङले सकारात्मक प्रभाव पार्छ, त्यही फ्रेमिङ अर्को समुदायका लागि नकारात्मक पनि हुनसक्छ।

'मेडिया फ्रेमिङ थेउरी' मिडियाले आमनागरिकको ध्यानाकर्षण गर्छ भन्ने मान्यतामा निर्माण भएको छ। यसका लागि बोधगम्य सामग्री सम्प्रेषण भएको हुनुपर्छ। प्रकाशन-प्रसारण गृहमा नेतृत्वमा रहेका वा अनुभवी पत्रकारले कुन विषय उठाउने भन्ने पहिचान गर्दछन् र अरु सहायक मिडियाकर्मीहरूको समेत सहयोगले त्यसको स्वरूप निर्धारण गरेर सामग्री सार्वजनिक गरिन्छ। यसका लागि व्याख्यात्मक, अभिप्रेरणात्मक, वादविवादयुक्त र तार्किक आदि शैलीको प्रयोग गरिन्छ। अन्ततोगत्वा यसले आमश्रोता-पाठकमा अपेक्षित प्रभाव पार्नुपर्छ वा पार्ने अपेक्षा गरिन्छ। त्यसैले मेडिया फ्रेमिङ भन्नाले के सामग्री प्रस्तुत गर्ने मात्र होइन कसरी प्रस्तुत गर्ने भन्ने पक्ष पनि उत्तिकै महत्वपूर्ण रहन्छ। पाठक-श्रोतालाई कुन विषयमा चिन्तन गर्न लगाउने र कस्तो प्रतिक्रिया वा अनुगमनको अपेक्षा गर्ने भन्नेसम्मको अवधारणा राखेर मिडिया फ्रेमिङ गरिन्छ।

मिडिया संरचना प्रक्रिया प्रविधि र ज्ञानको विकाससँगै परिमार्जित र संशोधित हुँदै आएको छ। न्यू मिडियाको बढ्दो प्रभावसँगै संरचना प्रक्रियामा पनि परिवर्तन आएको छ, परम्परागत सञ्चारमाध्यमका लागि प्रस्तुतिमा जुन संरचना निर्धारण गरिएको हुन्छ त्यही यसमा मिल्छ भन्ने छैन। पाठक-श्रोताको स्तर र रुचिमा परिवर्तन आइसकेको छ। ग्राहकको अवधारणामा परिवर्तन ल्याउने हो भने मिडियाले आफ्नो प्रस्तुतिमा पनि समयसापेक्ष परिवर्तन ल्याउन आवश्यक छ।

प्रसिद्ध विद्वान् रिचर्ड ई. भजले अभिव्यक्ति संरचनाका दुई पक्ष उल्लेख गरेका छन्। संरचना निर्माण पहिलो हो। यसभित्र तीन सम्बद्ध पक्ष छन्, नीतिगत पात्र, पत्रकारका मूल्य-मान्यता र सांस्कृतिक सन्दर्भ। राष्ट्रिय-अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले पाठक-श्रोतालाई खास मुद्दालाई हेर्ने दृष्टिकोण प्रदान गर्दछन्, कुनै नयाँ एजेन्डा र अवधारणा पस्किन्छन्। अन्ततः मिडियाका कारण त्यसका अनुगमनकर्तामा अवधारणागत संरचना तयार हुन्छ। दोस्रो हो संरचना निर्धारण। खराब भनिएका व्यक्ति मिडियाकै प्रस्तुतिका कारण असल साबित हुनसक्छन्, उसको गुमेको व्यक्तित्व फर्किन्छ। जति बढी पाठक-श्रोतामा विषय लोकप्रिय भयो त्यति नै मिडिया फ्रेमिङको सफलता मानिन्छ। मिडिया फ्रेमिङ सिद्धान्त एजेन्डा सेटिङ सिद्धान्तसँग मिल्दोजुल्दो देखिन्छ। म्याक्वेल म्याक्कम्बस डोनाल्ड सले १९७२ मा उल्लेख गरेअनुसार मिडियाले सार्वजनिक मुद्दा तय गर्दछ। समाचार कक्षमा रहेका पात्रहरूले विषयवस्तुलाई पाठक-श्रोताका अगाडि कसरी पुर्‍याउने र उनीहरूमा कुन स्तरको प्रभाव पार्ने भन्ने पक्षमा महत्वपूर्ण भूमिका खेल्दछन्। त्यसैले 'एजेन्डा सेटिङ थेउरी'का प्रथम पात्रहरू समाचार कक्षका व्यक्ति हुन्छन् भने अन्तिम पात्र प्रकाशित-प्रसारित सामग्रीका आधारमा आफ्ना एजेन्डा बनाउने पाठक-श्रोता। यस थेउरीको सफलता मिडियामा प्रकाशित-प्रसारित सामग्रीका आधारमा पाठक-श्रोताले एजेन्डा बनाउनुमा निर्भर गर्दछ।

मिडियाले सम्प्रेषण गर्ने सामग्रीको प्राथमिकीकरणका सम्बन्धमा शान्तो इङ्गर, मार्क पिटर्स र डोनाल्ड किन्डरले सन् १९८२ मा उल्लेख गरेका छन्। पाठक-श्रोताको जानकारीका लागि कुन सामग्रीलाई कति महत्व दिएर कहाँ, कसरी, कुन समयमा प्रस्तुत गर्ने भन्ने सवाल नै प्राथमिकीकरण हो। त्यसरी प्रस्तुत गरिएको सामग्रीप्रति पाठक-श्रोताको धारणा के रहन्छ, उनीहरू यस विषयलाई कसरी लिन्छन्, त्यसका आधारमा आफ्नो एजेन्डा बनाउँछन् वा बनाउँदैनन् भन्ने कुराले प्राथमिकीकरण ठीक थियो-थिएन भन्ने निर्धारण गर्दछ। ओलम्पिक, वर्डकप, भूकम्प, बहुचर्चित व्यक्तिको मृत्यु आदि विषयलाई पाठक-श्रोताले प्रायः बेवास्ता गर्दैनन्। यस्ता विषयलाई मिडियाले प्राथमिकीकरण गर्दै प्रकाशित-प्रसारित गर्नु आवश्यक छ।

एर्भिङ गोफम्यानले सन् १९७४ मा फ्रेमिङ थेउरीका सम्बन्धमा उल्लेख गरेका छन्। उनले भनेका छन्, कुनै समाचारको रिपोर्टिङ गर्दा पृष्ठभूमि र वातावरणलाई समेत समेटिन्छ। यसो गर्दा पाठक-श्रोताले प्रस्तुत सामग्रीलाई कुन स्तरको महत्व दिऊन् भन्ने पक्षमा ध्यान दिइन्छ। फ्रेमिङ थेउरीले सामाजिक संरचनालाई दुई स्वरूपमा व्याख्या गर्दछ- पत्रकारले सामाजिक वातावरणको अवधारणालाई कसरी उठाउँछ र पाठक-श्रोताले त्यस सामाजिक वातावरणलाई कसरी व्याख्या गर्छन् ? उपमा, प्रतीक, शैली, शब्द चयन, वाक्य गठन आदि फ्रेमिङका दायरामा पर्दछन्। यसलाई पत्रकारले कसरी प्रस्तुत गर्दछ र पाठक-श्रोताले कसरी लिन्छन् भन्ने पक्षलाई यस सिद्धान्तले व्याख्या गर्दछ। समाचार वा आलेखका साथ दिइने सन्दर्भ सामग्री, प्रमाण र विवरण पनि यसभित्र पर्दछन्।

## पाठक पत्र

### सामाजिक सुरक्षा भत्तामा लापरबाही नगर

नेपालमा ज्येष्ठ नागरिक, एकल महिला तथा अपांगता भएका व्यक्तिहरूको लागि प्रत्येक चार महिनामा एकपटक सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था छ। सामाजिक सुरक्षा भत्ता देशको पुनर्संरचना हुनुपहिले देशभर रहेका नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका र गाउँ विकास समितिको कार्यालयमार्फत वितरण हुँदै आएको थियो। राष्ट्रिय बजेटमा नै व्यवस्था गरेर अर्थ मन्त्रालयमार्फत वितरण हुँदै आएको सामाजिक सुरक्षा भत्तामा चर्को अनियमितताको गन्ध आएपछि सरकारले त्यसलाई व्यवस्थित बनाउनका लागि बैंक तथा वित्तीय संस्थामार्फत वितरण गर्ने परिपाटीको विकास भयो। एकातर्फ स्थानीय निकायमार्फत वितरण हुँदै आएको भत्ता बैंक तथा वित्तीय संस्थामार्फत सीधै खातामा जाने व्यवस्थाको थालनी हुने र अर्कोतर्फ देश पुनर्संरचनामा गएर पुराना सबै खाले संरचना नयाँ संरचनामा परिणत भई सोही अनुसार निर्वाचनसमेत भयो।

यो अवस्थासम्म आइपुग्दा सरकारले शुरु गरेको बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरणको कामले प्रभावकारी गति लिन सकेको थिएन। किनभने देशका सबै स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाको सहज पहुँच छैन। बैंकको पहुँच नभएकै कारण स्थानीय निकायको निर्वाचनका बेला सामाजिक सुरक्षा भत्ताका लाभग्राहीले निर्वाचनमा उम्मेदवार भएर आउनेसँग मुख्य मुद्दाको रूपमा हात-हातमा सामाजिक सुरक्षा भत्ता पुग्नुपर्ने कुरालाई उठाएको पाइएको छ। जुन मुद्दाका कारण अहिले पहाडी जिल्ला र हिमाली जिल्लाका विकट ठाउँमा सामाजिक सुरक्षा भत्ता वितरणमा निकै ढिलाइ भएको छ।

गत माघ महिनामा वितरण भैसक्नुपर्ने सामाजिक सुरक्षा भत्ता अहिलेसम्म पनि वितरण हुन सकेको छैन। कर्मचारीले बैंकमार्फत मात्रै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रण गर्ने र जनप्रतिनिधिले सर्वसाधारणको पहुँचमा हुने गरी वितरण गरिनुपर्ने आवाज उठाएका कारण सामाजिक सुरक्षा भत्ता वितरणको काम लम्बिएको हो। अनियमितता कम गर्नको लागि बैंकमार्फत भुक्तानी दिनु निकै उत्तम उपाय हो तर गाउँ नै गाउँ भएका जिल्लामा बैंक तथा वित्तीय संस्थाको पहुँच नभएका कारण यो उपलब्धिविहीन बनेको छ।

त्यसैले केन्द्रीय पञ्जीकरण विभागले सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गर्नका लागि शुरु गरेको व्यवस्थापन सूचना प्रणालीलाई अधिकतम प्रयोग गर्दै अनियमितता कम र सेवाग्राही बढी लाभान्वित हुने गरी अब राज्यका सबै तहले कदम चाल्नुपर्छ। तेस्रो चौमासिक भत्ता पाउने मितिले ३ महिना बितिसक्दासमेत सामाजिक सुरक्षा भत्ता नपाउनु भनेको राज्यले सम्मानस्वरूप दिएको सुविधा समयमा नदिएर लाभग्राहीलाई अपमान गर्नु बराबार हो। बैंक तथा वित्तीय संस्थाको प्रयोग गर्ने वा सीधा लाभग्राहीलाई भुक्तानी गर्ने भन्ने निधो गर्ने काम राज्यको हो। आषनो काममा आएको उल्झनका कारण कुनै पनि लाभग्राहीलाई लामो समय सेवाबाट वञ्चित गर्न मिल्दैन।

पञ्जीकरण विभागले शुरु गरेको प्रणालीको आधारमा कोही पनि नागरिक दोहोरिने, मृत्यु भैसकेका नागरिकको नाममा पनि भत्ता निकासा हुने, उमेर बढाएर वा नामै नभएकाका नाममा भुक्तानी हुनेजस्ता समस्याको समाधान गर्दै सच्चा सेवाग्राहीलाई सेवा दिने र राज्यको ढिकुटीको उचित प्रयोग गर्ने कामका लागि राज्यका निकायलाई जिम्मेवार बनाउँदै नागरिक स्तरबाट चेतना बढाऔं।

*- रामकृष्ण खनाल, कालिकोट*

### आयल निगम प्रकरणको सत्यतथ्य खोई ?

नेपाल आयल निगमको जग्गा खरिद प्रकरण फेरि एकपटक चर्चामा आएको छ। एक सरकारी तथ्यांकले निगमको जग्गा खरिदमा कम्तीमा १ अर्ब ३४ करोड रुपियाँ राज्यकोषबाट अनियमितता भएको देखाएको छ। महालेखा परीक्षकको कार्यालयले गतसाता सार्वजनिक गरेको प्रतिवेदनमा १ अर्ब ९६ करोड ३२ लाख रुपियाँ भुक्तानी गरी खरिद भएको जग्गा सरकारी मूल्यांकनअनुसार ६१ करोड ७५ लाख रुपियाँको मात्रै देखिएको उल्लेख छ। जग्गा प्राप्ति ऐनअनुसार सरकारी दररेटमा जग्गा खरिद गर्नुपर्ने भए पनि पटक-पटक बिचौलियामार्फत टेन्डरबाट जग्गा खरिद भएकाले राज्यकोषमाथि अनियमितता भएको ठहर महालेखाको छ। सरकारी मूल्यांकनअनुसार जग्गाको दरभाउमा केही फरक हुने भए पनि सरकारी मूल्यांकनको ५० प्रतिशत नै बढी भुक्तानी हुँदा पनि १ अर्ब ३४ करोड रुपियाँ बराबरको घोटाला भएको देखिएको छ। निगमको जग्गा खरिद प्रकरणमा व्यापक अनियमितता भएको पाइएपछि सञ्चारमाध्यमले लगातार खोज समाचार प्रकाशन-प्रसारण गरेको थियो। सरकारी अधिकारी, संसदीय समिति, पत्रकारलगायतले अनुगमन गर्दा खरिद गरिएको जग्गा कमसल र ट्यांकरसमेत आवतजावत गर्ने बाटोको सुविधा नरहेको पाइएको थियो।

महालेखाले सार्वजनिक गरेको प्रतिवेदनमा जतातत्तै भ्रष्टाचार र अनियमितता व्याप्त रहेको तथ्य सार्वजनिक गरेको छ। त्यसैका आधारमा भ्रष्टाचारमा संलग्नहरूमाथि कारबाही गर्नुपर्ने र अनियमितता भएको राज्यकोषको रकम असुलउपर गर्नुपर्ने माग अहिले चौतर्फीरूपमा उठेको छ।

सञ्चारमाध्यममा सार्वजनिक विवरणअनुसार झापाको मेचीनगरमा खरिद जग्गामा ६२ करोड ६४ लाख रुपियाँ भुक्तानी भएको छ । तर, उक्त जग्गाको मूल्यांकन १० करोड ८२ लाख रुपियाँ मात्रै देखिएको छ । यस्तै, सर्लाहीको हरिहरपुरमा २७ करोड ४३ लाख रुपियाँमा खरिद भएको जग्गाको वास्तविक मूल्य पनि ९१ लाख रुपियाँ मात्रै देखिन्छ । यसै गरी, चितवनको लोथरमा ७४ करोड ८४ लाख रुपियाँमा खरिद भएको भनिएको जग्गाको सरकारी मूल्यांकन २८ करोड ५८ लाख रुपियाँ मात्रै रहेको छ। यस्तै, रूपन्देहीको वसन्तपुरमा करोड ४१ लाख रुपियाँमा खरिद भएको भनिएको जग्गाको मूल्यांकन २१ करोड ४४ लाख रुपियाँ मात्रै छ। यही दृष्टान्तका आधारमा राष्ट्रकोषको रकममाथि खुला ब्रह्मलुट भएको देखिन्छ। नेपाल आयल निगमले इन्धन भण्डारणका लागि जग्गा खरिद गर्दा करिब सवा ६१ करोड रुपियाँ राजस्व छली गरेको र १७ गुणा महँगो मूल्य तिरेर अनियमितता गरेको महालेखाको सार्वजनिक तथ्यबाट अनियमितताको स्पष्ट तस्वीर देखिन्छ। जग्गा खरिद प्रक्रिया नै कानुनसम्मत नदेखिएको महालेखाले निष्कर्ष निकालेको छ। सार्वजनिक निकायले कुनै खरिद गर्दा स्थानीय बजारमा प्रचलित दरभाउका आधारमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद कारबाही अघि बढाउनुपर्ने प्रावधान छ।

तर, निगमले त्यस्तो प्रावधानलाई मिचेर चितवन, रूपन्देही, झापा र सर्लाहीमा २ अर्ब ३१ करोड रुपियाँमा ९१ बिघा जग्गा खरिद गरेको थियो, जसमा ६१ करोड ३४ लाख रुपियाँ आयकर छली गरेको भन्दै महालेखाले छानबिन गरी असुल गर्नुपर्ने ठहर गरेको छ। २० लाख रुपियाँभन्दा बढीको खरिद गर्नुपर्ने अवस्थामा निगमको आर्थिक प्रशासन तथा खरिद नियमावलीमा सञ्चालक समितिबाट स्वीकृत गर्नुपर्ने प्रावधान भए पनि कार्यकारी निर्देशक गोपाल खड्कालाई अधिकार प्रत्यायोजन गरेको थियो।

उक्त प्रकरणमा आर्थिक चलखेल भएको स्पष्ट हुँदाहुँदै पनि निगमका तत्कालीन कार्यकारी निर्देशक खड्कालगायतका अधिकारीको विषयमा सरकार मौन बस्नु विडम्बनाको विषय बनेको छ। अनियमितताविरुद्ध प्रतिबद्ध रहेको बताउने सरकारले महालेखाले सार्वजनिक गरेको प्रतिवेदन कार्यान्वयन गर्ने तत्परता देखाउनुपर्छ। अनियमिततामा संलग्नमाथि कारबाही गर्ने हिम्मत देखाए मात्रै मुलुकमा बलियो सरकार रहेको जनताले अनुभूति गर्नेछन्।


*- संगम कार्की, बुटवल*

## सामाजिक सञ्जाल




एमाले र माओवादीका कोही-कोही नेता-कार्यकर्ताले मौरी पालेका त होलान् नि। मौरी पाल्नेलाई थाहा हुन्छ, दुईवटा मौरीका गोलालाई कसरी मिलाउने भन्ने कुरा।

**Milan Timilsina मिलन**
**@MilanTimilsina**



प्रेम अन्धो छ भने व्यवहार आँखा खोलेर गर्ने गर्नुस्, किनकि अभावमा पनि टिक्ने प्रेम उहिलेका कुरा खुइले भैसके आजभोलि।

कुमार कार्की
**@SonOfKarki**



यदि कोही व्यक्तिमा आत्मविश्वासको कमी भयो भने उसले आफ्नै छायालाई पनि भूत देख्छ र ठाउँको ठाउँ नै बेहोस हुन पुग्छ।

मनीषा दाहाल
**@DahalManisha_**

नेविसंघ, माओवादी केन्द्र र विप्लव माओवादी निकट अखिल क्रान्तिकारी, नयाँ शक्ति पार्टीनिकट नयाँ शक्ति विद्यार्थी युनियनले विभन्नि विभिन्न ६ बुँदे माग राखी त्रिभुवन विश्वविद्यालयको प्रदर्शनीमार्गमा रहेको कानुन संकाय डीनको कार्यालयमा ताला लगाएका छन्।

# राप्रपाको केन्द्रीय परिषद् बैठक वीरगञ्जमा हुने

काठमाडौं, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टीको केन्द्रीय परिषद्को बैठक जेठको पहिलो हप्ता वीरगन्जमा बस्ने भएको छ। सो बैठकमा अध्यक्ष कमल थापाले राजनीतिक तथा वैचारिक कार्यदिशासम्बन्धी कार्यपत्र अध्यक्ष कमल थापाले प्रस्तुत गर्नेछन् भने महामन्त्री एवं संगठन विभागका प्रमुख राजेन्द्र लिङ्देनले संगठनात्मक सुदृढीकरण कार्ययोजना प्रस्तुत गर्नेछन्।

आइतबार बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले केन्द्रीय परिषद्को बैठक बस्ने निर्णय गरेको हो। बैठकमा प्रशिक्षणसम्बन्धी कार्ययोजना प्रवक्ता एवं प्रशिक्षण विभाग प्रमुख भुवन पाठकले प्रस्तुत गर्नेछन्।

केन्द्रीय परिषद्मा निर्वाचन परिणामको समीक्षासम्बन्धी प्रतिवेदन केन्द्रीय सदस्य डा. विष्णु भण्डारीले प्रस्तुत गर्नुहुनेछ।

परिषद्मा केन्द्रीय कार्यसमितका सदस्यहरू, सांसदहरू, जिल्ला अध्यक्षहरू, क्षेत्रीय अध्यक्षहरू, महानगरपालिका र उप-महानगरपालिकाका अध्यक्षहरू र भातृ संगठनका केन्द्रीय अध्यक्षहरू गरी करिब ६ सय सहभागी हुने प्रवक्ता भुवन पाठकले जानकारी दिनुभएको छ।

कार्यसम्पादन समिति बैठकले विधानमा समसामयिक र आवश्यक संशोधन गर्न पार्टीका केन्द्रीय सदस्य गोविन्द खनियाको संयोजकत्वमा विधान संशोधन सुझाव समिति गठन गर्ने निर्णय पनि गरेको छ। उक्त समितिको सदस्यहरूमा महामन्त्री डा. धवलशमशेर राणा, केन्द्रीय सदस्य रामबहादुर शाह, अम्बरबहादुर विष्ट र राजु बस्नेत रहनु भएको छ। केन्द्रिय परिषद बैठकमा विधान संशोधनसम्बन्धी प्रस्ताव विधान संशोधन सुझाव समितिका संयोजक गोविन्द खनियाले प्रस्तुत गर्नुहुने प्रवक्ता पाठकले बताउनुभएको छ।

राप्रपा कार्यसम्पादन समिति बैठकले मुलुकको वर्तमान परिस्थितिको गम्भीरता, राष्ट्रियता, प्रजातन्त्र र हिन्दुत्वमाथिको सम्भावित खतरालाई दृष्टिगत गर्दै सम्पूर्ण राष्ट्रवादी, प्रजातन्त्रवादी शक्तिहरू र हिजो राप्रपामा रहेका सबैलाई एकताबद्ध हुन आह्वान पनि गरेको छ।

## प्रधानसेनापति सुदूरपश्चिममा

काठमाडौं, (नेस)

प्रधानसेनापति राजेन्द्र क्षत्रीले मध्यपश्चिम पृतनाअन्तर्गत कपिलवस्तु जिल्लामा तैनाथ नारायणदल गण, कैलाली जिल्लामा तैनाथ नम्बर ५ वाहिनी अड्डा र डोटी जिल्लामा तैनाथ सुदूरपश्चिम पृतना हेडक्वार्टरको निरीक्षण गर्नुभएको छ। निरीक्षणका क्रममा प्रधानसेनापति क्षत्रीले उक्त पृतना, वाहिनी तथा गणको स्थलगत वस्तुस्थिति, तालिम, बन्दोबस्तीलगायतका बारे जानकारी हासिल गर्नुको साथै सकलदर्जालाई सम्बोधन गर्नुभएको थियो।

## जुवा अखडामा प्रहरीको छापा

काठमाडौं, (नेस)

काठमाडौं टोखा नगरपालिका-१३ जलविनायक चोकस्थित तिलक सुनुवारको घरमा जुवातास खेलिरहेका सुनुवारसमेत ६ जनालाई प्रहरीले शनिबार नगद ५२ हजार ३ सय ९० रुपियाँ, इन्डोनेसियन डलर १५ हजार, कोरियन डलर ११ हजार, इराकी डलर १ हजार, बंगलादेशी डलर ७७ र चिनियाँ युआन ४ सहित पक्राउ गरेको छ। यसै गरी काठमाडौं चन्द्रागिरी नगरपालिका-१३ नैकापमा जुवातास खेलिरहेका सोही ठाउँ बस्ने रामकृष्ण शाहीसहित ११ जनालाई नगद ५५ हजार ६ सय ५ रुपियाँसहित शनिबार प्रहरीले पक्राउ गरेको छ।

यस्तै काठमाडौं महानगरपालिका-१३ कालिमाटी टंकेश्वर डेरा गरी बस्ने रामेछाप सुनाकोठी गाउँपालिका-२ घर भएका रामबहादुर खड्काको डेरा कोठामा जुवातास खलिरहेका खड्कासमेत ९ जनालाई शनिबार प्रहरीले नगद ३८ हजार १ सय ६० रुपियाँ र ६ बुक ताससहित पक्राउ गरेको छ।

यसै गरी काठमाडौं महानगरपालिका-१४ कलंकी मकालु पेट्रोलपम्प अगाडि खाली जग्गामा जुवातास खेलिरहेका नुवाकोट सूर्यगढी गाउँपालिका-५ घर भई टेकु बस्ने सूर्यबहादुर बोगटीसमेत ४ जनालाई नगद १३ हजार १ सय रुपियाँ र १ बुक ताससहित शनिबार प्रहरीले पक्राउ गरेको छ।

## प्रवेश परीक्षाको विरोध गर्दै ताला

काठमाडौं, (नेस)

प्रवेश परीक्षाको विरोध गर्दै चार विद्यार्थी संगठनले आइतबार नेपाल ल क्याम्पसमा ताला लगाएका छन्।

३ वर्षे स्नातक तहको प्रथम वर्षमा विद्यार्थी भर्ना लिन सीमित कोटा कायम गरेको विषयमा असन्तुष्टि जनाउँदै तालाबन्दी गरिएको हो। नेविसंघ, माओवादी केन्द्र र विप्लव माओवादी निकट अखिल क्रान्तिकारी, नयाँ शक्ति पार्टीनिकट नयाँ शक्ति विद्यार्थी युनियनले विभन्नि विभिन्न ९ बुँदे माग राखी त्रिभुवन विश्वविद्यालयको प्रदर्शनीमार्गमा रहेको कानुन संकाय डीनको कार्यालयमा ताला लगाएका हुन्।

माओवादी केन्द्र निकट अखिल क्रान्तिकारी क्याम्पस समितिका सचिव दिलकुमार वनले अघिल्लो वर्षअनुसारकै भर्ना प्रक्रिया अगाडि बढाउन माग राखी ताला लगाएको दाबी गर्नुभयो।

डीन कार्यालयले ६ सय जनाको कोटा तोकेर गत शुक्रबार नयाँ भर्नाको सूचना टाँस गरेको थियो। यसअघि कार्यालयले मेरिटको आधारमा ५ सय कोटा नबढ्ने गरी कोटा तोकेकोमा असन्तुष्टि जनाउँदै नेकपा एमालेनिकट अखिलले वैशाख ७ गतेदेखि ४१ दिनसम्म ताला लगाएको थियो।

# ‘कांग्रेसले बीपीको विचार छोड्यो’



नेपाल समाचारपत्र

काठमाडौं

स्थानीय, प्रादेशीक र संघीय तीनै तहको निर्वाचनको विस्तृत समीक्षा गर्न बसेको केन्द्रीय समिति बैठकमा केन्द्रीय सदस्यहरूले स्वतन्त्र एवं निष्पक्ष ढंगले समीक्षा गर्नुपर्ने भन्दै व्यक्त गरेको विचारप्रति केन्द्रीय सदस्य कुलबहादुर गुरुङले असन्तुष्टि जनाउनुभएको छ।

उहाँले पार्टीलाई गतिशील बनाउने प्रयास गर्नुभन्दा पनि एकले अर्कालाई दोष मात्र थोपरेर आफू चोखो बन्ने प्रवृत्ति देखाएको भन्दै केन्द्रीय सदस्य गुरुङले असन्तुष्टि व्यक्त गर्नुभएको छ।

निर्वाचनको समीक्षा गर्न आइतबारदेखि पुनः शुरू भएको कांग्रेस बैठकमा लिखित धारणा राख्ने केन्द्रीय सदस्य गुरुङले पार्टीको तीनै तहमा भएको लज्जास्पद पराजयको सम्पूर्ण जिम्मेवारी टिकट वितरण गर्ने संसदीय समिति, वर्तमान केन्द्रीय कार्यसमिति र यसको नेतृत्वले लिनुपर्ने बताउनुभएको छ।

सभापति शेरबहादुर देउवाको कार्यशैलीप्रति चर्को असन्तुष्टि राख्दै उहाँले १३औं महाधिवेशनमा नेतृत्व चयनको निर्वाचनमा देउवालाई गरेको प्रस्तावसमेत फिर्ता लिएको बताउनुभएको छ।

सिद्धान्त, निष्ठा र आदर्शलाई भुलेर वर्तमान नेतृत्व केवल सत्ता केन्द्रित हुँदा पार्टी यो अवस्थामा आइपुगेको केन्द्रीय सदस्य गुरुङको ठम्याइ रहेको छ।

निर्वाचनको समीक्षा गर्दै कांग्रेस नेता गुरुङले अहिले नेपाली कांग्रेसले आफ्नो स्थापनाकालीन नीति र सिद्धान्त एवं राजनेता बीपी कोइरालाले अवलम्बन गर्नुभएको विचार र चिन्तनलाई छोडेका कारण नेपाली कांग्रेस आजको यो दुःखदायी अवस्थामा आइपुगेको हो भन्ने निष्कर्ष निकाल्नुभएको छ।

साथै उहाँले संवैधानिक प्रावधानबमोजिम नेपाली कांग्रेसको विधानमा समयनुकूल परिमार्जन गरी सबै तहका समितिलाई विघटन गरी तदर्थ समिति बनाएर सबै तहको अधिवेशन, आगामी ६ महिनाभित्र महाधिवेशन सम्पन्न गरी नयाँ निर्वाचनको माध्यमबाट नयाँ नेतृत्वको चयन गर्नु एक मात्र समाधान भएको पनि बताउनुभएको थियो।

बीपीका सच्चा अनुयायीका रूपमा चिनिने कांग्रेसका पुराना नेता गुरुङले स्थानीय निकायको निर्वाचनमा भएको कांग्रेसको पराजयलाई नेपाली कांग्रेसको केन्द्रीय नेतृत्वले समयमै गम्भीरतापूर्वक नलिई तिनै गल्ती र कमजोरीलाई निरन्तरता दिँदा प्रतिनिधिसभा र प्रदेससभा निर्वाचनमा नेपाली कांगेसले नराम्रोसँग पराजय भोग्नुपरेको बताउनुभएको थियो। ‘निर्वाचनमा भएको यो पराजयले नेपाली कांग्रेसले आज आफ्नो साख मात्र गुमाएको छैन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा यसले आफ्नो लोकप्रियता गुमाएको छ’, बेठकमा लिखित धारणा राख्दै गुरुङ भन्नुभयो- ‘पार्टीको नीति, सिद्धान्त र कार्यक्रमलाई भन्दा सत्तालाई प्राथमिकता दिँदै हामी कहिले उग्रवामपन्थीहरूसँग अंकमाल गर्न पुग्यौं भने कहिले उग्रदक्षिणपन्थीहरूसँग। सिद्धान्त, निष्ठा र आदर्शलाई भुलेर हाम्रो वर्तमान नेतृत्व केवल सत्ता केन्द्रित हुँदा पार्टी आजको यो अवस्थामा आइपुगेको हो।’

‘पार्टी विधानअनुसार ११ जनाको बनाउनुपर्ने संसदीय समितिलाई २५ जनाको बनाउँदा पनि हामी सबै मौन रह्यौं। जिल्लाबाट सिफारिस नगरिएका व्यक्तिलाई टिकट दिँदा र एक ठाउँबाट सिफारिस गरिएका व्यक्तिलाई अर्को ठाउँमा टिकट दिँदा हामी कोही बोलेनौं। कार्यसमितिको कुरै छोडौं संसदीय समितिमा पनि छलफल नै नगरी भागवण्डाका आधारमा टिकट वितरण भयो’, गुरुङले भन्नुभएको छ- ‘विधानविपरीत बनेको संसदीय बोर्डका सबै सदस्यहरूले आफैंले टिकट लियौं तर दुर्भाग्य मुस्किलले चार जनाले मात्र जित्यौं, योभन्दा लज्जाको विषयको अरू के हुन सक्छ ?’ ‘आफैं टिकट बाँड्ने, आफैं टिकट लिने र आफू आफ्नो क्षेत्रमा जित्न पनि नसक्ने, अनि पराजयको दोष जति अर्काको टाउकोमा पन्छ्याएर हामी उम्कन सक्दैनौं ?’, उहाँले भन्नुभयो- ‘यो पराजयको जिम्मेवारी संसदीय बोर्डका सबै सदस्यहरू र यो केन्द्रीय कार्यसमितिले लिनुपर्दछ।’

स्थानीय तहको निर्वाचनका क्रममा चितवनको भरतपुर नगपालिकामा पार्टीको सिद्धान्त, नीतिविपरीत पार्टीको कार्यसमितिलाई पनि छली सत्ता केन्द्रित मोहबाट अभिप्रेरित भएर माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड पुत्रीलाई जिताउन हँसिया हथौडामा भोट मागेको, प्रजातान्त्रिक मूल्य र मान्यता एवं स्वतन्त्र न्याय पद्धतिप्रति पार्टीको अटुट आस्था र विश्वासको भावनामा चोट पुग्ने गरी पार्टी सभापति र सभापतिका हैसियतमा प्रधानमन्त्री बनेका देउवाको क्रियाकलापबाट स्वतन्त्र न्यायालयको गरिमाप्रति पुग्न गएको चोट, विभिन्न कार्यक्रम र मञ्चहरूमा पार्टी सभापति एवं प्रधानमन्त्रीको हैसियत र गरिमाविपरीत विवादास्पद अभिव्यक्तिले पार्टीको लोकप्रियतामा गम्भीर क्षति पुग्न गएको केन्द्रीय सदस्य गुरुङको आरोप थियो।

आइतबारको बैठकमा केन्द्रीय सदस्यहरू मीन विश्वकर्मा, ईश्वरी न्यौपाने, प्रदीप पौडेल, देवेन्द्रराज कँडेल र बहादुरसिंह लामाले पनि निर्वाचनको समीक्षा गर्दै आफ्नो धारणा राखेका थिए।

निर्वाचनको विस्तृत समीक्षा गर्न चैत्र ९ गतेदेखि जारी कांग्रेस बैठक खुमबहादुर खड्काको निधनपछि चैत्र १६ गतेदेखि स्थगित भएको थियो। बैठकमा हालसम्म ४८ जना केन्द्रीय सदस्यले लिखित तथा मौखिक धारणा राखिसकेका छन्। निर्वाचनको विस्तृत समीक्षाका लागि जिल्ला-जिल्लाबाट समीक्षात्मक प्रतिवेदन मागिए पनि जिल्लाबाट आएको प्रतिवेदन खोलिएको छैन। जिल्लाको प्रतिवेदनको वास्ता नगरी केन्द्रीय सदस्यहरू आरोप-प्रत्यारोप मात्र गरिरहेका छन्।

## भारतीय रुपयासहित मरहु नियन्त्रणमा

काठमाडौं, (नेस)

नवलपरासीको विनय त्रिवेणी गाउँपालिका-७ स्थित ग्यारेजपुलबाटे एपीएफ र नेपाल प्रहरीको टोलीले भारतीय नोटसहित एक जनालाई पक्राउ गरेको छ।

भारतको बगाहा घर बताउने कृष्ण मरहुलाई सशस्त्र प्रहरी बल नेपाल अस्थायी सुरक्षा पोस्ट त्रिवेणीबाट खटिएको एपीएफ टोली र नेपाल प्रहरीको टोलीले पक्राउ गरेको हो।

गस्तीमा खटिएको एपीएफ टोलीले उक्त स्थानमा जाँच गर्दा निज मरहुको साथमा भारतीय रुपया ५ सयको नोट ४ सय वटा र २ हजार दरको नोट २ सय वटा फेला पारेपछि उनलाई पक्राउ गरिएको हो।

पक्राउ परेका निज मरहुलाई आवश्यक कारबाहीका लागि बरामद भारतीय रुपयासहित स्थानीय प्रहरीमा बुझाइएको छ।

## नक्कली बिलबुक बनाउने चौधरी समातिए

काठमाडौं, (नेस)

विभिन्न कम्पनीका मोटरसाइकल भारतबाट चोरी निकासी गरी नेपाल ल्याई नक्कली बिलबुक बनाएर सक्कली मोटरसाइकल हो भनी झुकाई बिक्री गर्ने ३ जनालाई प्रहरीले १३ वटा मोटरसाइकल, नगद १ लाख ४२ हजार ३ सय ५० रुपियाँ, बिलबुक ७ थान, मोटरसाइकलको साँचो ६ थानसहित पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा दाङ केहुली घर भएका सनम चौधरी, मकवानपुर धिमाल घर भएका धनबहादुर योञ्जन र दोलखा बिर्तेश्वर घर भएका गोपाल नेपाली रहेका छन्।

## लागूऔषधसहित पक्राउ

काठमाडौं, (नेस)

प्रतिबन्धित लागूऔषध करोबार गर्ने सोलुखुम्बु तिङ्ला घर भएका लाक्पा शेर्पा, रविन गुरुङ, पर्सा लङ्गढी घर भएका दिपु कुमार, राजुकुमार राईलाई प्रहरीले शनिबार पक्राउ गरेको छ।

महानगरीय प्रहरी वृत्त लैनचौरबाट खटिएको प्रहरी टोलीले शनिबार उनीहरूलाई नयाँबजारबाट डाइजेल्याब ५ सय ७६ एम्पुल, फेनारगन ५ सय ९० एम्पुल र नोफिन ५ सय ५६ एम्पुलसहित पक्राउ गरेको हो।

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : परिवार, इष्टमित्रमा विवाद, निरर्थक दौडधुप, लखतरान भइनेछ।
**वृष** : पैसा प्राप्ति, जागिर, पढाइ, व्यापारमा सफलता, सम्मान बढ्नेछ।
**मिथुन** : धनलाभ, सुख-सन्तोष, पराक्रम वृद्धि, मानसिक प्रसन्नता।
**कर्कट** : उपहारादि वस्तु प्राप्ति, आफ्नो बोली बिक्ने, कार्य सफल हुनेछ।
**सिंह** : साथीभाइसँग विवाद, धनहानि, दुर्घटनाको सम्भावना देखिन्छ।
**कन्या** : साथीभाइबाट सहयोग, पारिवारिक सुख, मिष्ठान्न भोजन प्राप्ति।
**तुला** : कोसेली-उपहारादि वस्तु प्राप्ति, कामकाज सफल, स्फूर्ति जाग्नेछ।
**वृश्चिक** : प्रतिष्ठा वृद्धि, राज्यबाट लाभ, पढाइ वा परीक्षामा सफलता।
**धनु** : रोगको भय, काममा बाधा, आर्थिक नोक्सानी, शारीरिक कष्ट।
**मकर** : धनलाभ, मान-सम्मान, समस्याको समाधान, वाहन-सुख हुनेछ।
**कुम्भ** : आर्थिक लाभ हुने, प्रतिस्पर्धी वा शत्रुमाथि विजय हासिल हुनेछ।
**मीन** : काममा सफलता, स्वस्थताको महसुस, आम्दानीको सम्भावना।



# प्रदेश-३




छात्राले महिनावारी हुँदा पनि प्याड किन्न नपरोस् भन्ने उद्देश्य र घरमा भएका कपडा पुनःप्रयोग हुने भएकाले कार्यक्रम गरिएको सामाजिक विकास शाखा प्रमुख कविता भट्टले बताइन्।



## दुई महिनामा चार बाघ मरे

**कृष्ण आचार्य, चितवन**



चितवनको पूर्वी क्षेत्रमा दुई महिनायता चार बाघ मरेका छन्। चितवन राष्ट्रिय निकुञ्जमा दुई बाघ र राष्ट्रिय वन क्षेत्रमा दुई बाघ मृत फेला परेका हुन्। आइतबार बिहान चितवन राष्ट्रिय निकुञ्जको छेउ राप्ती किनारमा वयस्क पोथी बाघ मृत फेला परेको छ। बाघ अर्को बाघसँगै जुधेर मरेको हुनसक्ने चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी एवं सहायक संरक्षण अधिकृत नुरेन्द्र अर्यालले जानकारी दिए। अर्यालका अनुसार मृत फेला परेको बाघको घाँटी र पेटमा गहिरो घाउ छ। उक्त क्षेत्र वरपर एक महिनाअघि गत चैत १० गते पनि एउटा पोथी बाघ मृत फेला परेको थियो।

आइतबार बिहान स्थानीयवासी सीता गुरौले घाँस काट्न जाने लागेका बेला बाघ मरेको देखेपछि निकुञ्जलाई खबर गरेकी थिइन्। 'साथीहरूसँगै घाँस काट्न जाँदै थियौं, बाघ देख्यौं, अनि फर्किएर खबर गरेका हौं' -घटनाबारे गुरौले भनिन्। हेर्दा बाघको घाँटीमा अर्को बाघले टोकेको देखिन्छ। ठाउँ र आहाराका लागि अरू बाघसँग लडाइँ भएको निकुञ्ज कार्यालयको अनुमान छ। योसँगै पछिल्लो दुई महिनाको अन्तरालमा मात्रै चितवनमा ४ वटा बाघ मरिसकेका छन्। पछिल्लो गणनामा नेपालभर १ सय ९८ बाघमध्ये चितवनमा मात्रै १ सय २० बाघ छन्।

## स्थानीय निकायको न्यायिक कार्यमा असहज

**नेपाल समाचारपत्र**

हेटौंडा

नेपालको परिवर्तित व्यवस्थामा नगर उपमेयर तथा गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था छ। हालै प्रमाणीकरण भएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँसभा, नगरसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन गर्नुपर्ने नीतिगत व्यवस्था छ।

स्थानीय तहमा रहेका न्यायिक समितिलाई आलीधुरी, बाँधपैनी, कुलो वा पानीघाटको बाँडफाँट तथा उपयोग, अर्काको बाली नोक्सानी गरेको, चरन, घाँस, दाउरा, ज्याला मजदूरी नदिएको, घरपालुवा पशुपंक्षी हराएको वा पाएको, ज्येष्ठ नागरिक पालनपोषण तथा हेरचाह नगरेको, नाबालक छोराछोरी, पतिपत्नीलाई इज्जत आमदअनुसार खान/लाउन वा शिक्षादीक्षा नदिएकोसम्बन्धी विवाद निरुपण गर्ने अधिकार छ।

मकवानपुरको सन्दर्भमा पनि स्थानीय तहका जनप्रतिनिधिलाई न्यायिक कार्य सुम्पिएको छ। तर, यहाँका जनप्रतिनिधि भने विभिन्न मुद्दाका कानुनबारे अनविज्ञ भएको पाइन्छ।

हेटौंडा उपमहानगर उपमेयर मीना लामा कानुनी सल्लाह दिने नहुँदा आफू कुनै समयमा अप्ठ्यारोमा पर्नेगरेको बताउनुहुन्छ। लामा समाजशास्त्रकी विद्यार्थी हुनुहुन्छ। उपमेयर भएपछि न्यायिक समितिको जिम्मेवारी लिनुपरेको लामाले बताउनुभयो। तर, यसको काम, कर्तव्य र आवश्यक प्रक्रिया पूर्णरूपमा जानकारी नभएका कारण उहाँले हाल एलएलबी अध्ययन थाल्नुभएको छ।

लामा भन्नुहुन्छ- 'कानुनी सल्लाह दिने अधिवक्ता त नगरपालिकामा छन् तर उपमेयरकै सल्लाहका लागि भनेरचाहिँ छुट्याइएको छैन। कानुनी सल्लाहकार नहुँदा समितिमा आउने गरेका निवेदनमाथि फैसला गर्न कुनै समय गाह्रो हुने उहाँको गुनासो छ।

भीमफेदी गाउँपालिका उपप्रमुख पार्वती राना भन्नुहुन्छ- 'हालसम्म कुनै स्थानीय तहमा कानुनी व्याख्या गर्नसक्ने अधिवक्ता नियुक्त गरिएका छैनन्। यसले अलि असहज भएको छ।' ग्रामीण विकास अध्ययन गर्नुभएकी उहाँले हालसम्म आएका न्यायिक कार्यमा काम गरिरहनुभएको त छ तर, भविष्यमा आउने विभिन्न मुद्दालाई आफूले सहजीकरण गर्न नसक्ने हो कि भन्ने रानाको आकलन छ।

बागमती गाउँपालिका उपप्रमुख धन लामा कानुनबारे स्पष्ट व्याख्या गर्नसक्ने अधिवक्ता नियुक्त नभए पनि स्थानीय तहका न्यायिक समिति मुद्दा धमाधम छिनिरहेको बताउनुहनछ। 'कानुनी जटिलता डरलाग्दो छ, यसबारे आफूलाई पनि पूर्ण ज्ञान छैन' -लामाले भन्नुभयो। गाउँपालिकाले अधिवक्ता नियुक्त गरेको छैन। जनताको काम नगरी बस्न सक्ने अवस्था पनि छैन। आफूमा ज्ञान भएको जति बुझाएर पठाउने गरेको लामाले बताउनुभयो।

राक्सिराङ गाउँपालिका उपप्रमुख निर्मला हिमडुङले गाउँमा भएका सबै घटना न्यायिक समितिमा आउने गरेकाले के गर्ने भन्नेबारे आफूहरू अनविज्ञ रहेको बताउनुभयो। यसका लागि एक पटक तालिम सञ्चालन भए पनि अझै पूर्णरूपमा आफू विज्ञ नभएको उहाँले बताउनुभयो। कानुनी सल्लाहकार राख्न पाउनुपर्ने माग उहाँको छ।

न्यायबारे जानकारी नहुँदा नहुँदै पनि आफूहरूलाई जिम्मेवारी थमाएकाले समस्या भएको उहाँको भनाइ छ। हिमडुङकोजस्तै समस्या जिल्लाका १० वटै स्थानीय तहका उपमेयर र उपाध्यक्षलाई छ। निर्वाचनपछि जनप्रतिनिधिले स्थानीय तह सम्हालेको १ वर्ष भइसकेको छ।

## २०७५ साल राम्रो नभएको धामीको भविष्यवाणी

**शालिकराम चालिसे, नुवाकोट**



नेपालको लागि २०७५ साल राम्रो नभएको नुवाकोटको भैरवी मन्दिरका धामी हरिमानसिंह डंगोलको भविष्यवाणीले बताएको छ। भैरवी मन्दिरका पुजारी हरिमानसिंह डंगोलले राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पठाइएको भविष्यवाणीमा नेपालका लागि यो वर्ष राम्रो नभएको बताएका हुन्।

प्रत्येक वर्ष भैरवी रथ यात्राका क्रममा देवीघाटमा तान्त्रिक विधिअनुसार बली दिइसकेपछि धामीले राष्ट्रका बारेमा भविष्यवाणी गर्ने चलन चलिआएको छ। उक्त भविष्यवाणी राष्ट्रप्रमुखसमक्ष पठाइने परम्पराअनुसार हुलाकमार्फत धामीको भविष्यवाणी पठाइएको नुवाकोट दरबार मौला अमालले जनाएको छ।

दरबार मौला अमाल नुवाकोटका द्वारे महेन्द्रबहादुर शाहीले जनाएअनुसार गत चैत १७ गते राति देवीघाटमा गुभाजु मुसमरत्न बज्राचार्यले तान्त्रिक विधिबाट आमन्त्रण गर्दा देवीदेवता कम उपस्थित भएको र आएका देवीदेवता पनि धामीलाई यो वर्ष राम्रो छैन भन्ने संकेत गरेर फर्किएका थिए।

धामीको भविष्यवाणी राष्ट्रपतिकहाँ पठाइएको र परम्पराअनुसार त्यहाँबाट जवाफ आएपछि क्षमापूजालगायतका आवश्यक काम गरिने पनि द्वारे शाहीले जानकारी दिए।

## 'प्रदेश सरकारकै कारण अलमल'

**मोतीराम तिमल्सिना, काभ्रे**

आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नम्बर ३ को आयोजना तथा जिल्ला समन्वय समिति काभ्रेको संयोजनमा चालू र आगामी आवको बजेट तथा कार्यक्रम निर्माण विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

आर्थिक मामिला तथा योजनामन्त्री युवराज दुलालको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा प्रदेश तहका मन्त्रालयहरूको कार्य प्रगति तथा आगामी योजनाका बारेमा जानकारी गराइएको थियो। 'विकासका कार्यक्रमलाई जनमुखी बनाउन र प्रदेशमार्फत स्थानीय सरकारलाई समृद्ध बनाइनेछ', मन्त्री दुलालले भने- 'प्रदेशको राजधानी स्थायी नहुँदासम्म प्रदेश सरकारका कामहरू समेत अस्थिरजस्तो देखिएको छ।' जिल्ला समन्वय समिति काभ्रेका प्रमुख उद्धव केसीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेशसभा सांसद रत्न ढकाल, लक्ष्मण लम्साल, वसुन्धरा हुमागाईं र गोमा भुर्तेल सहभागी थिए।

प्रदेश सरकारले हालसम्म सम्पादन गरेका कार्यको जानकारी, सूचना तथा तथ्यांक संकलन एवं आगामी आवको लागि योजना/आयोजनाको लगत संकलन गर्ने एवं सहभागीहरूबाट रायसुझाव संकलन गरिएको थियो। कार्यक्रममा १३ वटै स्थानीय सरकारका प्रतिनिधि सहभागी थिए। प्रदेश सरकारका मन्त्रालयहरूका प्रतिनिधिमार्फत सरकारका गतिविधि प्रस्तुत गरिएको थियो। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी शिवप्रसाद सिंखडा, जिल्ला समन्वय समितिका उपप्रमुख मञ्जु गौतम, समन्वय अधिकारी कोमलप्रसाद धमला, नेपाल पत्रकार महासंघ काभ्रे शाखाका अध्यक्ष मोतिराम तिमल्सिना, कार्यालय प्रमुख, सरोकारवाला निकायका प्रतिनिधि सहभागी थिए।

कर्मचारीको व्यवस्थापन, जनप्रतिनिधिको पारिश्रमिक, योजनाको सञ्चालनजस्ता विषयमा प्रदेश सरकार र प्रदेश सरकारका मन्त्रीको सुस्तता भएको भन्दै सहभागीहरूले आलोचना गरेका थिए। भुम्लु गाउँपालिकाकी उपाध्यक्ष कल्पना श्रेष्ठले प्रदेश सरकारको ढिलासुस्तीले स्थानीय सरकारसमेत अलमलमा परेको बताइन्। 'कृषि र उद्योगमार्फत रोजगार बढाउन नीतिनियम बनाउनुपर्छ' -उपाध्यक्ष श्रेष्ठले भनिन्। सहभागीले प्रदेश सरकारको अलमलका कारण कर्मचारीले काम गर्न नपाएको गुनासो गरे।

## सार्वजनिक स्थानमा बनेका घर भत्काउन शुरू

**सीताराम अधिकारी, धादिङ**

नीलकण्ठ नगरपालिकाले सदरमुकाम धादिङबेंसीको सार्वजनिक जग्गामा बनेका भौतिक संरचना शनिबारबाट भत्काउन थालेको छ।

सदरमुकाम रहेको नीलकण्ठ नगरपालिका क्षेत्रमा अत्यधिकरूपमा सार्वजनिक स्थान चेपेर बनाइएका निजी घर तथा टहरा हटाउन शनिबार बिहान पुछारबजार पुलबाट डोजर लगाएर शुरू गरिएको नीलकण्ठ नगरपालिकाका उपमेयर मनराज भण्डारीले बताउनुभयो।

नगरपालिकाको निर्णयअनुसार सार्वजनिक स्थान खाली गर्ने र खोला किनारमा रिङरोड बनाउने तथा अन्य जग्गा नगरपालिकाले संरक्षण गर्न खाली गर्न थालिएको भण्डारीले बताउनुभयो।

धादिङबेंसी बजार र आसपासको क्षेत्रमा सार्वजनिक जग्गा मिचेर घर निर्माण गरिएको र व्यवसायसमेत सञ्चालन गरिएकाले तत्काल आफैंले हटाउन सम्बन्धितलाई आग्रह गरिए पनि अतिक्रमणकारीले अटेर गर्दै आएका छन्।

आसी खोला र थोपलखोलामा ५ मिटरसमेत खोला नछोडी घर बनाइएको, बजार क्षेत्रमा धेरै सार्वजनिक जग्गा देखिए पनि व्यक्तिले पक्की घर बनाएर प्रयोग गरेको पाइएपछि सार्वजनिक सम्पत्तिको

## एमाले नुवाकोटको शुभकामना

नुवाकोट, (नेस)

नेपाल कम्युनिस्ट पार्टी एमाले नुवाकोटले आइतबार पार्टी स्थापनाको ७०औं दिवस पारेर चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गरेको छ।

पार्टी स्थापना दिवसको अवसर पारेर आयोजना गरिएको कार्यक्रममा बोल्दै एमाले नुवाकोटका अध्यक्ष तथा नुवाकोट प्रतिनिधिसभा क्षेत्र नं १ का निर्वाचित सांसद नारायणप्रसाद खतिवडाले दुवै कम्युनिस्ट पार्टीको स्थापनाले देशले समृद्धिको बाटो समात्ने बताउनुभयो।

त्यस्तै कार्यक्रमका बोल्दै माओवादी नुवाकोटका प्रमुख तथा प्रदेश सभासद हीरानाथ खतिवडाले नेपालको जनता सधैं परिवर्तनशील र क्रान्तिकारी भएको भन्दै जनताले परिवर्तनका लागि निरन्तर सहयोग गरिरहेको बताउनुभयो। कार्यक्रममा बोल्दै पूर्वसांसद विन्दा ढुङ्गानाले कम्युनिस्ट पार्टीको एकतासँगै

## सामुदायिक वनमा आगलागी

**नेपाल समाचारपत्र**

काभ्रे

चैत-वैशाख हावाहुरीको समय भएकाले सचेत रहन सरोकारवाला निकायले अनुरोध गरेको भए पनि सर्वसाधारणले सामुदायिक रहेको चुच्चे राम्चे सामुदायिक वनमा लागेको आगो नेपाली सेना, नेपाल प्रहरी र स्थानीयको सहयोगमा नियन्त्रणमा लिइएको थियो। नमोबुद्ध नगरपालिकाका नगरप्रमुख टीपी शर्मा तिमल्सिनाको अगुवाइमा स्थानीयद्वारा आगो नियन्त्रणमा लिने प्रयास भएको थियो। पिउनेपानीसमेत नभएको कानुपरमा वनमा आगलागी भइरहेको छ। आगलागीका कारण जंगलमा भएका सबै बोटविरुवा र अन्य ठूला-ठूला रूख जलेर नष्ट भएका छन्। आगो नियन्त्रणका लागि नेपाली सेनाको टोली खटिएको छ। कानपुरको आगो नियन्त्रणमा आए पनि तेमाल र रोशीको आगो अझै नियन्त्रणमा आउन सकेको छैन। रोशी गाउँपालिका-७ को



वनलाई आफ्नो नसम्झँदा नमोबुद्ध नगरपालिकामा आगलागी भएको छ। महाभारत क्षेत्रका तेमाल, रोशी, खानीखोला, वनखुलगायतका क्षेत्रमा आगलागी भएको नेपाली सेनाले जानकारी दिएको छ।

शनिबार राति नमोबुद्ध नगरपालिका वडा नम्बर ५ मा लागेको आगो नियन्त्रणका लागि दमकल बोलाइएको थियो। जहाँ खानेपानी प्रतिलिटर २ रुपियाँमा खरिद हुँदै आएको छ। खानेपानीका लागि स्थानीय सरकारले समेत बजेट उपलब्ध गराएको छ।

जिल्लाकै तेमाल गाउँपालिकाको नारायणस्थाननजिकैको सामुदायिक सामुदायिक वनमा पनि आगलागी भइरहेको छ। शुक्रबार नमोबुद्ध नगरपालिकाकै छत्रेबाँझमा बिजुली सर्ट हुँदा लागेको आगोका कारण क्षति पुगेको छ। न्यौपाने गाउँमा लागेको आगो सुरक्षा निकाय, स्थानीयको सक्रियतामा नियन्त्रणमा आएको थियो।

## आफैं प्याड बनाउँछन् विद्यालयका किशोरी

**नेपाल समाचारपत्र**

हेटौंडा

बकैया गाउँ कार्यपालिका मकवानपुरको आयोजनामा घरेलु सेनेटरी प्याड बनाउने तालिम आइतबार सकिएको छ। गाउँपालिकास्तरीय तलिममा विद्यार्थी तथा महिला शिक्षक गरी ३० जना सहभागी थिए।

महेन्द्र मावि, प्रभात मावि, कर्मप्राप्ति, ज्योति मावि, कालीदेवी मावि, बकैयाठाकुर आधारभूत विद्यालय, जनक माविका महिला शिक्षक र विद्यार्थीले तालिम लिएका थिए।



विद्यार्थीसँग खाजा खानदेखि महिनावारी हुँदा प्याड किन्न अभिभावकसँग पैसा माग्नुपरेको कुरालाई मध्यजनर गर्दै घरमा भएका कपडा सदुपयोग गर्दै पढाइमा असर नपर्ने गरी तालिम दिइएको प्रशिक्षक शक्ति समूहकी सामाजिक परिचालिका कुन्ती लामाले बताइन्।

छात्राले महिनावारी हुँदा पनि प्याड किन्न नपरोस् भन्ने उद्देश्य र घरमा भएका कपडा पुनःप्रयोग हुने भएकाले कार्यक्रम गरिएको सामाजिक विकास शाखा प्रमुख कविता भट्टले बताइन्। विद्यालयमा यस्तो तालिम सम्भवतः पहिलो हो।

विद्यालयमा अध्ययनरत छात्रालाई महिनावारी हुँदा चार दिनसम्म विद्यालय छाड्नुपर्ने बाध्यता यस्तो तालिमले हट्ने लामाको विश्वास छ। पहिले महिनावारी हुँदा विद्यालय छाड्ने भए पनि हाल घरेलु सेनेटरी प्याड बनाउन सक्ने भएपछि केही सहज हुने उनको विश्वास छ।

जिल्लाका केही विद्यालयका शिक्षक र विद्यार्थीको पहलमा प्रत्येकबाट पाँच रुपियाँ संकलन गरेर सेनेटरी प्याड किन्ने गरिएको छ। छात्राहरू महिनावारी हुँदा उनीहरूलाई प्याड दिने गरेपछि बीचमा कक्षा छाड्ने समस्या हटेको विद्यालयका शिक्षकहरू बताउँछन्। छात्राहरू महिनावारी भएर विद्यालय आउँदा प्याड पनि सँगै ल्याउने हुनाले विद्यालय छाड्नुपर्ने बाध्यता हटेको छ।

उमेर पुगेका किशोरीमा देखिने महिनावारी सामान्य प्रक्रिया हो। यसमा कुनै किसिमका लाज नमान्न सुझाव दिइएको प्रशिक्षक लामाले बताइन्। उनले विद्यालयका

२०७५ वैशाख
सोमबार
१०

????

नेपाल

# विश्व

**नव नाजी**

अमेरिकी राज्य जर्जियाको न्यूननमा आयोजित नव नाजी समूह नेसनल सोसियालिस्ट मुभमेन्टको प्रदर्शनमा सहभागीहरू।



**जोडी**

महारानी एलिजावेथको ९२औं जन्मदिवस मनाउन अस्ट्रेलियाको सिड्नी पुगेका बेलायतका राजकुमार ह्यारी र उनकी प्रेमिका मेगान मार्कल।



2018, APR
Monday
23

विश्व २ मिनेट

## निकारागुवा

### पत्रकारको हत्या

मानागुवा, (एजेन्सी)

निकारागुवामा सरकारविरुद्ध भइरहेको जनप्रदर्शनको प्रत्यक्ष प्रशारण गरिरहेको अवस्थामा एक जना पत्रकारको गोली हानी हत्या भएको छ। क्यारिवियन समुद्रीतटीय शहर ब्ल्युफिल्डसको एउटा बैंकमा भइरहेको तोडफोडबारे फेसबुक मार्फत प्रत्यक्ष प्रशारणका लागि पत्रकारे रिपोर्टिङ गरिरहेका बेला एन्जेल गाहोनालाई गोली लागेको थियो। भिडियो फुटेजमा उनी गोली लागेर भुँइमा ढलेको देखिन्छ। कर्मचारीका निवृत्तिभरणको सुविधा कटौतीविरुद्ध भइरहेको सो प्रदर्शनको दौरान यसअघि नै १० जनाको ज्यान गएको थियो। राष्ट्रपति ड्यानियल ओर्टेगाले सरकार प्रदर्शनकारीहरूसँग वार्ता गर्न तयार रहेको बताएका छन्।

## आर्मेनिया

### विधायक पक्राउ

एरेभान, (एजेन्सी)

आर्मेनियाका प्रहरीले सरकारविरुद्धको जन प्रदर्शनको नेतृत्व गरिरहेका एक विपक्षी राजनीतिक पार्टीका विधायकलाई आइतबार पक्राउ गरेको छ। प्रधानमन्त्री सर्ज सार्गस्यानसँगको संक्षिप्त टेलिभिजन वार्ता सकेलगत्तै विधायक निकोल पासिन्यानलाई हिरासतमा लिइएको हो। उक्त तीन मिनेटको वार्ताको क्रममा निकोलले प्रधानमनत्रीको राजीनामा मागेका थिए। विपक्षी समूहले हालै गरेको संवैधानिक परिवर्तनको उद्देश्य प्रधानमनत्रीलाई सत्तामा टिकाइरहनुरहेको बताएको छ। संविधान संशोधनका लागि मंगलबार संसद्ले अनुमोदन गरेको थियो। राष्ट्रपतिको दुई कार्यकाल सकेपछि सार्गस्यान गत साता मात्र प्रधानमन्त्री बनेका थिए।

## भारत

### १३ माओवादी मारिए

नयाँदिल्ली, (एजेन्सी)

छत्तीसगढको सीमासँग जोडिएको महाराष्ट्रको गढचिरौली जिलामा प्रहरीले एक मुठभेडमा १३ माओवादी मारिएको दाबी गरेका छन्। प्रहरीले थप केही माओवादी मारिएको आशंकालाई अस्वीकार गर्न नसक्ने बताएको छ। भामरागढ इलाकामा पर्ने ताडगाउँको जंगलमा सर्च अपरेसनमा गएका सुरक्षाकर्मी र माओवादीबीच मुठभेड भएको प्रहरीले जानकारी दिएको छ। उक्त मुठभेड घण्टौंसम्म चलेको र पछि प्रहरीले १३ माओवादीको शव बरामद गरेको जनाइएको छ। घटनास्थलको निरीक्षणपछि अन्य केही माओवादीको पनि मृत्यु भएको हुन सक्ने प्रहरीले बताए।

## पाकिस्तान

### भ्रममा नपर्नु

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानको विदेश मन्त्रालयका प्रवक्ता डाक्टर मोहम्मद फैसले भारतलाई कुनै भ्रममा नपर्न बताउँदै पाकिस्तान आफ्नो सुरक्षा गर्न जानेको बताए। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कमनवेल्थ सम्मेलनका क्रममा लन्डनमा भएको एक कार्यक्रममा पाकिस्तानमा सन् २०१६ मा गरेको कथित सर्जिकल स्ट्राइकका बारेमा बोलेका थिए। पाकिस्तानका विदेशमन्त्री ख्वाजा आसिफले पनि मोदीको बयानलाई लिएर कडा आपत्ति जनाएका छन्। उनले भारतीय प्रधानमन्त्रीको सर्जिकल स्ट्राइकको दाबी जनताको समर्थन हासिल गर्ने एक तरिका मात्र भएको बताए।

# आत्मघाती आक्रमणमा ५२ को मृत्यु



काबुल, (एजेन्सी)

अफगानिस्तानको मतदाता दर्ता केन्द्रमा आइतबार भएको एउटा आत्मघाती बम विस्फोटनमा कम्तीमा ५२ जना व्यक्तिको ज्यान गएको सरकारी अधिकारीहरूले बताएका छन्। मारिनेमा २१ जना महिला र ५ जना बालबालिका पनि रहेको बताइएको छ।

मतदातामा आफ्नो नाम दर्ता गर्न लाइनमा उभिएकामाथि लक्षित गर्दै भएको सो आत्मघाती विस्फोटनमा अन्य १ सय १२ जना घाइते भएका छन्। इस्लामिक स्टेट समूह (आईएस) ले यस अक्रमणको औपचारिक जिम्मेवारी लिएको छ।

आगामी अक्टोबरमा हुन गइरहेको विधानसभाको चुनावका लागि यसै महिनादेखि मतदाता दर्ता कार्यको थालनी गरिएको हो। आईएसका प्रवक्ताले पश्चिमी काबुलको दास्ते बार्ची क्षेत्रमा रहेको उकत केन्द्रलाई लक्षित गर्दै आक्रमणकारीले आफूले बोकेको विस्फोटक पदार्थले भरिएको पेटी विस्फोट गराएको बताएका छन्। घटनास्थलमा रगताम्य दस्तावेज, तस्वीर र जुत्ता तथा काँचका टुक्रा छरिएको अवस्थामा रहेका छन्।

उक्त विधानसभाको चुनावपछि सन् २०१९ मा राष्ट्रपतीय चुनाव हुने भएको छ। यसै वर्षको प्रारम्भमा बीबीसीले गरेको एक अनुसन्धानबाट अफगान सुरक्षा फौजको अफगानिस्तानको ३० प्रतिशतभन्दा बढी भू-भागमा नियन्त्रण रहेको पत्ता लागेको थियो।

सो अनुसन्धानको प्रतिवेदनमा बाँकी भू-भाग तालिवान लडाकू र आईएसको खतरामा रहेको उल्लेख गरिएको थियो। यसै वर्षको शुरूमा अफगानिस्तानका गृहमन्त्रीले आईएस र तालिवान दुवैले जनतालाई सरकारविरुद्ध भड्काएर अस्थिरता सिर्जना गर्ने उद्देश्यले सर्वसाधारणलाई आक्रमणको तारो बनाइरहेको बीबीसीलाई बताएका थिए।

# विश्वका सबैभन्दा वृद्ध व्यक्तिको १ सय १७ वर्षको उमेरमा निधन



टोक्यो, (एजेन्सी)

गिनिज बुक अफ वर्ल्ड रेकर्डमा सबैभन्दा धेरै उमेरका व्यक्तिका रूपमा दर्ता भएकी जापानकी ताजिमाको १ सय १७ वर्ष २ सय ६१ दिनको उमेरमा निधन भएको छ। उनी जापानको दक्षिणपूर्व किकाई द्विपमा बस्दै आइरहेकी थिइन्।

उनलाई विश्वकी सबैभन्दा धेरै उमेर जीवित व्यक्तिका रूपमा हेर्ने गरिएको छ। ताजिमाको मृत्यु एक अस्पतालमा भएको थियो। यस वर्षको जनवरीमा उनी अस्पताल भर्ना भएकी थिइन्। ताजिनमाको नाममा कयौं कीर्तिमान रहेको छ। उनी एसियाभरिमा सबैभन्दा धेरै दिनसम्म जीवित रहेकी व्यक्ति बनेकी छिन् भने विश्वमा यो मामिलामा उनी तेस्रोमा परेकी छिन्।

गिनिज बुकका अनुसार ताजिमा १९औं शताब्दीमा जन्मेर २१औं शताब्दीसम्म जीवित रहने अन्तिम व्यक्ति पनि थिइन्। ताजिमालाई ३ शताब्दीको कालखण्डमा जीवनयापन गरेको अुनभव थियो। रेकर्डअनुसार उनको जन्म सन् १९०० अगस्ट ४ मा भएको थियो। १९ शताब्दीको अन्त्यतिर जन्मेकी ताजिमाले २० शताब्दी पूरै जीवित रहेर २१औं शताब्दीमा जीवन त्याग गरिन्।

जापानी सञ्चारमाध्यमले उनको वंशजमा १ सय ६० सदस्य रहेको जनाएको छ। यसमा उनका ९ सन्तान, २८ नाति-नातिना, ५६ पनाती-पनातिनी र ३५ उनका बच्चा परेका छन्। ताजिमापछि जापानकै ही चियो योसिदा सबैभन्दा धेरै उमेरकी वृद्ध हुन्। चियोको उमेर १ सय १६ वर्ष छ। यो उमेरको कुनै पनि व्यक्ति विश्वमा अहिले जीवित छैनन्।

ताजिमा जीवनको अन्तिम दिनहरूमा धेरैसमय सुत्ने गरेको जापानी टेलिभिजन एनएचकेले जनाएको छ। उनले लामो समयदेखि बोल्न पनि बन्द गरेका थिए। यद्यपि उनी दिनमा ३ पटक खाने गर्थिन्। जापानको स्थानीय प्रशासनका अनुसार देशमा १ सय वर्ष वा नाघेकाको संख्या ६७ हजार रहेको छ।

एसिया र विश्वको कुनै पनि देशमा १ सय वर्ष उमेरका यति संख्यामा छैनन्। जापान विश्वमा वृद्ध आवादी सबैभन्दा धेरै भएको देश हो। सरकारी तथ्यांकअनुसार यहाँ २६ प्रतिशत आवादी ६५ वर्ष वा त्योभन्दा बढी उमेका छन्।

# नांगो व्यक्तिद्वारा गोलीको वर्षा




नासभिल्ले, (एजेन्सी)

अमेरिकाको टेन्नेसेको नासभिल्लेको वाफल हाउसमा एक नांगो बन्दुकधारीले जथाभावी गोली चलाउँदा तीन जनाको ज्यान गएको प्रहरीले जनाएको छ। उपनगर एनिटओकमा स्थानीय समयअनुसार शनिबार बिहान ३ बजेर २५ मिनेट जाँदा एउटा रेस्टुरेन्टमा छिरेर ती व्यक्तिले एउटा राइफलबाट गोली चलाउँदा अन्य चार जना घाइते भएको बताइएको छ।

त्यहाँ रहेका एक जना ग्राहकले उनको राइफल खोस्न खोजेपछि ती अज्ञात व्यक्ति घटनास्थलबाट भागेका थिए। ती व्यक्तिको प्रहरीले व्यापक खोजी गरिरहेको छ। प्रत्यक्षदर्शीले गोरा जातिका ती आक्रमणकारीको केश छोटो भएको बताएका छन्।

उनलाई पछिल्लो पटक मसफ्री स्वारो पायकको दक्षिण भागमा हिँडिरहेको अवस्थामा देखिएको थियो। उनले एआर-१५ राइफल बोकेका थिए। अमेरिकामा प्रयश: आम नरसंहारकर्ताले यही राइफल प्रयोग गर्दै आएका छन्।

गत वर्षको अक्टोबरमा लास भेगासमा ५८ जनाको र फ्रेबुअरीमा फ्लोरिडाको एउटा स्कुलमा १७ जनाको ज्यान लिने गरी भएको आक्रमणमा पनि यही हतियारको प्रयोग भएको थियो। फ्लोरिडामा विद्यार्थी र शिक्षक तथा कर्मचारी मारिएपछि अमेरिकामा बन्दुकमाथिको नियन्त्रणलाई लिएर ठूलो बहस भएको थियो।


# सी–मोदीबीच शिखर बैठक हुने

बेइजिङ, (एजेन्सी)

चिनियाँ राष्ट्रपति सी जिन पिङले मध्य चीनको वुहानमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट्ने सिन्हवा समाचार एजेन्सीले जनाएको छ।

सांघाई कपोरेसन अर्गनाइजेसन (एससीओ) को बैठकका लागि चीनको भ्रमणमा रहकी भारतीय विदेशमन्त्री सुष्मा स्वराजले बेइजिङमा आफ्ना समकक्षी वाङ यीसँग भेटेकी छिन्। दुई नेताहरूबीच द्विपक्षीय सम्बन्ध राम्रो बनाउन र आपसी हितसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मुद्दामा छलफल भएको जनाइएको छ।

सुष्मा स्वराजले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी यसै महिनाको २७ र २८ तारिखमा चीन जाने र वुहानमा अनौपचारिक शिखर वार्ता गर्ने जानकारी दिइन्। यस क्रममा चिनियाँ राष्ट्रपतिसँग भेटवार्ता गर्ने उनले बताइन्। वुहानमा हुन लागेको उक्त बैठकमा दुई देशबीच विश्वमा भइरहेको परिवर्तनलाई ध्यानमा राखेर भारत र चीन सम्बन्ध तथा विश्व शान्ति स्थापित गर्नमा आफ्नो दायित्वका विषयमा चर्चा हुने जनाइएको छ।



दुई एसियाली महाशक्तिबीच गत वर्ष चीन भुटान विवादस्पद सीमा दोकलामलाई लिएर ७३ दिनसम्म सैन्य टकरावको स्थिति बनेको थियो। उक्त त्रिदेशीय सीमामा निर्माणाधीन चिनियाँ संरचनालाई लिएर भारतीय सेनाले रोक्ने प्रयास गर्दा दुई देशबीच तनाव बढेको थियो।

स्वराजले चीनसँग यो वर्षदेखि नै नाथुला हुँदै कैलाश मानसरोवरको यात्रा पुन: शुरु हुने जानकारी दिइन्। यसै वर्ष यहाँबाट यात्राको आयोजना हुने उनले बताइन्।

दुवै देशबीच विकास आवश्यक भएको र सीमामा शान्ति बनिरहनुपर्ने तथा विवाद उत्पन्न हुन नहुनेमा सहमति भएको छ। चिनियाँ विदेशमन्त्री वाङ यीले एससीओमा भारतको सदस्यताको स्वागत गरेको छ।

{ पार्टी एकताअघि दुवै पार्टीमा केही समस्या हुने उल्लेख गर्दै एकतापछि सबै कुरा सामान्य बन्दै जाने बताउनुभयो। ठट्यौली शैलीमा उहाँले भन्नुभयो- 'बिहे गर्नुभन्दा अघि त एउटै घर हुँदैन। दुलाहाको अन्तै र दुलहीको अर्कै घर हुन्छ। जब बिहेपछि एक भइन्छ सबैको माया लाग्न थाल्छ। यो एकता पनि त्यस्तै त्यस्तै हो।'

# पार्टी एकता गर्ने ओली-प्रचण्डको प्रतिबद्धता

- पार्टी एकताबाट पछाडि फर्कने ठाउँ छैन : ओली
- हल्ला नगरी पार्टी एकता हुन्छ : प्रचण्ड
- पार्टी एकताको तीन सूत्र

तस्वीर : अनिल आङदेम्बे/काठमाडौं



**नेपाल समाचारपत्र**

काठमाडौं

नेकपा एमाले र नेकपा माओवादी केन्द्रले तत्काल पार्टी एकता हुने बताएका छन्। कुनै पनि हालतमा पार्टी एकता हुने दाबी गर्दै दुई दलले प्राविधिक कारणले केही ढिला हुन गएको बताएका हुन्। पार्टी एकता गर्न धेरै विषयमा सहमति जुटिसकेको र बाँकी विषयमा सहमति निर्माण गर्ने केही समय लाग्ने भएकाले केही साताभित्र नै पार्टी एकता हुने बताएका छन्।

६९ कम्युनिस्ट पार्टी स्थापना दिवसको अवसरमा राजधानीमा एमाले र माओवादी केन्द्रद्वारा संयुक्तरूपमा आयोजित कार्यक्रममा प्रधानमन्त्रीसमेत रहनुभएका एमालेका अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले दुई पार्टीबीच एकता हुने प्रतिबद्धता गर्नुभयो। अध्यक्षद्वयले पार्टी एकतालाई सम्मानजनक, समानतामा आधारित र न्यायोचित ढंगले अगाडि बढाउने सहमति भएको बताउनुभएको छ।

एमालेका अध्यक्ष केपी शर्मा ओलीले एकता प्रक्रियालाई सफल बनाइछोड्ने बताउनुभयो। कसैलाई दोष लगाउने र कसैको टाउकोमाथि जिम्मेजारी फालेर उम्किने ठाउँ नरहेको बताउँदै एकतालाई सफल पार्नेबाहेक अरू बाटो नरहेको बताउनुभयो। अध्यक्ष ओलीले भन्नुभयो- 'अब जुत्ता मिलेन भनेर त्यत्तिकै हिँड्न मिल्दैन। मिलेन भने खुट्टामा टाँसटुस पारेर भए पनि जानुपर्छ। हामी त्यो ठाउँमा पुगिसक्यौं।'

पार्टी एकताअघि दुवै पार्टीमा केही समस्या हुने उल्लेख गर्दै एकतापछि सबै कुरा सामान्य बन्दै जाने बताउनुभयो। ठट्यौली शैलीमा उहाँले भन्नुभयो- 'बिहे गर्नुभन्दा अघि त एउटै घर हुँदैन। दुलाहाको अन्तै र दुलहीको अर्कै घर हुन्छ। जब बिहेपछि एक भइन्छ सबैको माया लाग्न थाल्छ। यो एकता पनि त्यस्तै त्यस्तै हो।'

पार्टी एकता गर्दा सम्मान, समानता र न्यायसंगतरूपमा हुने बताउँदै त्यसैलाई प्रमुख आधार बनाएर पार्टी एकता गरिने र दुई पार्टीबीच एकता रोक्नुपर्ने कुनै विषय बाँकी नरहेको बताउनुभयो। 'हामीले आगोमात्रै तापेका छैनौं, आइस पनि चाखेका छौं, जेलनेल, युद्ध, शान्तिका सबै अनुभवलाई लिएर राष्ट्र निर्माणको संकल्पमा जुटेको छौं।' -उहाँको भनाइ थियो।

प्रधानमन्त्री ओलीले राष्ट्रिय हितको संरक्षण गर्ने सन्दर्भमा सरकार सजग रहेको बताउँदै पारस्परिक सम्बन्धका आधारमा अघि बढ्ने र दुइटै छिमेकीसँग मिलेर लाभ लिन र विकास गर्न सक्ने बताउनुभयो। नेपालको कम्युनिस्ट आन्दोलन आज देखिने विन्दुमा पुगेको उल्लेख गर्दै लेनिनकै सिद्धान्तका आधारमा विश्व राजनीतिमै ठूलो परिवर्तन आएको उहाँले बताउनुभयो।

फुटेको लाभ प्रतिक्रियावादीले लिने अवस्था लिनुहुँदैन भनेर दुवै पार्टी जुटेर अगाडि बढेको बताउँदै पार्टी एकता गर्ने अन्तिम तयारीमा आफूहरू रहेको बताउनुभयो। मार्क्सवाद र लेनिनवादको विरोध गर्नु गुलाबको फूल नदेख्नेले मन पर्दैन भनेजस्तो भएको बताउँदै उहाँले एकता विरोधी खुसी हुनुपर्ने कुनै कारण नरहेको बताउनुभयो।

त्यसै गरी कार्यक्रममा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले हल्ला नगरी अब पार्टी एकता हुने बताउनुभयो। उहाँले बाहिर हल्ला गरेपछि दुई पार्टीबीच त्यो दिन एकता नहुने र अब नभनेको दिन एकता हुने दाबी गर्नुभयो। निर्वाचनअघि वाम तालमेल, एकता गर्नेलगायतका सम्झौता गरेर सरप्राइज दिइएको उल्लेख गर्दै उहाँले अब एकताको घोषणा पनि सरप्राइज हुने बताउनुभयो। 'एकताबाट दायाँबायाँ गर्ने छुट कहीं कतै पनि छैन', प्रचण्डले भन्नुभयो- 'अब उम्कन नसक्ने गरी जनता, कार्यकर्ता र विश्वको घेरा छ।' एकता प्रक्रियामा आशंका नगर्न आग्रह गर्दै उहाँले विगतमा पनि पार्टीहरू मिलेको र विभाजन भएको धेरै घटना रहेकाले परिपक्क ढंगले एकता गर्न लागेको बताउनुभयो।

ब्यानरको विषयमा भएको विवादको प्रसंगमा प्रचण्डले कार्यक्रममा केही प्राविधिक त्रुटि भएकाले त्यसबाट सिक्नुपर्ने बताउनुभयो। पार्टी एकताको गृहकार्यमा लागेका बढी समय दिँदा व्यवस्थापन पक्षमा ध्यान दिन नसक्दा त्रुटि भएको बताउनुभयो। नेपालको सामाजिक रूपान्तरण, न्यायका लागि शान्तिपूर्ण आन्दोलन र जनयुद्धको माध्यमबाट आफूहरूले जमर्को गरिरहेको बताउँदै पार्टी एकताको लागि नयाँ केन्द्रीय समिति बनाउने अन्तिम प्रयासमा रहेको बताउनुभयो।

मदन भण्डारीकै पालमा नै आफूले भण्डारीबीच पार्टी एकताका लागि बहस चलाएको बताउँदै माधवकुमार नेपाल हुँदै चलेको बहस केपी ओलीसम्म आइपुग्दा एकता गर्ने निष्कर्षमा पुगेको बताउनुभयो। 'पार्टी एकता प्रक्रियाबाट भाग्ने छुट अब छैन', प्रचण्डले भन्नुभयो- 'वैचारिक, राजनीतिक र सांगठनिक रूपमा हिजो मात्रै दुई अध्यक्षबीचमा एउटा मोडालिटीमा सहमति भएको छ। सम्मानजनक ढंगले एकता गर्ने, समानता र न्यायोचित हिसाबले बुद्धिमतापूर्वक मोडालिटी तयार भएको छ।' 'एकता बिथोल्न धेरै तागत लागेका छन्, त्यसकारण जुन दिन भनिन्छ त्यो दिन एकता हुँदैन। जुन दिन हुँदैन भनिन्छ त्यही दिन ड्याम्म एकता हुन्छ।' -उहाँले भन्नुभयो। कमा, फुलिस्टपमा झगडा गर्दै हिँडेको स्मरण गर्दै उहाँले फेरि शिक्षा लिँदै अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

निर्वाचनअघि बोल्दै नबोल्ने, हेर्दै नहेर्ने बीचका साथीहरू एकै ठाउँमा बस्ने वातावरण बनेको बताउँदै एउटै संघर्षमा होमिएर आत्मीय भएर आएको बताउनुभयो। अहिले एकता हुन नदिन माओवादी र एमाले दुवैलाई उचालिएको बताउँदै एमाले र माओवादीलाई पनि ठूलो पार्टी हुँदाको राम्रो अनुभव रहेको बताउनुभयो। उहाँले सत्ता पक्ष भए पनि प्रतिपक्षलाई पनि विकास र समृद्धिको बाटोमा एकता लिएर जानुपर्नेमा जोड दिनुभयो। एमालेले माओवादी र माओवादीले एमालेका कार्यकर्ताको भावना बुझ्न सकिएन भने यो ऐतिहासिक काम गर्न कठिन भएको बताउँदै प्रचण्डले भन्नुभयो- 'पार्टी एकतालाई बिगार्ने हैन, बलियो बनाउनेतर्फ लाग्नुपर्छ।'

## प्रमुख निर्वाचन आयुक्त निवासमा बम विस्फोट



काठमाडौं, (नेस)। प्रमुख निर्वाचन आयुक्त अयोधिप्रसाद यादवको हात्तीवनस्थित निवासमा बम विस्फोट भएको छ।

विस्फोटबाट घरका झ्यालका सिसा फुटेका छन्। साथै घरको पर्खालमा पनि क्षति पुगेको प्रहरीले बताएको छ। आइतबार बेलुकी सवा ८ बजेको समयमा बम विस्फोट भएको प्रहरी परिसर जावलाखेलका एसएसपी गणेश ऐरले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

घरनजिकै फेला परेको दुईवटा बम सेनाले निस्क्रिय पारेको छ। यादवको निवास वरपर सुरक्षाकर्मी तैनाथ पारिएको छ। यो समाचार तयार पार्दासम्म क्षतिको यकिन विवरण आइनसकेको र घटनाको अनुसन्धान भइरहेको तथा कसले बम राखेको भन्ने बारेमा केही खुल्न सकेको छैन।

यसअघि प्रमुख आयुक्त यादवको घरको सुरक्षाका लागि प्रहरी परिचालन गरिएकोमा पछिल्लो पटक सरकारले सबै सुरक्षाकर्मीलाई फिर्ता बोलाएको एक हप्ता बित्न नपाउँदै उक्त विस्फोट भएको थियो

## विमानस्थलको स्तरोन्नति

विराटनगर, (नेस)। विराटनगरस्थित क्षेत्रीय विमानस्थलको स्तरोन्नतिको काम शुरू भएको छ। जसका कारण दिउँसो २ बजेदेखि एयरपोर्टबाट हुने सबै उडान बन्द भएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणले विमानस्थल स्तरोन्नति गर्ने काम शुरू गरेको हो। नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रमुख टंकनाथ सिटौलाका अनुसार धावनमार्ग सुधार तथा मर्मत गर्नका लागि विमानस्थल दिउँसो २ बजेबाट बन्द गरिएको छ।

## समाचार संक्षेप

### वडाध्यक्ष तामाङ फेरि पक्राउ

काठमाडौं, (नेस)

मानव बेचबिखन तथा ओसारपसार मुद्दाको आरोपमा केन्द्रीय अनुसन्धान ब्युरोले सुनबहादुर तामाङलाई फेरि पक्राउ गरेको छ। चेलीबेटी बेचबिखन गरेको अभियोगमा नुवाकोट जिल्ला अदालतबाट ३७ वर्ष कैद सजाय ठहर भएका तामाङलाई सर्वोच्च अदालतले गत वैशाख ६ गते रिहा गर्न आदेश दिएको थियो।

नुवाकोट जिल्ला अदालतले गत चैत ७ गते ३७ वर्ष ६ महिना कैद र दुई लाख पचास हजार जरिवाना हुने ठहर भएको र उक्त सजाय बेरुजु रही फरार रहेको भन्दै ब्युरोले काठमाडौं सुन्धाराबाट पक्राउ गरेको हो। तामाङलाई कैद भुक्तानका लागि कारागार कार्यालय जगन्नाथदेवल चलान गरिएको केन्द्रीय अनुसन्धान ब्युरोले जनाएको छ। महिला बेचबिखनको आरोपमा नुवाकोटस्थित दुप्चेश्वर गाउँपालिका-१ का वडाध्यक्ष सुनबहादुर तामाङले भारतका विभिन्न चार स्थानमा कोठी (यौनगृह) सञ्चालन गरेको आरोप लागेको छ।

### इलाका प्रशासन प्रमुख बने अभिभावक

कटारी, (नेस)

एक विद्यार्थी भर्ना मेरो सामाजिक दायित्व, पहुँचको सुनिश्चितता सिकाइमा स्थायित्व भन्ने नारालाई सार्थक बनाउन इलाका प्रशासन कार्यालय कटारिका प्रमुख सुनील पौडेलले एक विद्यार्थीको अभिभावक बनेका छन्।

उहाँ कटारी नगरपालिका २ सीमानपुरमा अवस्थित माध्यमिक विद्यालय कल्याणपुरको एक विद्यार्थीको अभिभावक बनेका हुन्। पौडेलले उक्त विद्यालयमा एक जना छात्राको पढाइ खर्च बेहोर्ने सर्तमा अभिभावक बनेको विद्यालयले जनाएको छ।

विद्यालयका प्रधानाध्यापक खिलराज दाहालका अनुसार प्रशासन प्रमुख पौडेलले कक्षा १ मा अध्ययनरत परिस्ता पौडेललाई पढाउने जिम्मा लिएर अभिभावकत्व ग्रहण गरेका छन्। प्रशासन प्रमुखले 'म कर्मचारी मान्छे भोलि जहाँ पनि सरुवा भएर जान सक्छु। म जहाँ गए पनि परिस्ताको एसईईसम्मको सम्पूर्ण खर्च आफूले बेहोर्ने' बताउनुभएको प्रअ दाहालले जानकारी दिनुभयो।

प्रशासन प्रमुख पौडेल आइतबार विद्यालयमै गएर परिस्ताको नाम लेखाएका हुन्। भर्नाकै दिन परिस्तालाई एक जोर युनिफर्म, कापी, कलम तथा शैक्षिक समाग्रीसमेत दिएका छन्।

### १० पदमा प्रतिस्पर्धा नहुने

हेटौंडा, (नेस)

नेपाल पत्रकार महासंघको वैशाख २२ गते हुने प्रदेशस्तरीय चुनाबमा प्रदेश-३ मा १० पदमा प्रतिस्पर्धा नहुने भएको छ।

मुख्य निर्वाचन अधिकृत नवराज शर्माका अनुसार महासंघको १० पदमा तोकिएको संख्यामा मात्र उम्मेदवारी दर्ता भएपछि प्रतिस्पर्धा नहुने भएको हो। महासंघको १३ पदमध्ये अध्यक्ष, समावेशी सचिव र खुला सदस्यमा मात्र प्रतिस्पर्धा हुनेछ। अध्यक्षमा २ जनाको उम्मेदवारी दर्ता भएको छ।

वैशाख ७ गते गिरिजाप्रसाद अधिकारी र प्रताप विष्टले उम्मेदवारी दर्ता गरेका हुन्। नेपाल पत्रकार महासंघ पूर्वकेन्द्रीय सदस्य विष्ट र महासंघ मकवानपुर निवर्तमान उपाध्यक्ष अधिकारी अध्यक्षमा भिड्ने भएका छन्। स्वतन्त्रबाट अधिकारी तथा प्रेस चौतारी, प्रेस युनियन र प्रेस सेन्टरको साझा उम्मेदवारका रूपमा विष्टले मनोनयन दर्ता गरेका हुन्।

मुख्य निर्वाचन अधिकृत नवराज शर्माद्वारा हस्ताक्षरित अन्तिम नामावलीअनुसार महासचिव, उपाध्यक्ष, खुला सचिव, कोषाध्यक्ष, महिला सदस्य, दलित सदस्य, आदिवासी जनजाति सदस्य, मधेसी र अल्पसंख्यक सदस्यका लागि थप उम्मेदवारी नपरेकाले यी पदहरूमा प्रतिस्पर्धा हुनेछैन। तर, उम्मेदवारविरुद्ध उजुरीको समय भने बाँकी छ।

### नसर्ने रोगको प्रमुख कारण सुर्ती

काठमाडौं, (नेस)

वरिष्ठ क्यान्सर रोग विशेषज्ञ प्राडा विष्णुदत्त पौडेलले सुर्तीजन्य पदार्थको सेवनले गर्दा नै नसर्ने रोग लाग्ने गरेको बताउनुभएको छ।

क्यान्सर काउन्सिल नेपालद्वारा ललितपुर महानगरपालिका वडा नम्बर १६ आयोजित 'जनचेतनामूलक अन्तरक्रियात्मक कार्यक्रम'मा उहाँले यस्तो भनाइ राख्नुभएको हो।

नसर्ने रोगको प्रमुख कारण सुर्तीजन्य पदार्थको प्रयोग भएको बताउँदै डा. पौडेलले नेपालमा वर्षेनि हजारौं मानिसले सुर्तीजन्य पदार्थको सेवनका कारण अकालमा ज्यान गुमाइरहेको स्पष्ट पार्नुभयो।

सरकार र नागरिक समाजले सुर्तीजन्य पदार्थको बिक्री, वितरण र सेवनमा रोक लगाउने गरी आफ्ना गतिविधिहरू अघि बढाउनुपर्ने धारणा राख्दै उहाँले थप्नुभयो- 'सरकार कडाइका साथ प्रस्तुत हुनुपर्‍यो, क्यान्सर काउन्सिलले पनि आफ्ना अभियान देशव्यापी बनाउनुपर्‍यो।'

# प्रतिलिपि अधिकार ऐन संशोधनको तयारी

प्रशान्त वली, काठमाडौं

**घटना नम्बर १**

'कृ' फिल्मका निर्माता सुवास गिरी 'सम्झना' फिल्मको गीत चोरीको आरोपमा पक्राउ परे। 'सम्झना' फिल्मका निर्माता तथा निर्देशक शम्भु प्रधानले आफ्नो फिल्ममा रहेको गीत 'उकालीमा अघि अघि' बिनाअनुमति प्रयोग गरेको र यसले आफ्नो प्रतिलिपि अधिकार हनन भएको भन्दै गिरीमाथि क्षतिपूर्तिको दाबीसहित अघिल्लो महिना उजुरी दर्ता गराएका थिए।

**घटना नम्बर २**

त्रिभुवन विश्वविद्यालयमा उपकुलपति तीर्थराज खनियाँले बौद्धिक सम्पत्ति चोरी गरेको आरोप लाग्यो। विभिन्न अनलाइन खबरमा बौद्धिक सम्पत्ति चोरीको आरोप लगाएका टर्कीका रिसर्चर डा. फेरित किलिकायाले खनियाको नियुक्ति कुनै पनि शैक्षिक संस्थाका लागि दुर्भाग्यपूर्ण हुने खबर समाचार प्रकाशित भयो।

**घटना नम्बर ३**

फिल्म 'छक्का पञ्जा'को अनलाइन पाइरेसी भयो। तत्पश्चात् उक्त घटनामा दोषी मानिएका कृष्ण सुवेदी आत्महत्या गर्न बाध्य भए।

प्रतिलिपि अधिकार हननका घटनाहरू भयावह भए पनि सरकारले घटनाको तथ्यांक संकलन नगरेको बताएको छ। अन्तर्राष्ट्रिय प्रतिलिपि अधिकार दिवस मनाइरहँदा यसको हनन कति भयो र कतिलाई कारबाही गरियो भन्ने एकिन तथ्यांक सरकारसँग छैन। यसले गर्दा अहिले बौद्धिक चोरी बढ्दै गएको सरोकारवालाको दाबी छ। प्रतिलिपि अधिकारको रजिस्टार कार्यालयका अनुसार आफूहरूले घटनाका सन्दर्भमा तथ्यांक एकीकृत नगरेको बताएको छ।

कार्यालयका रजिस्ट्रार राजेन्द्र सिग्देलका अनुसार ऐन संशोधन नहुँदा पनि समस्या भएको बताउनुभयो। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'कतिपय देशमा दुवै पक्षलाई छलफलमा बोलाएर समस्याको समाधान गर्ने प्रक्रिया छ। तर, हामीकहाँ ऐनमै सीधै नेपाल प्रहरीलाई अनुसन्धान गर्ने अधिकार दिइएको छ।' प्रतिलिपि अधिकार ऐन २०५९ संशोधन गर्ने तयारी भइरहेको संस्कृत पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले बताएको छ।

सो मन्त्रालयका कानुन तथा फैसला कार्यान्वयन शाखाका सहसचिव टीकाराम पाण्डेले ऐन संशोधनका लागि प्रक्रिया अघि बढिसकेको र संशोधन भएपछि बौद्धिक सम्पत्ति चोरीका घटनामा केही मात्रामा भए पनि कमी हुने बताउनुभयो। मुख्यतः गीत संगीत, शोधपत्र, फिल्मी क्षेत्रको प्रतिलिपि बढी मात्रामा हुने गरेको छ। प्रतिलिपि अधिकारको रजिस्टार कार्यालयका रजिस्टार सिग्देलका अनुसार संस्कृत पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव आलोकचन्द्र श्रेष्ठको संयोजकत्वमा उत्पादक, गीतकार, संगीतकार, प्रस्तोतासहितको उपस्थितिमा यही आर्थिक वर्षभित्र ऐन संशोधन गर्ने तयारी भइरहेको छ।

# कचनकवल जोगाउन तटबन्ध

उत्तम नेपाल, भद्रपुर

भारतले बनाएको सडकसहितको अग्लो तटबन्धका कारण वर्षेनी डुबानमा पर्दै आएको झापाको एक गाउँपालिकामा तटबन्धन निर्माण शुरू गरिएको छ। भारतको विहार राज्य किशनगन्ज जिल्ला सीमावर्ती नाकासँग जोडिएको झापाको दक्षिणी क्षेत्र कचनकवल गाउँपालिकामा तटबन्ध शुरू गरिएको हो।

मेची नदी र देउनिया खोलाको चपेटामा पर्दै आएको सो गाउँपालिकालाई बाढीबाट बचाउन कचनकवल गाउँपालिकाले तटबन्ध निर्माण कार्यलाई तीव्रता दिएको पाइएको छ। साविक केचना गाविस ७ र ८ हाल कचनकवल गाउँपालिका-४ स्थित बयरबारीका करिब २ सयबढी घरपरिवार डुबानमा पर्दै आएको तटबन्ध निर्माण समितिका अध्यक्ष कौशार आलामले जानकारी दिए।

वर्षाको समयमा पानीको चाप बढेसँगै मेची र देउनियाको पानी भारतले लगाएको तटबन्धका कारण भूमितर्फ जान नपाउँदा विगत ३ वर्षदेखि कचनकवल गाउँपालिका डुबानमा पर्दै आएको उनको भनाइ छ।

मेची नदीमा बाढी आएपछि पाठमारी क्षेत्रबाट आएर बयरबारी बस्तीसँग बग्ने देउनिया खोलामा प्रवेश गर्ने र दुवै खोलाको बाढीले गाउँघर डुबान पार्दै आएको उनले बताए। गतवर्ष देउनिया खोलामा लगाइएको माटोको तटबन्धन दुई ठाउँमा भत्काएर गाउँमा बाढी प्रवेश गरेपछि पूरै गाउँ जलमग्न भएको उनले जानकारी गराए। यसवर्ष कचनकवल गाउँपालिकाले छुट्याएको बजेटबाट माटोको अग्लो तटबन्ध निर्माण गरेको उनी बताउँछन्।

बाढीबाट घरपरिवार जोगाउन यो क्षेत्रमा माटोको तटबन्धन निर्माणका लागि ७ लाख रुपियाँ बजेट निकासा गरेको कचनकवल गाउँपालिकाका अध्यक्ष अन्जार आलामले जानकारी दिए। ७ सय मिटर लम्बाइ रहेको तटबन्धलाई देउनिया खोला वरिपरि घेरेर बनाएको उनको भनाइ छ। मेची नदीको ओभरफ्लो पानी देउनिया खोलामा आउने गरेकोले यस तटबन्धनले बस्तीलाई बाढीबाट जोगाउने आफू विश्वस्त रहेको उनले बताए।

त्यसैगरी देउनिया खोलामा मेची नदीको बाढी आउन नदीलाई पाठामारी र भैसाबाडीमा ढुंगाको तटबन्ध कार्य धमाधम निर्माण भइरहेको झापा क्षेत्र नम्बर ३ बाट निर्वाचित सांसद राजेन्द्र लिङदेनले बताए। सो क्षेत्रमा तटबन्ध निर्माण भएपछि नेपालकै होचो स्थान कचनकचव डुबानको चपेटाबाट मुक्त हुने लिङदेनको भनाइ छ।

### एमाले-माओवादी...

एमालेले बनाएको र माओवादीले ल्याएको ब्यानर संयुक्तरूपमा राखेपछि मात्र चार घण्टा ढिला गरी कार्यक्रम शुरू भएको थियो। माओवादीले ल्याएको ब्यानर पनि त्रुटिपूर्ण भएपछि कार्यक्रम शुरू भएकाले विवादले उग्ररूप लिन पाएन। एमालेले बनाएको ब्यानरमा नेकपा माओवादी केन्द्र हुनुपर्नेमा नेकपा (माके) लेखिएको थियो। माओवादीका कार्यकर्ताहरूले माके शब्दप्रति पनि आपत्ति जनाएका थिए। त्यसै गरी लेनिनको तस्वीरसहितको ल्याएको ब्यानरमा पनि नेकपा (एमाले) हुनुपर्नेमा ने.क.पा. एमाले उल्लेख गरिएको थियो।

ब्यानरको विषयमा एमालेका अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले आफूहरूको कमजोरीको कारण प्राविधिक त्रुटि हुन गएको स्वीकार गरेका थिए। कार्यक्रम शुरू भएपछि पनि नेताहरूको ध्यान भने दुईवटा ब्यानरतर्फ गएको थियो। माओवादी केन्द्रको बायाँ र एमालेको दायाँ दुईवटा ब्यानर राखिएको थियो। मार्क्स र लेनिनको फोटा कार्यक्रमस्थलको कुर्सीमा राखिए पनि नेताहरूले मायाल्र्पण भने गरेनन्।

ब्यानरको विषयलाई लिएर एक घण्टाभन्दा बढी विवाद भएको थियो। विवाद बढ्दै जाँदा सभा हलभित्र एमाले र माओवादी केन्द्रका कार्यकर्ताहरू हात हालाहालको अवस्थासम्म पुगेका थिए। माओवादी केन्द्रले एमालेले नियतवश नै लेनिनको फोटो समावेश नगरेकाले ब्यानर थप राख्नुपरेको बताएको छ भने एमालेले सामान्य विषयमा माओवादीले किचलो गरेको बताएको छ।

### अस्तव्यस्त...

केन्द्रले कर्मचारी नपठाएको र पठाएका कर्मचारीहरू पनि खासै काम दिन नसकेको भन्दै जनप्रतिनिधिहरूले मन्त्रालयको आलोचना गरेपछि स्थानीय तहले हाल प्राविधिक जनशक्ति करारमा लिन सक्ने निर्णय गरेको छ। सोहीअनुरूप विभिन्न स्थानीय तहले प्राविधिक जनशक्ति करारमा लिने तयारी गरिरहेका छन्।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले स्वैच्छिक अवकाशको प्याकेज हाललाई स्थगित गरेको निर्णयप्रति सयौं कर्मचारीहरू असन्तुष्ट रहेका छन्। तीसहित अन्य कर्मचारीहरूलाई पटक पटक निर्देशन दिए पनि स्थानीय तहमा जान मानिरहेका छैनन्। स्थानीय तहमा पठाउन लागेका कर्मचारीहरू पनि त्यहाँ नजान सांसद र पहुँचवालाको धाएर मन्त्रालयमाथि विभिन्नरूपमा दबाब दिइरहेका छन्।

विगतमा जनप्रतिनिधि नहुँदा पैसा र पहुँच प्रयोग गरेर स्थानीय विकास मन्त्रालयमा जान मरिहत्ते गर्ने कर्मचारी अहिले त्यही शैली प्रयोग गरेर स्थानीयबाट बाहिरिन खोजिरहेका छन्।

केन्द्रका कर्मचारी जिल्लामा जानुपर्दैन भन्ने केन्द्रीकृत मानसिकता कर्मचारीहरूमा ज्यादै रहेको मन्त्रालयका सहसचिव तामाङले बताउनुभयो। 'कर्मचारी समायोजनमा निकै भद्रगोलको अवस्था छ। जति कडारूपमा प्रस्तुत भए पनि स्थानीय र प्रदेशमा कर्मचारीहरू खासै जान मानेका छैनन्।' -उहाँले भन्नुभयो।

### अझै...

एकाइका इन्जिनियर दिलीप शेखर श्रेष्ठले सय प्रकारका नक्साको आधारमा विद्यालय भवन पुनर्निर्माण भइरहेको बताउनुभयो।

२, ८ र १६ कोठेदेखि चारतलेसम्मको भवन बनाउन एकाइले स्वीकृति दिनुपर्ने बताउँदै उहाँले अहिले बनिरहेका सबै भवनको माटो परीक्षण गरिएको र भूकम्प प्रतिरोधी रहेको दाबी गर्नुभयो।



# अर्थ

2018, APR
Monday
23

उक्त सुझावपछि पर्यटक तथा यात्रुलाई कुनै खालको वितृष्ण पैदा नहोस् भनेर नागरिक उड्डयन प्राधिकरणले व्यावसायिक विज्ञापनलाई अध्यागन क्षेत्रबाट हटाउने तयारी थालेको छ।


ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC

SAURABH GROUP
लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी


# 'अध्यागमन क्षेत्रमा व्यापारिक विज्ञापन नराख'

**नेपाल समाचारपत्र**

काठमाडौं

विमानस्थलमा राखिने विज्ञापनको मापदण्ड र नीति तयार गर्न गठित कार्यदलले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसहित देशभरका विमानस्थलमा व्यापारिक विज्ञापन नराख्न सुझाव दिएको छ। कार्यदलको प्रतिवेदनमा देशको संवेदनशील क्षेत्र मानिने विमानस्थलको अध्यागमन क्षेत्रमा यस्तो व्यापारिक विज्ञापन नराख्न सुझाव दिएको हो।

उक्त सुझावपछि पर्यटक तथा यात्रुलाई कुनै खालको वितृष्ण पैदा नहोस् भनेर नागरिक उड्डयन प्राधिकरणले व्यावसायिक विज्ञापनलाई अध्यागन क्षेत्रबाट हटाउने तयारी थालेको छ।

प्राधिकरणका उपमहानिर्देशक जगन्नाथ निरौलाको संयोजकत्वमा चार सदस्यीय कार्यदलमा रहेका त्रिभुवन विमानस्थलका महाप्रबन्धक राजकुमार क्षत्रीसहितको कार्यदल गठन गरेको थियो। कार्यदलले जनचेतनामुलक विज्ञापनलाई सरकारबाट स्वीकृत भएमा नि:शुल्क राख्न सुझाव दिएको छ। कार्यदलले विमानस्थलको अन्य कुन-कुन ठाउँमा विज्ञापन राख्दा उपयुक्त हुन्छ पहिचान गर्नको लागि विमानस्थललाई नै जिम्मा दिने भनेको छ।

**९० प्रतिशत व्यावसायिक विज्ञापन र १० प्रतिशत देशको पर्यावरणीय झलक दिने विज्ञापन हुनुपर्ने, विमानस्थलको गेटदेखिनै वर्गीकरण गरी टेन्डर आह्वान गरेर विज्ञापन दिनुपर्ने सुझाव समेटिएको छ।**

कार्यदलले एउटा क्षेत्रमा एकै प्रकारको एकभन्दा बढी विज्ञापन राख्न नहुने।

९० प्रतिशत व्यावसायिक विज्ञापन र १० प्रतिशत देशको पर्यावरणीय झलक दिने विज्ञापन हुनुपर्ने, विमानस्थलको गेटदेखिनै वर्गीकरण गरी टेन्डर आह्वान गरेर विज्ञापन दिनुपर्ने सुझाव समेटिएको कार्यदलका संयोजक निरौलाले जानकारी दिनुभयो।

अन्तर्राष्ट्रिय विमानस्थलमा पर्यटक वा यात्रु ओर्लिना साथ नेपाली र नेपालको पहिचान गराउने खालको नेपाली तस्वीर राखिने तयारी भएको विमानस्थलका प्रमुख राजकुमार क्षत्रीले बताउनुभयो। विमानस्थलमा सम्झौता गरी यसअघि राखिएका व्यापारिक विज्ञापनमध्ये सम्झौता पूरा भएका विज्ञापनको नवीकरण नगर्ने र नयाँ विज्ञापन नीतिअनुसार विज्ञापन राख्दै जाने तयारी रहेको छ।

कार्यदलले दिएको नीतिकै आधारमा देशका अन्य विमानस्थलमा पनि राखिँदै जाने योजना रहेको छ। यसरी राखिने विज्ञापन प्राय: पर्यटन प्रवर्द्धन गर्न प्रेरित गर्ने खालको हुनेछ।

विज्ञापनले विमानस्थलको सौन्दर्यतामा नयाँ आयाम ल्याउने आशा गरिएको छ। क्षत्रीले भन्नुभयो-'यसबाट विमानस्थलको स्वरूप र सौन्दर्यतामा फरक आउनेछ।'


## धितो लिलाम विक्री गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७५/०१/१०**

यस बैंकको तपशिलमा उल्लेखित ऋणी संस्थाले उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हाल सम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा ताकेता गर्दा समेत कर्जा नतिरेको, नबुझाएको हुँदा मिति २०७४/०७/०८ गतेको अन्नपूर्ण दैनिक पत्रिकामा ऋण चुक्ता गर्नको लागि ३५ (पैतिस) दिने सार्वजानिक सुचना प्रकाशित गर्दा समेत संस्थाले कर्जा चुक्ता नगरेको कारण तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्न धितो सुरक्षण वापत लेखाई दिएको धितो लिलाम विक्रि गर्न यो ३५ दिने धितो लिलाम सम्बन्धि सुचना प्रकाशित गरिएको छ। अत उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित लिलाम बिक्री हुने धितो सुरक्षण सम्पत्ति गोप्य शिलवन्दी वोलपत्रद्धारा खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलवन्दी वोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं। लिलाम विक्रीमा सो सुरक्षण धितो सम्पत्ति कसैले नसकारेमा वा रितपूर्वक वोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा ५७, सहकारी ऐन २०७४ र करार ऐंन २०५६ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ति बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्वन्धित सवैलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पत्ति लिलाम विक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा विक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा विक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाइने छैन। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्वन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ५७ (११) बमोजिम कालो सूचीमा समावेश गरिने व्यहोरा समते सम्बन्धित सबैलाई सुचित गराइन्छ।

**तपसिल**

**१. संस्थाको नाम : एकता समुह बचत तथा ऋण सहकारी संस्था लिमिटेड, उदयपुर घुर्मी-९, पर्सा।**
**संचालकहरुको विवरण :**
**१. अध्यक्ष :** पन्नालाल महतो कोईरी **२. उपाध्यक्ष :** मोहन प्रसाद कुशबाह **३. सचिव :** सन्तोष कुमार कुशबाह
**४. कोषाध्यक्ष :** रामलाल महतो **५. सदस्य :** अनुप महतो ६. **सदस्य :** गिरिजा देवी **७. सदस्य :** सोसिला देवी

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.वि.स. | वडा नं | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| लक्ष्मण यादव | पर्सा | विरगंज | १५ | ७११ र ७१२ | ३३.८६ व.मि. र ८४. ८६ व. मि. |
| प्रभा देवी | पर्सा | विरगंज | १९ | ६७४ | ०-०-५ |
| गोपीचन महतो | पर्सा | विरगंज | २३ | ४७४ र ४७७ | ०-८-१५-१२ र ०-१-८-८ |
| कविता देवी गोठ | पर्सा | विरगंज | २५ | १०३५ | ०-०-५ |
| पासपति देवी | पर्सा | पचरुखी | ८ | ५९३ | ०-६-० |

**२. संस्थाको नाम : सभ्य बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भवानिपुर-६, पर्सा।**
**संचालकहरुको विवरण :**
**१. अध्यक्ष :** उमेश कुमार चौरसिया **२. उपाध्यक्ष :** शुशिला प्रधानाङ्ग **३. सचिव :** उपेन्द्र राय भर
**४. कोषाध्यक्ष :** नवल किशोर प्रसाद चौरसिया **५. सदस्य :** अनुज प्रसाद चौरसिया **६. सदस्य :** ईन्दु देवी चौरसिया
**७. सदस्य :** जोखन दास तत्वा

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.वि.स. | वडा नं | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| वलिष्टर कलवार | पर्सा | ववगोग | ९ | २१२ | ०-३-१७ |
| वलिष्टर कलवार | पर्सा | ववगोग | ४ | २१७ | ०-७-० |
| नवल किशोर प्रसाद चैरसिया | पर्सा | वि.उ.न.पा. | ४ | ४४ | ००१०१.५८ व. मि. |

**शर्त तथा वन्देजहरु :**
(१) बोलपत्र फारम बैंकको केन्द्रीय तथा शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ।
(२) बोलपत्र फारम आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तीको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ। उल्लेखित अचल सम्पत्तीको स्पष्ट विवरण उल्लेख गरी सोको मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम **राष्ट्रिय सहकारी बैंक लिमिटेड**को नाममा **NCC Bank Ltd.** कुपण्डोल, ललितपुरमा रहेको खाता नं. **०२२-००००००५७०१** मा जम्मा गरेको सक्कल भौचर वा राष्ट्रिय सहकारी बैक लिमिटेडमा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ।
(४) लिलाम विक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै शाखा कार्यालय विरगंजमा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ। साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
(५) बोलपत्र स्वीकृत भएको सुचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ती आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ।
(६) नामसारी गर्दा लाग्ने दस्तुर, पूजिंगत लाभकर, पानी बत्ति बिजुली, मालपोतकर दस्तुर बोलपत्र सदर भएको बोलपत्रदाताले वहन गर्नु पर्नेछ।
(७) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म सामान्यतया धरौटी रकम फिर्ता दिइने छैन।
(८) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ।
(९) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि निर्णय गर्ने सम्पूर्ण अधिकार बैंकमा निहीत रहनेछ।
(१०) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ। धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन।
(११) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ। उक्त दिन विदा परेमा सोको भालि पल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ। लिलाम सूचना प्रकाशित मितिले ३६ औं दिनको ३:०० बजे बैंकको केन्द्रीय कार्यालयमा बोलपत्र खोलिने छ। यदि ३६ औं दिनमा सार्वजानिक विदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ। ३५ दिन सम्म ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता वुझाई धितो फुकुवा लैजान सक्ने छ।
(१२) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: कुपण्डोल, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop


# महिन्द्रा ई २० प्लस विद्युतीय गाडी प्राधिकरणमा



**नेपाल समाचारपत्र**

काठमाडौं

भारतको विद्युतीय सवारी साधन निर्माता कम्पनी महिन्द्रा एन्ड महिन्द्राको आधिकारिक बिक्रेता अग्नि इनर्जी प्रालिले नेपाली बजारमा विगत ५ वर्षदेखि विद्युतीय कारहरू प्रस्तुत गर्दै आएको छ।

यसै क्रममा महिन्द्राका गाडी नेपाल विद्युत प्राधिकरणले प्रयोग गर्ने भएको छ। अग्नि इनर्जीद्वारा नेपाल विद्युत प्राधिकरणका राजीव शर्मा (उपप्रबन्ध निर्देशक) तथा गोपालकुमार लोहिया (निर्देशक) लाई महिन्द्राको महिन्द्रा ई २० प्लस पी ८ मोडेल को गाडी हस्तान्तरण गरिएको थियो। हरियालीतथा स्वच्छ भविष्यको लागि डिजेल र पेट्रोलबाट चल्ने गाडीलाई प्रतिस्थापित गरी सरकारी क्षेत्रबाट महिन्द्रा विद्युतीय गाडीको प्रयोग गर्ने नेपाल विद्युत प्राधिकरण पहिलो भएको छ।

महिन्द्राका गाडी गैरसरकारी संस्थामा पनि विशेष रोजाइमा पर्दछन्।

नेपालमा हालसम्म ४० भन्दा बढी ई २० गाडी गैरसरकारी संस्थाले प्रयोग गर्दै आएका छन्।

यसलाई एकपटक पूरा चार्ज गरेपछि १४० किलोमिटरसम्म ८५ किलोमिटर प्रतिघण्टाको दरमा कुद्न सक्छ।

सरकारी क्षेत्रबाट विद्युतीय गाडीको प्रयोग गरिनुले डिजेल र पेट्रोलबाट हुने वायु प्रदुषणले देशमा पुऱ्याएको वातावरणीय असरलाई केही हदसम्म सहयोग पुग्ने कम्पनीको विश्वास छ। अब केवल सडक करमात्र छुट दिएर नभई सरकारी क्षेत्रबाट नै विद्युतीय गाडीमा अन्य कार्यहरूको प्राविधिक कार्यको सहयोग गर्न विशेष पहल गर्नुपर्ने देखिएको छ।


## हकदावी गर्न आउने ३५ दिने सूचना

कुल रत्न स्थापितको नाति, भाजु रत्न स्थापितको छोरा, का.जि., का.म.न.पा. वडा नं. २५ बाङ्गेमुडा बस्ने **रत्न भाई स्थापित**को मिति २०७४/०९/२७ मा मृत्यु भएकोले यस बैंकमा निजको नाममा रहेको ब.हि.नं. १७८१५२४१७००१४२ को सम्पूर्ण रकम भुक्तानी पांऊ भनि मृतकको जेठो छोरा **सुनिल स्थापित**ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको उक्त रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनु होला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन, २०६३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीको लागि सचित गरिएको छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
शाखा कार्यालय न्यूरोड, काठमाडौं

RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम. एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९१।५० | ८८।५० | ९१।५० | ९१।५० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८९।९० | ८६।९० | ८९।९० | ८९।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०।५० | ८७।५० | ९०।५० | ९०।५० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९०।५० | ८७।५० | ९०।५० | ९०।५० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ९१।५० | ८८।५० | ९१।५० | ९१।५० |
| पोखरा, स्याङजा | ९१।५० | ८८।५० | ९१।५० | ९१।५० |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695, 9855061366), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450), Sindhuli (9854026965, 9851004153), Pathari (9852048341)


## SHARE MARKET

**18 APRIL THURSDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | World Merchant Banking & Finance Ltd. | 1630.00 | 130.00 | 126.00 | 128.00 | 4.00 |
| 2 | Womi Microfinance Bittiya Sanstha Ltd. | 3422.00 | 1690.00 | 1560.00 | 1690.00 | 153.00 |
| 3 | Vijaya laghubitta Bittiya Sanstha Ltd. | 1113.00 | 940.00 | 912.00 | 940.00 | 45.00 |
| 4 | United Modi Hydropower Ltd. | 4323.00 | 224.00 | 208.00 | 224.00 | 11.00 |
| 5 | United Insurance Co. (Nepal) Ltd. | 19556.00 | 1195.00 | 1160.00 | 1185.00 | 13.00 |
| 6 | United Finance Ltd. | 820.00 | 204.00 | 200.00 | 204.00 | 0.00 |
| 7 | Tinau Development Bank Limited | 2201.00 | 227.00 | 221.00 | 227.00 | 7.00 |
| 8 | Taragaon Regency Hotel Limited | 17080.00 | 314.00 | 302.00 | 314.00 | 13.00 |
| 9 | Synergy Power Development Ltd. | 593.00 | 162.00 | 150.00 | 154.00 | -3.00 |
| 10 | Swarojgar Laghu Bitta Bikas Bank Ltd. | 2546.00 | 1723.00 | 1611.00 | 1723.00 | 143.00 |
| 11 | Swadeshi Laghubitta Bittiya Sanstha Ltd. | 42.00 | 1166.00 | 1122.00 | 1166.00 | 66.00 |
| 12 | Swabalamban Laghu Bittiya Sanstha Litd | 12613.00 | 1419.00 | 1315.00 | 1410.00 | 120.00 |
| 13 | Suryodaya Laghubitta Bittiya Sanstha Ltd. | 470.00 | 1479.00 | 1418.00 | 1479.00 | 86.00 |
| 14 | Surya Life Insurance Company Limited | 11290.00 | 775.00 | 737.00 | 773.00 | 37.00 |
| 15 | Sunrise Bank Limited | 29493.00 | 280.00 | 268.00 | 279.00 | 12.00 |
| 16 | Summit Micro Fin Dev Bank Ltd. | 4205.00 | 1169.00 | 1086.00 | 1169.00 | 100.00 |
| 17 | Standard Chartered Bank Limited | 21001.00 | 902.00 | 880.00 | 900.00 | 10.00 |
| 18 | Soaltee Hotel Limited | 19508.00 | 283.00 | 274.00 | 281.00 | 7.00 |
| 19 | Sindhu Bikash Bank Ltd | 162.00 | 163.00 | 160.00 | 163.00 | 6.00 |
| 20 | Siddhartha Insurance Ltd. | 18087.00 | 1037.00 | 960.00 | 1037.00 | 94.00 |
| 21 | Siddhartha Equity Orineted Scheme | 10000.00 | 12.25 | 12.24 | 12.25 | 0.25 |
| 22 | Siddhartha Equity Fund | 48800.00 | 9.99 | 9.90 | 9.95 | 0.05 |
| 23 | Siddhartha Bank Limited | 72656.00 | 370.00 | 345.00 | 365.00 | 25.00 |
| 24 | Shrijana Finance (Bittaya Sanstha) | 3144.00 | 301.00 | 289.00 | 301.00 | -5.00 |
| 25 | Shree Investment Finance Co. Ltd. | 7327.00 | 252.00 | 236.00 | 247.00 | 11.00 |
| 26 | Shine Resunga Development Bank Ltd. | 5400.00 | 324.00 | 312.00 | 320.00 | 14.00 |
| 27 | Shikhar Insurance Co. Ltd. | 8375.00 | 1173.00 | 1112.00 | 1170.00 | 60.00 |
| 28 | Shangrila Development Bank Ltd. | 14576.00 | 210.00 | 200.00 | 207.00 | 8.00 |
| 29 | Saptakoshi Development Bank Ltd. | 4093.00 | 149.00 | 142.00 | 149.00 | 9.00 |
| 30 | Sanima Mai Hydropower Ltd. | 85029.00 | 407.00 | 384.00 | 407.00 | 21.00 |
| 31 | Sanima Equity Fund | 7500.00 | 9.89 | 9.34 | 9.89 | 0.36 |
| 32 | Sanima Bank Limited | 99494.00 | 385.00 | 375.00 | 381.00 | 10.00 |
| 33 | Sana Kisan Bikas Bank Ltd | 9105.00 | 1285.00 | 1220.00 | 1255.00 | 45.00 |
| 34 | Sahayogi Bikas Bank Limited | 4681.00 | 226.00 | 210.00 | 226.00 | 20.00 |
| 35 | Sagarmatha Insurance Co. Ltd. | 3458.00 | 1470.00 | 1425.00 | 1470.00 | 48.00 |
| 36 | Rural Microfinance Dev Centre Ltd. | 11656.00 | 710.00 | 670.00 | 690.00 | 20.00 |
| 37 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 7224.00 | 900.00 | 863.00 | 887.00 | 20.00 |
| 38 | Ridi Hydropower Dev Company Ltd. | 1415.00 | 151.00 | 144.00 | 144.00 | -5.00 |
| 39 | Reliance Finance Ltd. | 6749.00 | 139.00 | 129.00 | 139.00 | 12.00 |
| 40 | Rastriya Beema Co Ltd Promoter Share | 3392.00 | 13469.00 | 12400.00 | 13469.00 | 1224.00 |
| 41 | Rastriya Beema Company Limited | 2654.00 | 13915.00 | 12903.00 | 13915.00 | 1265.00 |
| 42 | Radhi Bidyut Company Ltd | 10737.00 | 224.00 | 207.00 | 224.00 | 14.00 |
| 43 | Purnima Bikas Bank Ltd. | 134.00 | 219.00 | 218.00 | 219.00 | 5.00 |
| 44 | Prudential Insurance Co. Ltd. | 7311.00 | 880.00 | 815.00 | 880.00 | 66.00 |
| 45 | ProgressiveFinance Limited | 1260.00 | 182.00 | 169.00 | 182.00 | 16.00 |
| 46 | Prime Life Insurance Company Limited | 6644.00 | 763.00 | 731.00 | 746.00 | 6.00 |
| 47 | Prime Commercial Bank Ltd. | 71300.00 | 348.00 | 317.00 | 345.00 | 28.00 |
| 48 | Premier Insurance Co. Ltd. | 18082.00 | 1264.00 | 1176.00 | 1264.00 | 75.00 |
| 49 | Prabhu Insurance Ltd. | 28531.00 | 805.00 | 741.00 | 800.00 | 55.00 |
| 50 | Prabhu Bank Limited | 45965.00 | 247.00 | 232.00 | 247.00 | 13.00 |
| 51 | Pokhara Finance Ltd. | 4132.00 | 179.00 | 169.00 | 179.00 | 13.00 |
| 52 | Oriental Hotels Limited | 20167.00 | 640.00 | 609.00 | 640.00 | 32.00 |
| 53 | Om Development Bank Ltd. | 26643.00 | 220.00 | 205.00 | 217.00 | 16.00 |
| 54 | NMB Sulav Investment Fund-1 | 26635.00 | 13.24 | 13.00 | 13.24 | 0.34 |
| 55 | NMB Hybrid Fund L-1 | 142824.00 | 10.08 | 9.70 | 9.89 | 0.19 |
| 56 | NMB Bank Limited | 35631.00 | 490.00 | 476.00 | 486.00 | 7.00 |
| 57 | NMB Microfinance Bittiya Sanstha Ltd. | 1808.00 | 1705.00 | 1550.00 | 1705.00 | 155.00 |
| 58 | NLG Insurance Company Ltd. | 10298.00 | 1028.00 | 941.00 | 1018.00 | 77.00 |
| 59 | Nirdhan Utthan Bank Limited | 2232.00 | 1300.00 | 1230.00 | 1300.00 | 74.00 |
| 60 | NIC Asia Bank Ltd. | 33695.00 | 357.00 | 341.00 | 356.00 | 10.00 |
| 61 | NIBL Samriddhi Fund 1 | 14500.00 | 12.10 | 12.00 | 12.10 | 0.34 |
| 62 | NIBL Pragati Fund | 1010.00 | 9.00 | 9.00 | 9.00 | -0.15 |
| 63 | Ngadi Group Power Ltd. | 1952.00 | 228.00 | 216.00 | 217.00 | -7.00 |
| 64 | Nerude Laghubita Bikas Bank Limited | 6226.00 | 850.00 | 787.00 | 845.00 | 55.00 |
| 65 | Nepal SBI Bank Limited | 9916.00 | 615.00 | 596.00 | 615.00 | 30.00 |
| 66 | Nepal Life Insurance Co. Ltd. | 29712.00 | 1240.00 | 1205.00 | 1230.00 | 30.00 |
| 67 | Nepal Inv Bank Ltd. Promoter Share | 16796.00 | 601.00 | 587.00 | 597.00 | 11.00 |
| 68 | Nepal Investment Bank Limited | 21235.00 | 700.00 | 686.00 | 693.00 | 9.00 |
| 69 | Nepal Insurance Co. Ltd. | 10715.00 | 755.00 | 720.00 | 749.00 | 36.00 |
| 70 | Nepal Hydro Developers Ltd. | 100.00 | 218.00 | 210.00 | 210.00 | -4.00 |
| 71 | Nepal Grameen Bikas Bank Ltd. | 11436.00 | 680.00 | 650.00 | 679.00 | 17.00 |
| 72 | Nepal Doorsanchar Comapany Limited | 4830.00 | 818.00 | 786.00 | 800.00 | 8.00 |
| 73 | Nepal Credit And Com Bank Limited | 34184.00 | 297.00 | 280.00 | 297.00 | 17.00 |
| 74 | Nepal Community Dev Bank Ltd. | 10644.00 | 159.00 | 146.00 | 159.00 | 14.00 |
| 75 | Nepal Bank Limited | 99031.00 | 371.00 | 359.00 | 368.00 | 10.00 |
| 76 | Nepal Bangladesh Bank Limited | 53386.00 | 270.00 | 258.00 | 266.00 | 11.00 |
| 77 | Neco Insurance Co. Ltd. | 15494.00 | 658.00 | 622.00 | 658.00 | 36.00 |
| 78 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 40.00 | 2392.00 | 2392.00 | 2392.00 | 46.00 |
| 79 | National Microfinance Bittiya Sanstha Ltd. | 2428.00 | 2438.00 | 2260.00 | 2438.00 | 221.00 |
| 80 | National Life Insurance Co. Ltd. | 15125.00 | 1435.00 | 1367.00 | 1435.00 | 86.00 |
| 81 | National Hydro Power Company Limited | 26430.00 | 104.00 | 98.00 | 102.00 | 2.00 |
| 82 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 1570.00 | 2499.00 | 2400.00 | 2499.00 | 100.00 |
| 83 | Nabil Equity Fund | 5069.00 | 9.70 | 9.60 | 9.70 | -0.09 |
| 84 | NABIL Bank Limited Promotor Share | 22386.00 | 855.00 | 829.00 | 854.00 | 11.00 |
| 85 | Nabil Bank Limited | 20691.00 | 1076.00 | 1058.00 | 1065.00 | 10.00 |
| 86 | Multipurpose Finance Company Limited | 120.00 | 301.00 | 291.00 | 301.00 | 15.00 |
| 87 | Muktinath Bikas Bank Ltd. | 22175.00 | 453.00 | 442.00 | 449.00 | 7.00 |
| 88 | Mithila LaghuBitta Bikas Bank Ltd. | 1571.00 | 1168.00 | 1079.00 | 1168.00 | 62.00 |
| 89 | Miteri Development Bank Limited | 7445.00 | 350.00 | 325.00 | 350.00 | 31.00 |
| 90 | Mission Development Bank Ltd. | 30.00 | 209.00 | 205.00 | 209.00 | 8.00 |
| 91 | Mirmire Microfinance Development Bank Ltd. | 660.00 | 2950.00 | 2820.00 | 2950.00 | 120.00 |
| 92 | Mero Microfinance Bittiya Sanstha Ltd. | 3788.00 | 1326.00 | 1235.00 | 1326.00 | 101.00 |
| 93 | Manjushree Finance Ltd. | 1590.00 | 146.00 | 143.00 | 143.00 | 2.00 |
| 94 | Mahuli Samudayik Laghubitta Sanstha Ltd. | 801.00 | 2840.00 | 2720.00 | 2840.00 | 140.00 |
| 95 | Mahila Sahayatra Micro Bittiya Sanstha Ltd. | 1035.00 | 832.00 | 785.00 | 832.00 | 32.00 |
| 96 | Mahalaxmi Bikas Bank Ltd. | 18742.00 | 199.00 | 190.00 | 199.00 | 3.00 |
| 97 | Machhapuchhre Bank Limited | 37425.00 | 269.00 | 258.00 | 264.00 | 9.00 |
| 98 | Lumbini General Insurance Co. Ltd. | 15816.00 | 648.00 | 624.00 | 645.00 | 16.00 |
| 99 | Lumbini Bikas Bank Ltd. | 45159.00 | 184.00 | 175.00 | 179.00 | 7.00 |
| 100 | Life Insurance Co. Nepal | 6971.00 | 1825.00 | 1737.00 | 1825.00 | 45.00 |
| 101 | Laxmi Value Fund-1 | 9400.00 | 11.25 | 11.20 | 11.25 | 0.05 |
| 102 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 3556.00 | 1346.00 | 1244.00 | 1343.00 | 93.00 |
| 103 | Laxmi Bank Limited | 18916.00 | 270.00 | 261.00 | 268.00 | 8.00 |
| 104 | Kumari Bank Limited | 193870.00 | 287.00 | 266.00 | 287.00 | 17.00 |
| 105 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 271.00 | 1509.00 | 1425.00 | 1509.00 | 55.00 |
| 106 | Khanikhola Hydropower Co. Ltd. | 442.00 | 142.00 | 140.00 | 142.00 | 1.00 |
| 107 | Karnali Development Bank Limited | 413.00 | 138.00 | 137.00 | 137.00 | 0.00 |
| 108 | Kankai Bikas Bank Ltd. | 3945.00 | 165.00 | 155.00 | 165.00 | 9.00 |
| 109 | Kanchan Development Bank Limited | 1570.00 | 210.00 | 206.00 | 210.00 | 5.00 |
| 110 | Kamana Sewa Bikas Bank Limited | 29361.00 | 180.00 | 168.00 | 180.00 | 10.00 |
| 111 | Kalika Microcredit Development Bank Ltd. | 3769.00 | 1478.00 | 1370.00 | 1468.00 | 124.00 |
| 112 | Kailash Bikas Bank Ltd. | 25749.00 | 258.00 | 250.00 | 257.00 | 10.00 |
| 113 | Kabeli Bikas Bank Limited | 546.00 | 293.00 | 272.00 | 293.00 | 26.00 |
| 114 | Jyoti Bikas Bank Limited | 19298.00 | 171.00 | 162.00 | 167.00 | 2.00 |
| 115 | Jebils Finance Ltd. | 6945.00 | 128.00 | 118.00 | 127.00 | 8.00 |
| 116 | Janata Bank Nepal Ltd. | 82082.00 | 189.00 | 179.00 | 185.00 | 6.00 |
| 117 | Janaki Finance Ltd. | 4829.00 | 199.00 | 181.00 | 199.00 | 12.00 |
| 118 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 38482.00 | 180.00 | 169.00 | 178.00 | 8.00 |
| 119 | IME General Insurance Ltd. | 3345.00 | 1050.00 | 1000.00 | 1050.00 | 50.00 |
| 120 | ICFC Finance Limited | 30036.00 | 216.00 | 204.00 | 215.00 | 15.00 |
| 121 | Himalayan Power Partner Ltd. | 11090.00 | 370.00 | 341.00 | 370.00 | 32.00 |
| 122 | Himalayan General Insurance Co. Ltd | 12812.00 | 532.00 | 513.00 | 525.00 | 2.00 |
| 123 | Himalayan Distillery Limited | 1055.00 | 1297.00 | 1220.00 | 1297.00 | 97.00 |
| 124 | Himalayan Bank Limited | 1947.00 | 680.00 | 665.00 | 673.00 | 21.00 |
| 125 | Hathway Finance Company Limited | 1200.00 | 163.00 | 157.00 | 159.00 | 2.00 |
| 126 | Hamro Bikas Bank Ltd. | 13309.00 | 170.00 | 162.00 | 170.00 | 11.00 |
| 127 | Gurkhas Finance Ltd. | 616.00 | 134.00 | 130.00 | 134.00 | 6.00 |
| 128 | Gurans Life Insurance Company Ltd. | 14511.00 | 1035.00 | 979.00 | 1030.00 | 69.00 |
| 129 | Guheshowori Merchant Bank & Fin Co. Ltd. | 140.00 | 156.00 | 154.00 | 154.00 | -2.00 |
| 130 | Green Development Bank Ltd. | 156.00 | 178.00 | 176.00 | 178.00 | 2.00 |
| 131 | Goodwill Finance Co. Ltd. | 5510.00 | 144.00 | 140.00 | 144.00 | 3.00 |
| 132 | Global IME Samunnat Scheme-1 | 14494.00 | 9.25 | 9.17 | 9.25 | 0.25 |
| 133 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 793.00 | 1326.00 | 1272.00 | 1326.00 | 29.00 |
| 134 | Global IME Bank Limited | 60206.00 | 340.00 | 328.00 | 338.00 | 10.00 |
| 135 | Garima Bikas Bank Limited | 22144.00 | 219.00 | 208.00 | 219.00 | 12.00 |
| 136 | Gandaki Bikas Bank Limited | 10531.00 | 269.00 | 257.00 | 268.00 | 12.00 |
| 137 | Forward Com Microfin Bittiya Sanstha Ltd. | 9141.00 | 2528.00 | 2330.00 | 2514.00 | 215.00 |
| 138 | First Micro Fin Dev Bank Ltd. | 29285.00 | 670.00 | 645.00 | 665.00 | 20.00 |
| 139 | Excel Development Bank Ltd. | 3280.00 | 384.00 | 363.00 | 379.00 | 16.00 |
| 140 | Everest Insurance Co. Ltd. | 1572.00 | 1544.00 | 1470.00 | 1544.00 | 45.00 |
| 141 | Everest Bank Limited Con. Pref. | 120.00 | 660.00 | 637.00 | 660.00 | -3.00 |
| 142 | Everest Bank Limited | 26389.00 | 865.00 | 840.00 | 857.00 | 25.00 |

Total Amount Rs. 1,230,503,180 Total Quantity 2,889,943 Total No of Transactions 12,548

समग्र परिसूचक बढेर शेयर बजारमा उछाल आउँदा पनि रिडी हाइड्रो र डादी हाइड्रोपावर, सिनर्जी पावर, नेपाल हाइड्रो डेभलपर कम्पनी, छ्याङ्दी हाइड्रोपावर, एनआइबील प्रगति फन्ड, सिर्जना फाइनान्स, कर्पोरेट डेभलपमेन्ट बैंक, गुहेश्वरी मर्चेन्ट र नबिल इक्विटी फन्डका लगानीकर्ताले भने गुमाएका छन्

# नेप्सेमा अर्ध शतकको वृद्धिसँगै लगानीकर्ताको आम्दानी ६० अर्ब

**नेपाल समाचारपत्र**

काठमाडौं

निरन्तर ओरालो लागेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) नयाँ वर्षको शुरूआतसँगै वृद्धि हुन थालेको छ। एक सातादेखि वृद्धि जारी रहँदै गर्दा साताको पहिलो दिन आइतबार नेप्से ५० अंकले बढेको छ।

परिसूचक वृद्धिसँगै कारोबार रकममा पनि उल्लेख्य वृद्धि भएको छ। केही दिन अघिसम्म एक अर्बको कारोबार हुन हप्ता दिन कुर्नपर्ने स्थिति रहँदै आएको थियो। तर, पछिल्ला तीन दिनमा एकैपटक अर्बभन्दा बढीको कारोबार हुँदै आएको छ। यस दिन नेप्से ५० दशमलव १८ अंकले वृद्धि भई परिसूचक १४३८ दशमलव ४९ बिन्दूमा पुगेको छ।

कुल १६७ कम्पनीका २८ लाख ८९ हजार कित्ता शेयर १ अर्ब २३ करोड रुपियाँमा कारोबार हुँदै नेप्सेको समग्र पुँजीकरण १६ खर्ब ८७ अर्ब रुपियाँ पुगेको छ। आइतबार लगानीकर्ताले करिब ६० अर्ब रुपियाँ कमाएका छन्। 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पनि १० दशमलव शून्य ८ अंकले बढेर ३०४ दशमलव ११ अंकमा पुगेको छ।

आइतबार सबै उपपरिसूचक वृद्धि भएका छन्। जसमध्ये सबैभन्दा बढी बीमा समूह ३५२ दशमलव ९९ अंक, लघुवित्त समूह १०० दशमलव २३ अंक, जलविद्युत् समूह ८९ दशमलव ९९ अंक, होटल समूह ६५ दशमलव २ अंक, विकास बैंक समूह ६१ दशमलव ६६ अंक, उत्पादक तथा प्रशोधन समूह ४० दशमलव ३८ अंक, बैंकिङ समूह ३९ दशमलव ३१ अंक, वित्त समूह २३ दशमलव १४ अंक र अन्य समूह १२ दशमलव ५७ अंकले बढेको छ।

आइतबार अरूण काबेली पावर, एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था, राष्ट्रिय बीमा कम्पनी र राष्ट्रिय बीमा कम्पनीको संस्थापकको शेयर मूल्य १० प्रतिशतभन्दा बढीले बढेको छ। शेयर मूल्य अधिक बढेका कारण २१ कम्पनीको कारोबारमा सर्किट ब्रेकर लागेको थियो। २० प्रतिशत हकप्रद सुरक्षित गर्ने आइतबार अन्तिम दिन भएको कारण यस दिन कुमारी बैंकको शेयर कारोबार उच्च भएको छ। यस बैंकको १ लाख ९२ हजार कित्ता शेयर ५ करोड ४२ लाख ८८ हजार रुपियाँमा कारोबार भएको थियो।

कुल १६७ कम्पनीका २८ लाख ८९ हजार कित्ता शेयर १ अर्ब २३ करोड रुपियाँमा कारोबार हुँदै नेप्सेको समग्र पुँजीकरण १६ खर्ब ८७ अर्ब रुपियाँ पुगेको छ। आइतबार लगानीकर्ताले करिब ६० अर्ब रुपियाँ कमाएका छन्। 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पनि १० दशमलव शून्य ८ अंकले बढेर ३०४ दशमलव ११ अंकमा पुगेको छ।



त्यसैगरी राष्ट्रिय बीमा कम्पनी संस्थापक समूहको ४ करोड ४० लाख ७२ हजार रुपियाँ, सानिमा बैंक, नेपाल बैंक, नेपाल लाइफ इन्स्योरेन्स, राष्ट्रिय बीमा कम्पनीको साधारण शेयर, चिलिमे हाइड्रोपावर कम्पनी, सिद्धार्थ बैंक र प्राइम कमर्सियल बैंक, सानिमा माई हाइड्रोलगायतका कम्पनीको पनि रकमका आधारमा उच्च कारोबार भएको थियो।

शेयर कित्ताको आधारमा सानिमा र नेपाल बैंक, सानिमा माई हाइड्रोपावर कम्पनी, जनता बैंक, सिद्धार्थ बैंक, प्राइम कमर्सियल, सिटिजन्स बैंक, सेञ्चुरी र ग्लोबल आइएमई बैंक अगाडि रहेका छन्।

समग्र परिसूचक बढेर शेयर बजारमा उछाल आउँदा पनि रिडी हाइड्रो र डादी हाइड्रोपावर, सिनर्जी पावर, नेपाल हाइड्रो डेभलपर कम्पनी, छ्याङ्दी हाइड्रोपावर, एनआइबील प्रगति फन्ड, सिर्जना फाइनान्स, कर्पोरेट डेभलपमेन्ट बैंक, गुहेश्वरी मर्चेन्ट र नबिल इक्विटी फन्डका लगानीकर्ताले भने गुमाएका छन्। बैंक तथा वित्तीय संस्थाले तेस्रो त्रैमासको वित्तीय विवरण सार्वजनिक गरिरहेको स्थिति तथा राजनीतिक वातावरण पनि सुधार हुँदै गएको परिस्थितिमा लगानीकर्ताहरू उत्साहित भएको भनिए पनि एक्कासी शेयर बजारमा देखिएको वृद्धिमा खासै तुक नभएको विश्लेषकहरूको भनाइ छ। विगतमा कुनै तुकबिना नेप्सेमा गिरावट आएजस्तै अहिले बढेको हो। यस्तो वृद्धि हुने क्रम केही समय जारी रहने र नेप्से करिब १५५० को हाराहारीमा पुगेपछि करेक्सन हुने बताइएको छ।

## PRESS RELEASE

### हिरोका विजेता चयन




काठमाडौं, (नेस)

नेपालको लागि हिरो मोटरसाइकलको आधिकारिक बिक्रेता नेपाल जेनरल मार्केटिङ प्रालिले नयाँ वर्ष, २०१८ को उपलक्ष्यमा सञ्चालन गरेको न्यु इयरमा पर्छ पर्छ भन्ने योजनाअन्तर्गतका विजेताको नाम लक्की ड्रमार्फत् घोषणा गरेको छ।

यस योजनाअन्तर्गत प्रथम पुरस्कारवापत सय प्रतिशत रकम फिर्ता पाउन सफल विजेतामा मुस्तकिम बैढा कुपन नं. २९७५ डी ९, रामराजा शाह कुपन नं. ५ एफयु ९ जे बी, हरिनारायण प्रसाद शाह कुपन नं. एमजी३५ए७, पुनमकुमारी चौधरी कुपन नं एचए१६डीए रहेका छन्। त्यस्तै दोस्रो पुरस्कारवापत ७५ प्रतिशत रकम फिर्ता पाउने विजेतामा बसु थापा कुपन नं. युभी ८८५७, मधु चौधरी कुपन नं. भीएक्सवाईएबीए, सिंहबहादुर राई कुपन नं. ११एसजेडवाईडब्लु र ज्योति मैनाली कुपन नं. जेडटी७पीवाईएस छन्।

तेस्रो पुरस्कारवापत ५० प्रतिशत रकम फिर्ता पाउने विजेतामा अजोधयाप्रसाद चौधरी कुपन नं. एसईआर४जे२, ढुण्डीराज गौतम कुपन नं. ८बी३एच५एच, रमेशकुमार मेहता कुपन नं. ५ एक्सएचएस४क्यु र सहिल मुसलमान कुपन नं. डीए १ केजीजे रहेका छन्। यस योजनाअर्न्तगत हिरो मोटर साइकल तथा स्कुटर किन्ने ग्राहकले स्क्र्याच कार्डबाट ५ हजारदेखि१ लाख रुपियाँसम्म जित्न सक्ने तथा हरेक १५ दिनमा बम्पर लक्की ड्र मार्फत् एक एकजनाले प्रथम पुरस्कार स्वरूप सय प्रतिशत रकम फिर्ता, दोस्रो पुरस्कारस्वरूप ७५ प्रतिशत रकम फिर्ता र तेस्रो पुरस्कारस्वरूप ५० प्रतिशत रकम फिर्ता प्राप्त गर्न सकिने थियो।

### एनएमबि बैंकको सातौं हेरिटेज वाक

काठमाडौ, (नेस)

एनएमबि बैंकले विश्व सम्पदा दिवसको अवसरमा सातौं एनएमबि बैंक हेरिटेज वाक - २०१८ आयोजना गरेको छ। बैंकले राजधानीलगायत अन्य क्षेत्रीय कार्यालयमा समेत विभिन्न कार्यक्रमको आयोजना गरी देशव्यापी रूपमा सातौ एनएमबि बैंक हेरिटेज वाक - २०१८ मनाएको हो।

यस कार्यक्रमको मुख्य उद्देश्य आम जनमानसमा ऐतिहासिक सम्पदाको महत्व बुझाउनु तथा भावी सन्ततीका लागि तीनको संरक्षण गर्नु र सोको चेतना जगाउनु रहेको छ। सातौं एनएमबि बैंक हेरिटेज वाक - २०१८ को उद्घाटन एनएमबि बैंकका संचालकहरू तथा प्रमुख कार्यकारी अधिकृतले संयुक्त रूपमा गरेका थिए।

# वैकल्पिक ऊर्जामा युरोपेली लगानी बैंकले सघाउने

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपालको वैकल्पिक ऊर्जा तथा ग्रामीण सडक विस्तार लगाएतका परियोजनामा युरोपेली लगानी बैंकले सघाउने भएको छ। युरोपेली लगानी बैंककी एसिया-प्रशान्त विभाग प्रमुख एन्जिला मार्कानोले सो जानकारी दिनुभएको हो।

साता ब्यापी नेपाल भ्रमणमा रहनु भएकी मार्कोले अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखाका प्रमुख केबल भण्डारीसँग आइतबार भएको भेटमा उहाँले उक्त प्रतिबद्धता जनाउनु भएको बताइएको छ।

**मेगा बैंक नेपाल लिमिटेडको**

**बचत खातामा हकदावी सम्बन्धी ३५ दिने सूचना**

अछाम जिल्ला साफेबगर नगरपालिका वडा नं. ३ निवासी कालु विष्टकी नातिनी नन्द सिंह विष्टकी छोरी तथा दिप बहादुर कुँवरकी श्रीमती चन्दा कुँवरको मिति २०७३ चैत्र २ गते मृत्यु भएकाले निजको नाममा यस बैंकको धनगढी शाखामा रहेको बचत खाता नम्बर ०१६००५००३८६३९ बन्द गरी उक्त बचत खातामा रहेको रकम मृतकको छोरा हर्क बहादुर कुँवरले पाउँ भनि कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त बचत खाता उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यस सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र अधिकारवाला हकदारले सबुत प्रमाण सहति दावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कुनै पनि हकवालाको निवेदन नपरेको अवस्थामा निवेदकको माग बमोजिम उक्त खाताको रकम निवेदकलाई प्रदान गर्ने व्यहोरा जानकारी गराइन्छ । साथै म्याद भित्र प्राप्त नभएको र रित नपुगेको हक दावीको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

**मेगा बैंक नेपाल लिमिटेड**, राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९
फोन नं.: ९७७-१-४१६९२१७, फ्याक्स नं.: ९७७-१-४१६९२१५, वेबसाइट: www.megabanknepal.com

तपशिल

| सि. नं. | मालवस्तुको बिवरण | आकार /प्रकार | ब्राण्ड | मौडेल | क्षमता | उत्पतिको मुलुक | ईकाइ | प्रति ईकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य -MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AIR CONDTIONER | | SKYWORTH | SMFH12B-2A2A1NA | | CHINA | 1 | | 56900 | |
| 2 | AIR CONDITIONER | | SKYWORTH | SMVH12B-2A2A1NF | | CHINA | 1 | | 71500 | |
| 3 | AIR CONDITIONER | | SKYWORTH | SMFH18B-4A2A1NA | | CHINA | 1 | | 77400 | |
| 4 | AIR CONDITIONER | | SKYWORTH | SMVH18B-4A1A1NC | | CHINA | 1 | | 107100 | |
| 5 | AIR CONDITIONER | | SKYWORTH | SMFH24B-4A1A1NA | | CHINA | 1 | | 86900 | |

बिक्रेताको नाम : SMART APPLIANCES PVT LTD स्थायी लेखा नं.:600821265
ठेगाना : SANOGAUCHARAN,KATHMANDU फोन नं.: 014443738

**राष्ट्रिय सहकारी बैंक लिमिटेड**

केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुरको

**कर्जा चुक्ता गर्ने बारे ३५ दिने सूचना**

(प्रकाशित मिति २०७५/०१/१० गते)

यस बैंकको तपशिलमा उल्लेखित ऋणी संस्थाले उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा हाल सम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार ताकेता गर्दा समेत संस्थाले तिर्न बझाउनु पर्ने कर्जाको साँवा, व्याज, दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता बुझाउन आउने यो ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकलाई बुझाउनुपर्ने कर्जाको साँवा, व्याज तथा हर्जना समेत बुझाउन हुन सम्बन्धित ऋणी संस्था र धनजमानी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई सूचित गरिन्छ। सो म्याद भित्र बक्यौदा भएको सम्पूर्ण कर्जा रकम चुक्ता नगरेमा ऋण लिदां यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा वा कथम कदाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीहरुको वा नीजहरुको एका घरसंगोल परिवारको नाममा रहको चलअचल सम्पत्ती वा ऋण लिदाँ जमानी दिनेको नाममा रहेको वा नीजहरुको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट सहकारी ऐंन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरिलिने तथा ऋणी संस्थाका पदाधिकारीहरुलाई कालोसूचीमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराइन्छ ।

तपशिल

| क्र.सं. | ऋणी संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १. | विशुद्ध बचत तथा ऋण सहकारी संस्था लि. | स्यूचाटार कलंकी, काठमाडौं |
| २. | त्रिदेव बचत तथा ऋण सहकारी संस्था लि. | विरगंज-१६, पर्सा |
| ३. | डाँफे बचत तथा ऋण सहकारी संस्थ लि. | भ्वानिपुर-६, पर्सा |

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: कुपण्डोल, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop



# भारत च्याम्पियन



नेपालका रोशनबहादुर दोङ भुटानका तासिवाङ चुकसँग भिड्दै। *तस्वीर : उज्जोल डंगोल*

**नेपाल समाचारपत्र**

काठमाडौं

आठौं दक्षिण एसियाली जुडो च्याम्पियनसिपको दोस्रो दिन भारत ६ स्वर्ण जित्दै च्याम्पियन बनेको छ।

अघिल्लो दिन ४ स्वर्ण जितेको भारत समग्रमा १० स्वर्ण जित्दै च्याम्पियन बनेको हो। नेपालले पहिलो दिन पनि १ स्वर्ण जितेको थियो। भारतले कुल १० स्वर्ण र ३ कांस्य जितेको छ। नेपालले २ स्वर्ण, ६ रजत र १३ कांस्य जित्दै दोस्रो स्थान हात पार्दा २ स्वर्ण ३ रजत र ३ कांस्य जितेको पाकिस्तान तेस्रो भयो। श्रीलंका, बंगलादेश र भुटानले स्वर्ण जित्न सकेनन्।

प्रतियोगिताको दोस्रो दिन घरेलु टोली नेपालका लागि इन्द्रबहादुर श्रेष्ठले मात्र स्वर्ण जितेका हुन्। दोस्रो दिन अन्तिम प्रतिस्पर्धाका रूपमा रहेको पुरुष ६६ केजीमुनि तौल समूहमा नेपालका इन्द्रले पाकिस्तानका बाबर हुसेनलाई पराजित गरेका थिए। उनले सेमिफाइनलमा भारतका अंकित विस्टलाई हराएका थिए। भारतमा भएको १२औं साग गेम्समा कांस्य जितेका १९ वर्षीय इन्द्र एसियन गेम्सको तयारीमा छन्। पुरुष ७३ केजीमुनि र ८१ केजीमुनि तथा महिला ७८ केजीमुनि नेपालका खेलाडीहरू भारतका खेलाडीसँग पराजित भए। पुरुष ७३ केजीमुनि भारतका अजय यादवले नेपालका सन्जित डंगोललाई इप्पोन र वाजरीमा पराजित गर्दै स्वर्ण जिते। नेपालका जंगबहादुर सरु र पाकिस्तानका नदिम अक्रमले कास्य जिते।

पुरुष ८१ केजीमुनि भारतका दिवेशले नेपालका सञ्जय महर्जनलाई पराजित गर्दै स्वर्ण जिते। पाकिस्तानका अब्बास मुहमद र श्रीलंकाका श्रीहर्ष पिरेसले कांस्य जिते। महिला ७८ केजीमुनि भारतका जिनादेवी चाङ्तोमले नेपालका पुनम श्रेष्ठलाई हराउँदै स्वर्ण जितिन्। नेपाली खेलाडी पुनम लगातार ३ फल खेल्दै खेलमा डिस्क्वालिफाई भएपछि भारतीय खेलाडीले गोल्डेन स्कोरमा खेल जितेको हो। निर्धारित ४ मिनेटको समयमा दुवै खेलाडीले बराबरी खेलेका थिए। नेपालकी भावना घर्ती मगर र पाकिस्तानका बिनिस खानले कांस्य जिते। महिला ७८ केजीमाथि भारतीय खेलाडी तुलिका मानले श्रीलंकाका मालिनी शिल्भालाई पराजित गर्दै स्वर्ण जितिन्। बंगलादेशका लोपा तहमिना अख्तर र नेपालका आकृति जोशीले कांस्य जिते।

यसै गरी पुरुष ६० केजीमुनि भारतका विजय यादवले श्रीलंकाका मिलिन्दा नेविरत्नेलाई हराउँदै स्वर्ण जिते। नेपाली खेलाडीद्वय राशनबहादुर दोङ र उमेर मगरले कांस्य पदक हात पारे। महिला ७० केजीमुनि भारतकी गरिमा चौधरीले लिग चरणका चारवटै खेल जित्दै स्वर्ण पदक जितिन्। उनले नेपालकी सुनीता मगर र सम्झना चौधरी, बंगलादेशकी फरिना खानोन र श्रीलंकाकी रुवानी जयारत्नलाई पराजित गरिन्। सोमबार टिम च्याम्पियनसिपतर्फ प्रतिस्पर्धा हुनेछ।

# नेपाल तेक्वान्दो संघले मात्र खेल्ने

काठमाडौं, (नेस)

नेपाल तेक्वान्दो संघले आफ्नो मातहतमा रहेका खेलाडीले मात्र इन्डोनेसियाको जाकार्तामा आयोजना हुने एसियाली खेलकुदमा भाग लिन पाउने प्रस्ट पारेको छ।

तेक्वान्दो संघ र राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा दर्ता रहेको अर्को संघ राष्ट्रिय तेक्वान्दो युनियनले पनि एसियाडका लागि खेलाडी छनोट गरेपछि तेक्वान्दोको सहभागितामा विवाद सिर्जना भएको हो। तेक्वान्दो संघका महासचिव दीपराज गुरुङले विभिन्न सञ्चारमाध्यममा दुई तेक्वान्दो संघका खेलाडीबीच अन्तिम छनोट हुने भन्ने समाचार प्रकाशित भएकोतर्फ संघको ध्यानाकर्षण भएको बताए।

उनले भने- 'हाम्रो संघअन्तर्गत रहेका खेलाडीले मात्र एसियाड खेल्न पाउनेछन्। अलग संघका रूपमा राखेपका दर्ता भएका कुनै पनि संघले गरेको काममा हामीलाई आपत्ति छैन। तर, कुनै संघले हाम्रो काममा दखल दिन्छ भन्ने त्यसमा मौन बस्न सकिन्नँ। फेरि छनोट खेलाउने कुनै सम्भावना छैन। हामीले खेलाडी छनोट गरेर प्रशिक्षणलाई अघि बढाइसकेका छौं। एसियाडको सहभागिता प्रक्रिया पनि अघि बढिसकेको छ।'

एसियाडमा सहभागिताका विषयमा परेको विवाद यो नयाँ होइन। सन् २०१४ को इन्चोन एसियाडमा पनि नेपालका दुई वटा कराँते टोलीले भाग लिएको थियो। यसपटक तेक्वान्दो पनि त्यस्तो विवाद देखिने सम्भावना बढेपछि तेक्वान्दो संघले आफ्नो धारणा सार्वजनिक गर्न आइतबार राजधानीमा पत्रकार सम्मेलनको आयोजना गरेको थियो। यस विषयमा राखेप वा नेपाल ओलम्पिक कमिटी (एनओसी) ले भने अहिलेसम्म आधिकारीक धारणा प्रस्तुत गरेको छैन।

# हिमगंगालाई भलिबल उपाधि

काठमाडौं, (नेस)

द युथ पावर नेपालको आयोजनामा ओखलढुंगामा सञ्चालित दोस्रो खुला राष्ट्रिय पुरुष भलिबल प्रतियोगिताको उपाधि हिमगंगा रामेछापले जितेको छ। पर्यटन, शिक्षा र सामाजिक विकासका लागि खेलकुद भन्ने नाराका साथ लिखु

गाउँपालिकास्थित गाम्नाटारमा शनिबार साँझ सम्पन्न प्रतियोगिताको फाइनल खेलमा हिमगंगाले खिम्तीले मबा गाउँपालिकालाई २५-२१ र २५-२३ ले पराजित गर्‍यो। प्रतियोगितामाले लिखु क्वबले तेस्रो स्थान हात पार्‍यो। समय अभावका कारण दुई पक्षको सहमतिमा बेस्ट अफ थ्रीको आधारमा खेल भएको थियो। प्रतियोगितामा उपधि विजेता टोलीका विशाल विक उत्कृष्ट खेलाडी घोषित भए। यसै गरी, उत्सव खड्का बेस्ट लिफ्टर, घनस्याम चौधरी बेस्ट स्पाइकर, भुवन कार्की बेस्ट ब्लकर तथा सञ्जीव गुरुङ बेस्ट डिफेन्डर घोषित भए।

लिगकम नकाउटका आधारमा सञ्चालन प्रतियोगिताको विजेता टिमले १ लाख ५५ हजार ५ सय ५५ रुपियाँ प्राप्त गर्‍यो। यसै गरी, दोस्रो हुनेले ७७ हजार ७ सय ७७ तथा तेस्रोले ४४ हजार ४ सय ४४ नगद प्राप्त गरे। प्रतियोगिताको उत्कृष्ट खेलाडीले ५ हजार ५ सय ५५ रुपियाँ नगद प्राप्त गर्नेछन्। विधागत उत्कृष्टले पनि जनही १५ सय रुपियाँ पुरस्कार प्राप्त गरे। प्रतियोगिताको विजयी टोलीलाई आयोजक संयोजक युवराज थापा, दीपक श्रेष्ठ र लोकदोहोरी गायक प्रकाश कटुवाललगायतले पुरस्कार वितरण गरेका थिए।

## धरहरा

### जुत्ता खुस्किएला हैं !



एकले अर्कोको अस्तित्व स्वीकार्न नसक्ने, अर्कोलाई सम्मान गर्न नसक्नेहरू झन्डै ६ महिनायता एक भएर अघि बढ्ने दाबी गर्दै आएका छन्। तर, एक हुन सकेका छैनन्। अल्लारे उमेरका 'गलफ्रेन्ड' र 'ब्वाइफ्रेन्ड' झैं बनेका छन् एमाले र माओवादी।

दुवै हरेक दिनजसो 'बार्गेनिङ' गर्छन्। 'बार्गेनिङ' को विस्तृत व्यहोरा धरहराले बताइरहनुपर्दैन, पाठकवृन्दलाई घामझैं थाहा भएकै कुरा हो। कहिले कम्युनिस्ट पार्टी स्थापनाको दिन एकता घोषणा हुन्छ भन्ने कहिलेचाहिँ तयारी पुग्या छैन भन्ने, खै के खै के ? एमाले अध्यक्ष ओलीले आइतबार जुत्ता मिलेन भने खुट्टा ताछेर भए पनि मिलाउने कुरा गर्‍या सुनियो।

आफूसँग जोरी खोज्दै आएका र जोरी खोज्न सक्ने सम्भावित पात्रहरूलाई यही मौकामा 'किक आउट' नगरेसम्म जुत्तासँधै साँघुरै हुन्छ नि कम्रेड!' कि जुत्ता फराकिलो बनाउनुपर्‍यो। जुत्ता फराकिलो बनाउँदा फेरि खुकुलो भएर जुनसुकै बेला खुट्टा फुत्त फुत्त बाहिर निस्कने डर। जे गरे नि हाइसञ्चो नहुने भो। राजनीति भन्या यही होला।

अस्ती खै कहिले प्रचण्ड कम्रेड त तनाव धपाउन उता सुकुटेतिर गएर आए क्यार, अब पीएमज्यूले पनि कतै पुगेर तनाव धपाएर जुत्ता बनाउने जुक्ति खोज्ने हो कि ? आखिर दुवैतर्फको जुत्ताको साइज थाहा भएकै हो क्यारे!

# यु-१२ टिम टेनिस आजदेखि

काठमाडौं, (नेस)

अखिल नेपाल लनटेनिस संघको आयोजनामा आईटीएफ एसिया यु-१२ टिम टेनिस च्याम्पियनसिपका लागि दक्षिण एसियाली क्षेत्रको छनोट प्रतियोगिता सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा सोमबारदेखि शुरू हुँदै छ। प्रतियोगिताको ब्वाइजमा नेपाल, भारत, श्रीलंका, भुटान र पाकिस्तान गरी ५ राष्ट्रको सहभागिता रहने लनटेनिस संघकी अध्यक्ष ज्योति राणाले आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइन्। गर्ल्समा ब्वाइजमै सहभागीमध्ये पाकिस्तानबाहेक ४ राष्ट्रको मात्र सहभागिता रहने लनटेनिस संघका सदस्य एवं प्रतियोगिता निर्देशक अजय विष्टले जानकारी दिए। ब्वाइज/गर्ल्समा प्रत्येक राष्ट्रबाट ३ खेलाडी हुनेछन्। टिममा २ सिंगल्स र १ डबल्समा प्रतिस्पर्धा हुनेछ।

# युनाइटेड र चेल्सी फाइनलमा

***लन्डन, (एजेन्सी)।*** *म्यानचेस्टर युनाइटेड र चेल्सीले एफए कपको फाइनलमा भिड्ने भएका छन्।*

*प्रतियोगिताअन्तर्गत आइतबार भएको दोस्रो सेमिफाइनलमा चेल्सीले साउथह्यामप्टनलाई २-० ले पराजित गरेपछि उपाधिका लागि युनाइटेडसँग भेट पक्का गरेको हो। चेल्सीलाई जित दिलाउन गिरौद र मोराटाले एक-एक गोल गरेका थिए। यसअघि शनिबार राति भएको पहिलो सेमिफाइनलमा टोटेनह्याम हटस्परलाई २-१ ले हराउँदै म्यानचेस्टर युनाइटेडले पनि एफए कपको फाइनलमा स्थान पक्का गरेको थियो। यी दुईबीच फाइनल आगामी शनिबार बेम्ब्लेमा हुनेछ।*

# बार्सिलोना लगातार चौथोपटक च्याम्पियन



लन्डन, (एजेन्सी)

बार्सिलोनाले स्पेनिस घरेलु फुटबलको प्रतिष्ठित प्रतियोगिता कोपा डेल रे कप लगातार चौथोपटक जितेको छ।

प्रतियोगिताअन्तर्गत शनिबार राति भएको फाइनलमा सेभियालाई ५-० को फराकिलो गोलअन्तरले हराउँदै बार्सिलोनाले लगातार चौथोपटक उक्त उपाधि उचालेको हो। बार्सिलोनाको यो ऐतिहासिक सफलता हो। लगातार चौथोपटक यस प्रतियोगिताको उपाधि जित्दै इतिहास रचेको बार्सिलोना समग्रमा ३०औं पटक उपाधि च्याम्पियन बनेको हो। यस प्रतियोगितामा बार्सिलोना १० पटक उपविजेतासमेत बनिसकेको छ। राजधानी मेड्रिडस्थित इस्टेडियो वान्डा मेट्रोपोलिटानोमा भएको खेलमा बार्सिलोनालाई सहज जित दिलाउन लुइस स्वारेजले २ गोल गर्दा लियोनल मेसी, आन्द्रे इनिएस्टा र फिलिप कौटिन्होले १-१ गोल आफ्नो नाममा लेखाएका थिए।

बार्सिलोनालाई सानदार जित दिलाउन लुइस स्वारेजले खेलको १४औं मिनेटमा गोलको खाता खोलेका थिए। यस्तै खेलको ३१औं मिनेटमा लियोनेल मेसीले गोल गर्दै बार्सिलोनाको अग्रता दोबर पारेका थिए। खेलको ४०औं मिनेटमा स्वारेजले व्यक्तिगत दोस्रो गोल गर्दै पहिलो हाफसम्म बार्सिलोनालाई ३-० को अग्रता दिलाएका थिए।

यसै गरी खेलको ५२ औं मिनेटमा आन्द्रेस इनिएस्टाले बार्सिलोनाको गोल संख्या ४ पुर्‍याए। यस्तै कौटिन्होले खेलको ६९औं मिनेटमा पेनाल्टीमार्फत् गोल गर्दै बार्सिलोनाको पाँचौं गोल सम्भव पारे। लुइस स्वारेजको ब्याकहिल प्रहार आफ्नो डी एरियामा उभिएका सेभियाका क्लेमेन्ट लेङ्लेटको हातमा लागेपछि रेफ्रीले बार्सिलोनालाई उक्त पेनाल्टीको अवसर दिएका थिए।






कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ